मङ्सिर – २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| वर्ष २४, अङ्क १६ | २०७२, मङ्सिर १६–२९ | पूर्णाङ्क ५६२ |
| --- | --- | --- |





प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

# प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद्** : उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

---

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | १ |
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | ५ |
| इजलास नं. १ | २१ |
| इजलास नं. २ | २० |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | १९ |
| इजलास नं. ५ | ७ |
| इजलास नं. ६ | १० |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | १ |
| एकल इजलास | १ |
| अन्तरिम आदेश | २ |
| जम्मा | ९६ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७...  ...  ....   १ वा २, पृष्ठ ....

(साल)  (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, मङ्सिर – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-३** |
| १. | उत्प्रेषण / परमादेश | अमृतकुमार शर्मा वि. नेपाल सरकार | |
| **पूर्ण इजलास** | | | **३-४** |
| २. | उत्प्रेषण / परमादेश | यादव अधिकारी वि. मृत्युञ्जय राज पाण्डे | |
| **संयुक्त इजलास** | | | **४-७** |
| ३. | उत्प्रेषण / परमादेश | मीनबहादुर अर्यालसमेत वि. मालपोत कार्यालय, भक्तपुरसमेत | |
| ४. | उत्प्रेषण | मधुमाया योगी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत | |
| ५. | उत्प्रेषण / परमादेश | विजयबहादुर सिलवाल वि. सर्वेन्द्रनाथ शुक्ला | |
| ६. | उत्प्रेषण / परमादेश | रघुनाथ महर्जन वि. राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाडौंसमेत | |
| ७. | परमादेश | मोहन बानियाँसमेत वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **७-१८** |
| ८. | उत्प्रेषण / परमादेश | ऋतबहादुर थापामगर वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत | |
| ९. | उत्प्रेषण | वीरेन्द्र सिंह विष्ट वि. सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय, धनगढी, कैलालीसमेत | |
| १०. | परमादेश | प्रमोदकुमार झा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | |
| ११. | निषेधाज्ञा / परमादेश | राजविराज भन्सार कार्यालय, सप्तरी वि. वौका मलाहा | |
| १२. | परमादेश | त्रियुगा नगरपालिका कार्यालय, गाइघाट वि. गुजाई चौधरी | |
| १३. | उत्प्रेषण / परमादेश | रामुराय यादव वि. नेपाल सरकार | |
| १४. | छुट जग्गा दर्ता हक कायम | विशो भन्ने केशवप्रसाद कोइराला वि. युवराज भन्ने बद्रिप्रसाद पोखरेल | |
| १५. | जबरजस्ती करणी | प्रमोद शाही वि. नेपाल सरकार | |
| १६. | अग्रिम आयकर | कर प्रशासक सुरेश प्रधान वि. श्रीमती सागर जैन | |
| १७. | उत्प्रेषण / परमादेश | प्रदिप मित्तल वि. जिल्ला विकास समिति, झापा, चन्द्रगढीसमेत | |
| १८. | नामसारी निर्णय बदर | सुषमाकुमारी देवी सुब्बा वि. डोगियादेवी थरूनी | |
| १९. | लागु औषध ब्रुपिनर्फिन | नेपाल सरकार वि. राम दवाडीसमेत | |
| २०. | अंश | सीताराम कुर्मी वि. गोपाल कुर्मी | |
| २१. | अंश दर्ता | राधिकादेवी दुसाधीन वि. रतन हजरा दुसाधसमेत | |
| २२. | निर्णय बदर हक कायम | अकलान्तसागर ताम्राकार वि. नारायणबहादुर सिलवाल | |
| २३. | लिखत दर्ता बदर | धनराज अहिरसमेत वि. सीमाकुमारी चौधरीसमेत | |
| २४. | कर्तव्य ज्यान | बीरबहादुर ओलीसमेत वि. नेपाल सरकार | |
| २५. | जबरजस्ती करणी | नेपाल सरकार वि. कल्लु भन्ने मोहम्मद सलिम मुसलमान | |

| | | |
|---|---|---|
| २६. | कुटपिट अङ्गभङ्ग | नेपाल सरकार वि. बेचु गोइतसमेत |
| **इजलास नं. २** | | **१९-३३** |
| २७. | जग्गा दर्ता | मालपोत कार्यालय, कास्की वि. बामदेव बास्ताकोटी |
| २८. | घर जग्गा खिचोला | रामचन्द्र साह वि. सुरेन्द्रप्रसाद पटेल |
| २९. | अंश | बिमल कार्कीसमेत वि. अर्चना कार्की |
| ३०. | परमादेश | दिपेन्द्र कार्की वि. गोपालबहादुर रोका |
| ३१. | लिखत बदर | दवा छ्युसुङ गुरूङ वि. अन्जना डङ्गोल |
| ३२. | निषेधाज्ञा | सानुभाइ अधिकारी वि. गोपाल लोहनी |
| ३३. | जबरजस्ती करणी | नेपाल सरकार वि. दिलिप राई |
| ३४. | संरक्षित वन्यजन्तु कस्तुरी मृग चोरी शिकारी गरेको | चन्द्रबहादुर गुरूङ वि. नेपाल सरकार |
| ३५. | ज्यान मार्ने उद्योग र डाँका | नेपाल सरकार वि. सुरेशप्रसाद यादवसमेत |
| ३६. | दोहोर्‍याई हर हिसाब गरिपाउँ | कृषि विकास बैंक लि. मुख्य कार्यालय, काठमाडौंसमेत वि. राधेश्याम शर्मा |
| ३७. | लिखत निर्णय दर्ता बदर | रामरतन यादवसमेत वि. रामजी यादवसमेत |
| ३८. | अबन्डा जग्गा अंश हक कायम | विन्दा देवी साह वि. राम दिनेश शाहसमेत |
| ३९. | अंश चलन | नसिवलाल यादवसमेत वि. विष्णुदेव यादव |
| ४०. | उत्प्रेषण / परमादेश | कमलेश द्विवेदी वि. नेपाल सरकार |
| ४१. | कर्तव्य ज्यान | मैया ठकुरी वि. नेपाल सरकार |
| ४२. | कर्तव्य ज्यान | सुवास राई वि. नेपाल सरकार |
| ४३. | कर्तव्य ज्यान | प्रेमबहादुर गिरी वि. नेपाल सरकार |
| ४४. | कर्तव्य ज्यान | रफिक अन्सारी वि. नेपाल सरकार |
| ४५. | जबरजस्ती करणी | सलबहादुर विश्वकर्मा वि. नेपाल सरकार |
| ४६. | उत्प्रेषण / परमादेश | अशोक श्रेष्ठ वि. ललितपुर उपमहानगरपालिकाको कार्यालय, पुल्चोक, ललितपुरसमेत |
| **इजलास नं. ३** | | **३३-३९** |
| ४७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नुमा बजागाई |
| ४८. | प्रतिषेध / परमादेश | प्रा.डा.सूर्यबहादुर कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत |
| ४९. | जबरजस्ती चोरी | नेपाल सरकार वि. पप्पु नेपालीसमेत |
| ५०. | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. मिलन भन्ने रोशन वि.क. |

| | | |
|---|---|---|
| ५१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लक्ष्मण भट्ट |
| ५२. | बन्दी प्रत्यक्षीकरण | अधिवक्ता पुष्पराज पौडेल वि. काठमाडौं जिल्ला अदालतसमेत |
| इजलास नं. ४ | | ३९-५१ |
| ५३. | उत्प्रेषण | सुनिल सिंखडा वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत |
| ५४. | उत्प्रेषण | दिपेन्द्र सापकोटा वि. सिन्धुपाल्चोक जिल्ला अदालत, सिन्धुपाल्चोक |
| ५५. | मानव बेचबिखन तथा ओसार पसार | रामप्रसाद भुषाल वि. नेपाल सरकार |
| ५६. | अंश चलन | भगवती देवी उप्रेती वि. अन्नपूर्ण उप्रेती |
| ५७. | उत्प्रेषण / परमादेश | तुलसीराम सेढाई वि. महेशकुमार जाजू |
| ५८. | निषेधाज्ञा | अजिजुल खाँ वि. जिल्ला प्रहरी कार्यालय, बाँकेसमेत |
| ५९. | जग्गा खिचोला | मोहनबहादुर थापासमेत वि. गिरीराज सुवेदी |
| ६०. | धितो रोक्का बदर गरी फुकुवा गरिपाउँ | विन्देश्वरी कोइरी वि. रामराज कोइरी |
| ६१. | धितो रोक्का बदर गरी फुकुवा गरिपाउँ | कलावती कोइरी वि. रामराज कोइरी |
| ६२. | जबरजस्ती करणी | नेपाल सरकार वि. यमबहादुर कुमाल |

| | | |
|---|---|---|
| ६३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भोनु थारूसमेत |
| ६४. | दर्ता बदर दर्ता | लालबहादुर तामाङ वि. राजेन्द्रकुमार जोशी |
| ६५. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. सावित्री चौधरीसमेत |
| ६६. | जबरजस्ती करणी | नेपाल सरकार वि. देवबहादुर थापा |
| ६७. | सवारी ज्यान | नेपाल सरकार वि. रामसुन्दर सहानी |
| ६८. | छुट जग्गा दर्ता नामसारी | भूमि सुधार तथा व्यवस्था मन्त्रालय वि. नन्दकुमार बस्नेतसमेत |
| ६९. | आगो लगाएको | नेपाल सरकार वि. रूद्रबहादुर बजगाई |
| ७०. | करार बमोजिम आदेश | रविन लामा तामाङसमेत वि. सज्जन लामासमेत |
| ७१. | परमादेश | डा. भाइकाजी तिवारी वि. लक्ष्मी महर्जन (देवकोटा) |
| इजलास नं. ५ | | ५१-५८ |
| ७२. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. कृष्ण सिंह सुयल |
| ७३. | कर्तव्य ज्यान | मस्तकिना खातुन वि. नेपाल सरकार |
| ७४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रमावती पासीसमेत |
| ७५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. तिलबहादुर क्षेत्रीसमेत |
| ७६. | उत्प्रेषण / परमादेश | सोमिन्त्रा देवी खत्वे वि. पुनरावेदन अदालत, राजविराज, सप्तरीसमेत |

| | | |
|---|---|---|
| ७७. | शेषपछिको बकसपत्र | ध्रुवकुमार मौर्यसमेत वि. गीता मौर्य |
| ७८. | अंश | तारादेवी मौर्यसमेत वि. राजकुमार मौर्यसमेत |
| **इजलास नं. ६** | | **५८-६४** |
| ७९. | लेनेदेन | रूद्रप्रसाद मानन्धर वि. एसियन पेन्टस (नेपाल) प्रा.लि. |
| ८०. | दर्ता फारी | बिमला राणा वि. प्रदिपविक्रम राणा |
| ८१. | निषेधाज्ञा / परमादेश | आनन्दीलाल मुखिया वि. जिल्ला विकास समितिको कार्यालय, सप्तरी |
| ८२. | उत्प्रेषण / परमादेश | आनन्दीलाल मुखिया वि. जिल्ला विकास समितिको कार्यालय, सप्तरी |
| ८३. | निषेधाज्ञा / परमादेश | आनन्दीलाल मुखिया वि. किसन साहुसमेत |
| ८४. | परमादेश | जनकपुर अञ्चल अस्पताल विकास समिति, जनकपुरसमेत वि. डा.रामचरित्र साह |
| ८५. | जबरजस्ती करणी | नेपाल सरकार वि. नरबहादुर हमाल |
| ८६. | जबरजस्ती करणी | देवबहादुर घले वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ८७. | जबरजस्ती करणी | मोहमद सहिद अन्सारी वि. नेपाल सरकार |
| ८८. | अंश | रामवहाल यादवसमेत वि. कोमल अहिर |
| **इजलास नं. ७** | | **६४-६६** |
| ८९. | सवारी ज्यान | नेपाल सरकार वि. मिकमार दोङ तामाङसमेत |
| ९०. | कर्तव्य ज्यान | किशोर के.सी. वि. नेपाल सरकार |
| **इजलास नं.८** | | **६६-६७** |
| ९१. | उत्प्रेषण / परमादेश | गगन ठकुरीसमेत वि. काठमाडौं महानगरपालिका, बागदरबार, काठमाडौंसमेत |
| **एकल इजलास** | | **६७** |
| ९२. | उत्प्रेषण / परमादेश | विजेन्द्रलाल जोशी वि. नेपाल सरकार |
| **अन्तरिम आदेश** | | **६७-६८** |
| ९३. | उत्प्रेषण | रामसुधन उप्रेती वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ९४. | उत्प्रेषण | नेत्रबहादुर कटुवाल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |

**विशेष इजलास**

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओम प्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WS-००१६, उत्प्रेषण / परमादेश, *अमृतकुमार शर्मा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

मौलिक अधिकारको सन्दर्भमा समानताको सिद्धान्त राज्यका काम कारवाहीहरू (State Actions) सँग जोडिएको हुन्छ । कुनै पनि व्यक्ति वा समूहहरूलाई कानूनको प्रयोग वा व्यवहारमा समानता अवलम्बन गर्नु नै समानताको ध्येय भएकाले फरक स्थिति भएको अवस्थामा एउटै स्थितिमा पुर्‍याउनु वा परिणाममा समानता खोज्नु पनि समानताको अर्को पक्ष मानिन्छ । कानूनको दृष्टिमा समान व्यवहार गर्नु प्रक्रियागत समानता हो भने परिणाममा समानता प्राप्त गर्नु सारवान् समानता हो । समानहरूकाबिच समान व्यवहार गर्नु र असमानहरूकाबिच असमान व्यवहार गर्नु नै समानताको सार हुने ।

समानताको सिद्धान्तले परिणामलाई गौण र प्रक्रियालाई जोड दिँदै सबैलाई कानूनको अगाडि समान मान्ने भएकाले संवैधानिक विधिशास्त्रमा यसलाई औपचारिक समानता (formal equality) को सिद्धान्त पनि भनिने ।

निवेदकले सार्वजनिक सरोकारको विवाद उठान गर्दै नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (६) र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को बुदा नं. १०(७) को बदर माग गरी अदालत प्रवेश गरेको तथ्यमा विवाद छैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ को उपधारा (३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) को व्यवस्थालाई एकैसाथ राखि हेर्दा नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वा ठेगान नलागेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्छ भन्ने समान व्यवस्था गरेको देखिने । संवैधानिक वा कानूनी व्यवस्थाले नेपाल सरहदभित्र फेला परेको तर पितृत्व र मातृत्वको ठेगान नलागेका प्रत्येक व्यक्तिले वंशजको आधारमा नागरिकता पाउन सक्ने ।

प्रस्तुत विवादमा निवेदक अमृत कुमार शर्माको हालसम्म पितृत्व / मातृत्वको ठेगान लागेको देखिँदैन । पितृत्व र मातृत्वको ठेगान नलागेको कारण आफ्नो संरक्षक प्रजापती शर्मा (तिम्सिना) को संरक्षकत्वमार्फत निजको नागरिकताको प्रतिलिपिसमेतका कागजातहरू संलग्न राखि जिल्ला प्रशासन कार्यालयमा दरखास्त गर्न गएको देखिन्छ । जिल्ला प्रशासन कार्यालय, काठमाडौंले निवेदकलाई दरखास्त फाराममा बाबु आमाको नाम तथा ठेगाना उल्लेख नगरेको एवम् तपाईको संरक्षक भनिएका प्रजापती शर्मा (तिम्सिना) लाई पालनपोषण गर्न र शिक्षादिक्षा दिन कुनै आधिकारिक निकायबाट प्रचलित कानूनबमोजिम संरक्षकत्व प्राप्त भएको नदेखिँदा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावली, २०६३ अनुसार तपाईलाई नागरिकता प्रमाणपत्र प्रदान गर्न मिल्ने नदेखिएको भन्नेसमेत व्यहोराले मिति २०७०।४।१४ मा जानकारी गराएको देखिने ।

नेपाल नागरिकता नियमावली, २०६३ नियम ३ को उपनियम (६) हेर्दा पितृत्व मातृत्व ठेगान नभएको व्यक्तिको नागरिकता प्रमाणपत्रको बाबु वा आमाको नाम उल्लेख हुनुपर्ने स्थानमा पितृत्व मातृत्वको ठेगान नभएको व्यहोरा जनाई संरक्षकको नाम, थर र ठेगाना उल्लेख गर्नुपर्ने र सो कार्यविधि निर्देशिका, २०६३ को १० अन्तर्गत बाबु आमाको नामको महलमा "पितृत्व / मातृत्वको ठेगान नभएको" भन्ने उल्लेख गरी संरक्षकको नाम थर र ठेगाना खुलाउनु पर्नेछ भन्नसमेतको व्यहोरा उल्लेख भएको देखिने ।

पितृत्व मातृत्वको ठेगान नलागेका र संरक्षकको माध्यमबाट नागरिकता प्राप्त गर्न पाउने कानूनी अधिकारलाई वञ्चित गरेको देखिँदैन । केवल नागरिकताको प्रमाणपत्रमा आमा वा बाबुको नाम

उल्लेख गर्नुपर्ने हकमा पितृत्व मातृत्वको ठेगान नभएको उल्लेख गर्नेसम्म भनिएको छ । कुनै नियमावलीमा भएको व्यवस्था मातृ ऐन र संविधानसँग बाझिएको भन्नुमात्र पर्याप्त हुँदैन । बाझिएको छ भन्ने हो भने तर्क र प्रमाणले खण्डन गर्ने अभिभारा रिट निवेदकउपर नै हुन्छ । संविधान प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लागेको अवस्थामा बन्देज लगाउने गरी व्यवस्था गरिएका नियमावलीका व्यवस्थाहरू संवैधानिक परीक्षण गरी यस अदालतबाट बदर घोषित गरिने हो । आजसम्म यस अदालतबाट त्यसै आधारमा मातृ ऐनसँग बाझिएका नियमावलीका व्यवस्थाहरूसमेत बदर घोषित गरी अमान्य गर्दै आएको तथ्य जग जाहेर नै छ । साथै चुनौती दिएको कानून वा त्यसको कुनै प्रावधान संविधानको कुनै निश्चित प्रावधानसँग बाझिएको छ भनी स्पष्टरूपमा प्रमाणित गराउन नसकेसम्म यस अदालतले त्यस्तो कानून वा कानूनको कुनै प्रावधानलाई बदर घोषित नगर्ने ।

नागरिकताको प्रमाणपत्र दिने आधार र प्रक्रिया नेपालको अन्तरिम संविधान, २०६३ र प्रचलित नेपाल कानूनद्वारा निर्धारित हुने तथ्यमा पनि विवाद छैन । बदर माग गरिएको कार्यविधि निर्देशिकाले नागरिकता प्राप्त गर्ने व्यक्तिको सारवान् अधिकारमा अंकुश लगाएको नदेखिने । नागरिकता प्राप्त गर्न के कस्तो कार्यविधि र प्रक्रिया पूरा गर्ने भन्ने सम्बन्धमा मात्र व्यवस्था गरेको देखिन्छ । नेपालले संविधानमा नै नागरिकताको सम्बन्धमा स्पष्ट र सुसङ्गत (Consistent) नीति कायम गरी नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, अखण्डता र नेपाली जनताको अगाध राष्ट्र प्रेमलाई अक्षुण्ण राख्न नागरिकता सम्बन्धमा उपरोक्त नीति अवलम्बन गर्नु आवश्यक हुने ।

गृह मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफमा पितृत्व / मातृत्वको ठेगान नलागेको कुरा अभिलेखमा मात्र अभिलेखीकरण गर्ने र नागरिकतामा सो महल खाली राख्ने गरी सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिसकेको भन्ने देखिँदा उक्त व्यवस्थाको संवैधानिक परीक्षण गरिरहनु परेन । तसर्थ नियमावलीको नियम ३ को उपनियम (६) र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को बुदा नं. १०(७) को व्यवस्था संविधानको धारा ८ को उपधारा (२) (३), १२, १३, २२ र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) सँग असङ्गति रही बाझिएको देखिन नआउने ।

नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) मा पितृत्व मातृत्वको ठेगान नभएको व्यक्तिले वंशजको आधारमा नागरिकता प्रमाणपत्र पाउने व्यवस्था छ । यी निवेदक अमृतकुमार शर्माको पितृत्व / मातृत्वको ठेगान नभएको भन्ने कुरा पेस भएको जन्मदर्ता प्रमाणपत्रलगायतका कागजातबाट समर्थित हुन आएको ।

संविधानको धारा ८ को उपधारा (३) को व्यवस्थाबमोजिम पितृत्व मातृत्वको ठेगान नलागेको व्यक्तिलाई नागरिकता दिन दिलाउन राज्य बाध्य हुन्छ । उक्त व्यवस्थाबमोजिम नागरिकता के कसरी दिने भन्ने सम्बन्धमा निर्देशिकामा प्रक्रियाका कुरा निर्धारित गर्न सकिने भएता पनि संविधानको धारा ८ को उपधारा (३) को सारभूत कुरालाई नै परास्त हुने गरी अनावश्यक सर्त वा व्यवधानहरू खडा गर्न मिल्दैन । उक्त संवैधानिक व्यवस्थाबमोजिम नागरिकता दिने कार्यलाई सहजिकरण गर्ने गरी नै प्रक्रिया बनाइनु पर्दछ र सो प्रक्रियाको आधारमा नागरिकताको विषयमा निर्णय गरी दिनुपर्ने हुन्छ । त्यसैले संविधानको धारा ८ को उपधारा (३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) बमोजिमको अवस्थालाई इन्कार गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंले निवेदकको नागरिकताको मागलाई पन्छाई मिति २०७०।४।९ मा गरेको निर्णय संविधान र कानूनमा आधारित भएको नदेखिने ।

अतः नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (६) र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को बुदा नं १० (७) नेपालको अन्तरिम संविधान, २०६३ को

धारा ८ को उपधारा (३), धारा १३, २२ र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) समेतसँग बाझिएको नदेखिँदा सो हदसम्म रिट निवेदन खारेज हुने। संविधानको धारा ८ को उपधारा (३) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) मा नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नलागेको व्यक्तिले वंशजको आधारमा नागरिकता पाउने संवैधानिक र कानूनी व्यवस्था भएको देखिएकाले जिल्ला प्रशासन कार्यालय काठमाडौको मिति २०७०।४।९ को निर्णय र सोसँग सम्बन्धित काम कारवाही संविधानको धारा १०७ को उपधारा (२) बमोजिम उत्प्रेषणको आदेशले बदर हुने। अब निवेदकले नेपाली नागरिकताको प्रमाणपत्रको लागि दिएको दरखास्त फारामउपर माथि उल्लिखित संविधान, ऐन र नियमावलीको भावनालाई मध्य नजर गरी निवेदकको अवस्थालाई समेत विचार गरी पितृत्व मातृत्वको ठेगान नभएको देखिन आएमा व्यहोरा जनाइ वंशजको नागरिकता दिने सम्बन्धमा जो चाहिने निर्णय अविलम्ब गरी दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको नाममा परमादेशको आदेश जारी हुने।

प्रस्तुत मुद्दामा विपक्षी जिल्ला प्रशासन कार्यालयले दिएको मिति २०७०।४।१४ को जानकारी पत्रले संरक्षकको सम्बन्धमा प्रश्न उठाएको भएपनि त्यसमा थप कुरा बुझी निर्णय गर्न सक्नेमा सोबमोजिम निर्णय गरेको देखिन आएन। नेपाल सरहदभित्र फेला परेको तर पितृत्व मातृत्वको ठेगान नलागेको व्यक्तिको हकमा संरक्षकको हैसियत र प्रक्रियामा प्रश्न उठाउँदैमा निवेदकले नागरिकता नपाउने भन्न मिल्दैन। निवेदकले नागरिकताको लागि दिएको दरखास्तअनुसार निजले नागरिकता पाउने नपाउने के हो सो सम्बन्धमा विपक्षी जिल्ला प्रशासन कार्यालयबाट कुनै निर्णय बोलेको पनि पाइँदैन। यदि निवेदकले नागरिकता नपाउने कुनै अवस्था देखिएको भए सो को आधार र कारण उल्लेख गरी अदालतलाई लिखित जवाफ र आधिकारिक कागजात पठाई अदालतलाई सहयोग गर्नु विपक्षी जिल्ला प्रशासन कार्यालयको कर्तव्य हो। जिल्ला प्रशासन कार्यालय, काठमाडौंले लिखित जवाफसमेत नपठाई अदालतको आदेशलाई अवज्ञा गरी न्याय सम्पादनमा असहयोग गरेको देखियो। कारणसहितको लिखित जवाफ एवम् मागबमोजिमको आधिकारिक कागज प्रमाण नपठाई अटेर गर्ने कार्यालय वा त्यसका प्रमुखलाई गैर जिम्मेवार र अनुशासनहिन मान्नुपर्ने हुन्छ। यस्ता कार्य किमार्थ स्वीकार्य हुन सक्दैन। यसरी निवेदकको नागरिकता सम्बन्धमा मिति २०७०।४।९ मा निर्णय गर्ने अधिकारी एवम् लिखित जवाफ पठाउन उपेक्षा गर्ने कार्यालय प्रमुखलाई आफ्नो कानूनले तोकेको जिम्मेवारी र कर्तव्यप्रति सचेत गराउन नेपाल सरकार, गृह मन्त्रालयमार्फत लेखी पठाउने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : गिता घिमिरे

इति संवत् २०७२ साल वैशाख ३ गते रोज ५ शुभम्।

## पूर्ण इजलास

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-NF-००१४, उत्प्रेषण / परमादेश, *मध्यक्षेत्र प्रहरी कार्यालय, हेटौंडासमेतको तर्फबाट प्रहरी नायब महानिरीक्षक यादव अधिकारी वि. अञ्चल सशस्त्र प्रहरी गुल्म, बागमतीमा प्रहरी जवान पदबाट सेवाबाट हटाइएका मृत्युञ्जय राज पाण्डे*

राजीनामा नैं स्वीकृत गराई सेवाबाट अलग भैसकेको प्रहरी कर्मचारीलाई पुनर्बहाली गरेको मिल्यो मिलेन, नोकरीबाट हटाउने गरी भएको निर्णय ठिक छ छैन भनी मुद्दाको औचित्यभित्र प्रवेश गरी हेर्नुपर्ने देखिएन। विपक्षीले राजीनामा स्वीकृत गराई आफूले प्राप्त गर्ने सम्पूर्ण सुविधासमेत लिइसकेको अवस्थामा यस अदालतको संयुक्त इजलासबाट जारी भएको उक्त आदेश बदर गरी निवेदकलाई नोकरीबाट हटाउने मिति २०६६।१।३१ को निर्णय र पत्र तथा निवेदकको पुनरावेदनउपर मिति २०६८।३।१५ मा

भएको पुनरावेदन खारेज गर्ने मध्यक्षेत्र प्रहरी कार्यालय, हेटौंडाको निर्णय यथावत् भएमा पनि त्यसको औचित्य नदेखिँदा त्यस्तो कार्यकारण नैं समाप्त भैसकेको विषयमा पुन: विचार गरिरहनु पर्ने अवस्था विद्यमान नदेखिँदा यस अदालतबाट एकपटक रिट जारी भै त्यसको प्रयोजन नैं समाप्त भैसकेको अवस्थामा जारी भएको रिट खारेज गर्नुपर्ने भन्ने विषय आकर्षित हुन सक्ने देखिएन। तसर्थ, प्रस्तुत मुद्दाको औचित्यतर्फ विचार गर्नुपर्ने अवस्था विद्यमान नहुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल वैशाख ३ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०२१२, उत्प्रेषण / परमादेश, *मीनबहादुर अर्यालसमेत वि. मालपोत कार्यालय, भक्तपुरसमेत*

तत्कालीन अख्तियार दुरूपयोग निवारण आयोगबाट मिति २०४६।७।२४, २०४६।११।१८ र २०४७।१।५ मा भएको निर्णय बदर गराउन कुनै कानूनी प्रक्रिया अवलम्बन नगरिएबाट तत्तत् निकायका उक्त निर्णयहरूको कानूनी अस्तित्व रहिरहेको अवस्थामा उक्त निर्णयहरू बदर वा रद्द नै नभई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो पूर्व निर्णयको प्रतिकूल हुने गरी निर्णय गर्न मिल्ने नदेखिने।

निवेदकहरूलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्दा निवेदकहरूलाई प्रतिवाद गर्ने मौका दिनुपर्नेमा प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल निवेदकहरूलाई बुझ्दै नबुझी निर्णय गरेको देखिएकाले उक्त प्रतिपादित सिद्धान्तको विवादको विषयवस्तु र यस रिटको विवादको विषयवस्तु समान देखिएबाट उक्त सिद्धान्त प्रस्तुत विवादमा आकर्षित हुने भई विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०।३।३१ को निर्णय र मालपोत कार्यालय भक्तपुरको मिति २०७०।५।१० को निर्णयबाट निवेदकहरूको साम्पत्तिक हकमा प्रतिकूल असर परेको देखिएकाले उक्त निर्णयहरू कायम रहन सक्ने अवस्था नहुने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०७०।३।३१ मा निर्णय गर्दा कुन ऐनको कुन दफाले प्रदान गरेको अधिकार प्रयोग गरी व्यक्ति विशेषको नामको जग्गाको दर्ता बदर गरेको हो सो कुरा पनि उक्त निर्णयमा देखिदैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क मा यस्तो दर्ता बदर गर्न सक्ने अधिकार रहेको पनि देखिदैन। यसरी आफ्नो पूर्व निर्णय यथावत् रहँदा रहँदै सो निर्णय प्रतिकूल हुने गरी व्यक्ति विशेषको नाममा दर्ता रहेको जग्गा दर्तावालालाई प्रतिवादको मौकासमेत प्रदान नगरी दर्ता बदर गरेको कार्य प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०।३।३१ को निर्णय, सो निर्णयको आधारमा मालपोत कार्यालय, भक्तपुरले मिति २०७०।५।१० मा गरेको दर्ता बदरको निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। जिल्ला भक्तपुर दुवाकोट गा.वि.स.वडा नं.८(ख) साबिक कि.नं.३७५ बाट कित्ताकाट भएका जग्गाको दर्ता पूर्ववत् कायम राख्नु भनी प्रत्यर्थीहरूको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत : दीपक ढकाल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन १८ गते रोज २ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-WO-०१८३, उत्प्रेषण, *कास्की जिल्ला, अर्घौबजार गा.वि.स. वडा नं.७ भै हाल कास्की जिल्ला, लेखनाथ नगरपालिका वडा नं.३ बस्ने मधुमाया योगी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत*

दाबीका जग्गा सम्बन्धमा गुठी संस्थानले

मिति २०६६।३।१० मा गरेको निर्णयमा पुनरावेदन लाग्ने व्यहोरा उल्लेख भएको र सो निर्णयउपर निवेदिकाको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परि कारवाहीयुक्त अवस्थामै रहेका बखत विपक्षी आयोगले मिति २०६६।८।२६ मा गुठी संस्थानको उक्त मिति २०६६।३।१० को निर्णय बदर गर्नका लागि लेखि पठाउने भनी निर्णय गरेको देखियो । तत्पश्चात् पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।९।२ मा गुठी संस्थानको उक्त निर्णय सदर हुने ठहरी फैसला भएको देखिन्छ । यसप्रकार विपक्षी आयोगले आफ्नो अधिकार नै नभएको विषयमा प्रवेश गरी निर्णय गरेको देखिएको र विपक्षी आयोगले जुन निर्णयलाई बदर गर्ने भनी निर्णय गरेको हो सो निर्णय नै पुनरावेदन अदालतबाट अनुमोदित भएको देखिँदा अब त्यस्तो अधिकार क्षेत्र विहिन निर्णय कायम रहिरहन सक्ने नदेखिने।

निवेदिकाले गुठी संस्थानको उक्त मिति २०६६।३।१० को निर्णय सदर हुने ठहर भएको मिति २०६६।९।२ को पुनरावेदन अदालत, पाटनको फैसलाबमोजिम गरिपाउन नै मुख्यरूपमा माग गरेको देखिन्छ । विपक्षी गुठी संस्थानतर्फका विद्वान् अधिवक्ताले पुनरावेदन अदालत, पाटनबाट फैसला भएपश्चात् विवादित जग्गा सम्बन्धमा गुठी संस्थान सञ्चालक समितिबाट मिति २०७१।४।१६ मा निर्णय भैसकेको भनी बहसका क्रममा व्यक्त गर्नुभएको र गुठी संस्थानबाट प्रमाणका लागि प्राप्त हुन आएको मिसिल संलग्न गुठी संस्थान संचालक समितिको मिति २०७१।४।१६ को निर्णयको प्रतिलिपि हेर्दा पुनरावेदन अदालत, पाटनको मिति २०६६।९।२ को फैसला अन्तिम भइसकेको र उक्त फैसलाबमोजिम निवेदन दाबीका कि.नं.२२२, १०३, १२३, १७१, १७२, १९२, १९३ र १९४ समेतका जग्गाको जग्गाधनीमा श्री ठूलाकोट भैरव गुठी जनाई गुठी चलाएबापत गुठी चलाएसम्म मधुमाया योगीले जोतभोग गर्नसम्म पाउने भन्ने जनाई स्रेस्ता कायम गरी जानकारी दिन मालपोत कार्यालयमा लेखी पठाउने व्यहोरा उल्लेख भएको देखिएकाले निवेदकको मागबमोजिमको कार्य सम्पन्न भइसकेको मान्नुपर्ने देखियो । निवेदकको मागबमोजिमको कार्य सम्पन्न भइसकेको अवस्था हुँदा अब निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने स्थिति देखिन आएन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : सन्तोषप्रसाद पराजुली

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७२ साल असोज ११ गते रोज २ शुभम्।

३

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-WO-०६९६, उत्प्रेषण / परमादेश, *जिल्ला काठमाडौं, कीर्तिपुर नगरपालिका, वडा नं. ३ ट्याङ्ला फाँट बस्ने प्राध्यापक विजयबहादुर सिलवाल वि. सर्वेन्द्रनाथ शुक्ला, माननीय मन्त्री तथा अध्यक्ष, उच्च माध्यमिक शिक्षा परिषद् तथा उच्च माध्यमिक शिक्षा सभा, उच्च माध्यमिक शिक्षा परिषद्को कार्यालय, सानोठिमी, भक्तपुरसमेत*

शिक्षा मन्त्रीबाट मिति २०६७।९।२२ मा मनोनयन भएका परिषद्का सदस्यहरूले शिक्षा मन्त्रालयको मिति २०६८।२।१० को प्रस्ताव तथा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।२।१८ को निर्णयबाट उच्च माध्यमिक शिक्षा सभाको सदस्य पदबाट अवकाश भएबाट निजहरू उच्च माध्यमिक शिक्षा परिषदको सदस्य पदबाटसमेत स्वतः अवकाश भएकाले निवेदकले चुनौती गरेका उच्च माध्यमिक शिक्षा परिषदको बीसौ सभाको मिति २०६७।९।२१ को निर्णय एवम् शिक्षा मन्त्रीबाट मिति २०६७।९।२२ मा परिषद्को सदस्य पदमा मनोनयन गरेको निर्णय निरर्थक भइसकेको देखिने।

निवेदकले जुन निर्णयको वैधानिकतामाथि प्रश्न उठाई उत्प्रेषणको आदेश जारीको माग गरेका हुन् सो निर्णय प्रभाव शुन्य वा औचित्यहिन भइसकेको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गर्नु निरर्थक हुन्छ । प्रस्तुत रिट निवेदनमा निवेदकले अवैधानिक भनी दाबी गरेको उच्च माध्यमिक शिक्षा परिषद्को बीसौं सभाको मिति २०६७।९।२१ को

निर्णय एवम् शिक्षा मन्त्रीको मिति २०६७।९।२२ को निर्णयबाट मनोनयन भएका उच्च माध्यमिक शिक्षा परिषद्का सदस्यहरूले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।२।१८ को निर्णयबाट अवकाश पाई निवेदकले बदरको दाबी गरेका निर्णयहरू अस्तित्वमा नरही प्रभाव शुन्य तथा औचित्यहिन भइसकेको अवस्थामा निवेदन मागबमोजिको आदेश जारी गर्नु निरर्थक हुने हुँदा निवेदकले दाबी गरेका निर्णयहरूको वैधानिकताका सम्बन्धमा थप विचार गरिरहनु नपर्ने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

इति संवत् २०७१ साल चैत १ गते रोज १ शुभम्।

४

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-WO-०९७८, उत्प्रेषण / परमादेश, *जिल्ला ललितपुर, ठेचो गा.वि.स., वडा नं. ४ मुकाम रहेको टिका भैरव नख्खु सडक निर्माण उपभोक्ता समितिका अख्तियार प्राप्त ऐ. का अध्यक्ष रघुनाथ महर्जन वि. राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाडौंसमेत*

राष्ट्रिय सतर्कता केन्द्रको मिति २०६७।९।२२ को निर्णय तथा पत्राचार हुनुपूर्व नै नख्खु खोला करिडोर सडक निर्माण कार्य सम्पन्न भइसकेको तथ्य पुनरावेदन अदालत पाटनमा परेको उल्लिखित निषेधाज्ञाको निवेदनमा उक्त अदालतबाट मिति २०६७।७।१० मा भएको आदेशबाट स्थापित भएको छ। सडक निर्माण कार्य सम्पन्न भइसकेको अवस्थामा राष्ट्रिय सतर्कता केन्द्रको मिति २०६७।९।२२ को निर्णयले सडक निर्माण गर्न अवरोध भएको भन्ने निवेदकको दाबी औचित्यहिन देखिने।

राष्ट्रिय सतर्कता केन्द्रको मिति २०६७।९।२२ को निर्णय तथा सोका आधारमा स्थानीय विकास मन्त्रालयको मिति २०६७।१०।९ को पत्राचारबाट यी निवेदकको संविधान प्रदत्त के कुन हकमा कसरी आघात भएको हो सो व्यहोरा रिट निवेदनपत्रमा निवेदकले स्पष्ट उल्लेख गर्न सकेको पनि देखिन्न। राष्ट्रिय सतर्कता केन्द्रलाई कुनै सार्वजनिक निकायमा कुनै अनियमितता भएको भए सो सम्बन्धमा सम्बन्धित निकायलाई कानूनबमोजिमको छानबिन तथा आवश्यक कारवाही गर्नु भनी निर्देशन दिन सक्ने अधिकार प्राप्त निकाय भएको देखिन्छ। कुनै कर्मचारी वा पदाधिकारीले कानून प्रतिकूल कुनै कार्य गरेको सम्बन्धमा कानूनबमोजिम आवश्यक छानबिन तथा कारवाहीको लागि अधिकारप्राप्त निकायबाट हुने निर्देशन तथा पत्राचारबाट हक तथा अधिकारमा आघात भएको मान्न मिल्दैन। राष्ट्रिय सतर्कता केन्द्रले उक्त सडक निर्माणका सम्बन्धमा भएको अनियिमतताबारे कानूनबमोजिम छानविन तथा कारवाही गर्न निर्देशन गरी मिति २०६७।९।२२ मा गरेको निर्णय एवम् सोसम्बन्धी पत्राचार तथा स्थानीय विकास मन्त्रालयले जिल्ला विकास समितिको कार्यालय, ललितपुरलाई सडक निर्माणसम्बन्धी कार्यको यथार्थ विवरण पठाई दिनु भनी मिति २०६७।१०।९ मा गरेको पत्राचारमा कुनै कानूनी त्रुटि भएको मान्न नमिल्ने।

तसर्थ माथि विवेचना गरिएअनुसार टिका भैरव नख्खु खोला सडक निर्माण कार्य सम्पन्न भइसकेको, राष्ट्रिय सतर्कता केन्द्रले मिति २०६७।९।२२ मा गरेको निर्णय तथा स्थानीय विकास मन्त्रालयले मिति २०६७।१०।९ मा जिल्ला विकास समिति, ललितपुरलाई गरेको पत्राचारमा कुनै कानूनी त्रुटि नदेखिएकाले र सो निर्णय तथा पत्राचारबाट निवेदकको हक अधिकारमा आघात भएको नदेखिएकाले निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल चैत १ गते रोज १ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०४२६, परमादेश, *जिल्ला मुगु, श्रीकोट गा.वि.स., वडा नं. १ घर भै मुगु जिल्लाबाट संविधान सभाको निर्वाचित सदस्य मोहन बानियाँसमेत वि. नेपाल सरकार, स्वास्थ्य तथा*

*जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत*

रोगको प्रकोप प्रभावित क्षेत्रमा प्रकोपसम्बन्धी सूचना प्राप्त हुनासाथ सरकारको तर्फबाट रोगको नियन्त्रणको लागि समयमा नै आवश्यक स्वास्थ्य उपचारको प्रबन्ध गरी प्रकोप नियन्त्रण गरेको देखिन आयो । रोगको प्रकोपको स्थिति सामान्य भइसकेको अवस्थामा उक्त क्षेत्रमा प्रकोप नियन्त्रणका लागि विशेषज्ञसहितको टोली खटाउनु भनी आदेश जारी गरी रहनुको प्रयोजन नहुने ।

जनताको स्वास्थ्य सेवा पाउने मौलिक हकको प्रत्याभूतिका लागि राज्यले केन्द्रदेखि गा.वि.स. तहसम्मका प्रत्येक स्वास्थ्य संस्थामा आवश्यकीय औषधीसहित स्वास्थ्यकर्मीको सुविधा पुर्‍याउनु सरकारको दायित्व भएको र यसको लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था हुनुपर्ने कुरामा विवाद नहुने ।

यसै प्रकृतिको परमादेशको रिट (ने.का.प. २०६८, अंक ७, निर्णय नं. ८६४७) मा निवेदकले जाजरकोट, रुकुम र दैलेखलगायतका जिल्लाहरूमा फैलिइएको संक्रामक हैजा रोगले त्यस क्षेत्रका नागरिकहरूको अकालमै दिनानुदिन मृत्यु भइरहेकाले रोग नियन्त्रण गर्न एवम् रोगबाट पीडित विरामीहरूको उपचारको उचित व्यवस्था गर्न परमादेश जारीको माग गरेकामा यस अदालतबाट मिति २०६७।६।२१ मा आदेश हुँदा स्वास्थ्यसम्बन्धी मौलिक हकका सम्बन्धमा व्याख्या भई "प्रत्येक स्वास्थ्य चौकीलगायत सरकारी अस्पतालहरूमा मौसमअनुसार र बेलाबेलामा उत्पन्न हुने प्रकोपलाई नियन्त्रण गरी बिरामीलाई औषधी उपचार गरी ज्यान बचाउन बेलैमा अस्पतालमा पर्याप्त औषधी भण्डारण गर्ने र दरबन्दीअनुसारको डाक्टर, नर्स र अन्य स्वास्थ्यकर्मीहरूको पदपूर्ति गरी राख्ने व्यवस्था गर्नुका साथै अवस्थाअनुसार आवश्यक परे काठमाडौंबाट विशेषज्ञ डाक्टरहरूको टोली पठाउनेलगायतका जेजस्तो व्यवस्था गर्नुपर्छ गर्नु" भनी विपक्षी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेशसमेत जारी भएको देखिन्छ । यस अदालतबाट निर्देशनात्मक आदेश जारी भई सो आदेशलाई मध्यनजर गरी स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको भन्ने विपक्षीतर्फको लिखित जवाफ भएको र एउटै विषयमा पटकपटक आदेश जारी गरी रहनु औचित्यपूर्णसमेत नहुँदा निवेदन मागबमोजिमको आदेश जारी गरी रहनु नपर्ने ।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७१ साल चैत ४ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-१०५७, उत्प्रेषण / परमादेश, *ऋतबहादुर थापामगर वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत*

शान्ति सुरक्षा अमनचैन कायम गर्ने गराउने जिम्मा लिएका प्रहरी संगठनभित्र कार्यरत् रहेका जिम्मेवार पदाधिकारीहरूबाट यस्तो अशोभनीय कार्य हुनु संगठनका लागि सुहाउँदो कार्य पनि हुँदैन । आफ्नो डिउटीकै सिलसिलामा निवेदकले गस्तीका क्रममा शिरिस सुवेदी, नोर्बु लामासमेतले अवाञ्छनीय काम गरेको अवस्थामा मोबाइल सेट लिएको भनी निवेदनमा उल्लेख गरे पनि निजहरूले के कस्तो क्रियाकलाप गरेका कारण नगदै सामान लिनु परेको हो भन्ने व्यहोरा स्पष्ट पार्न सकेको अवस्था देखिँदैन । कथंकदाचित निवेदकले आफ्नो स्पष्टिकरणमा उल्लेख गरेबमोजिम नगदै सामान लिएको भए पनि सो सामानहरू लिएको भन्ने व्यहोरा समयमै कार्यालयमा जानकारी गराएको पनि पाइँदैन र सो सामान आफ्नैतर्फबाट फिर्ता गरेको अवस्था पनि नदेखिने ।

राज्यमा शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी लिएको प्रहरी संगठनले शान्ति सुरक्षा अमनचैन कायम गर्नु गराउनु उसको प्राथमिक कर्तव्यभित्र पर्न आउँछ । सो कार्यका लागि संगठनले आफ्नो

जनशक्तिलाई यथोचितरूपमा जिम्मेवारी पनि दिनु पर्छ । यसरी संगठनबाट जिम्मेवारी लिएका जनशक्तिले पनि आफूलाई तोकिएको जिम्मेवारी सहीरूपमा निर्वाह गर्नुपर्ने हुन्छ । जिम्मेवारी निर्वाह गर्ने क्रममा मानवीय भूलबाट कहिँकतैबाट कमी कमजोरी हुन गएको अवस्थामा त्यस्तो कमी कमजोरी नलुकाई समयमै त्यसको जानकारी आफ्नो कार्यालय वा आफूभन्दा माथिको पदाधिकारीलाई सूचना गर्नुपर्ने हुन आउने ।

राज्यका तर्फबाट शान्ति सुरक्षा कायम गर्नुपर्ने प्रहरी संगठनभित्र कार्यरत् रहेका प्रहरी हवल्दार ऋतुबहादुर थापाले गरेको कसुर एवम् घटनाका सम्बन्धमा छानबिन गर्न प्र.ना.उ. केदार ढकालको अध्यक्षतामा छानबिन बोर्ड गठन भई सो सम्बन्धमा निवेदकबाट स्पष्टिकरण लिई अनुसन्धान छानबिन गरी सो छानविन अनुसन्धानका आधारमा यी रिट निवेदकलाई प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (क), (ग), (ङ), (च) र (ज) को कसुरमा ऐ. नियमावलीको नियम ८४ को देहाय (छ) अनुसार भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी मिति २०६७।१२।२ मा महानगरीय प्रहरी परिसर, काठमाडौंबाट निर्णय गरिएकामा सो निर्णयलाई मिति २०६७।१२।२२ मा प्रहरी नायब महानिरीक्षकबाट सदर गरी अन्तिम भैरहेको र सो निर्णयसमेत अन्यथा नदेखिँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७२ साल असार १४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-WO-०७२२, उत्प्रेषण, *वीरेन्द्र सिंह विष्ट वि. सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय धनगढी, कैलालीसमेत*

रिट निवेदकले अभद्र व्यवहार गरेको कुरा निज स्वयम्ले आफ्नो निवेदनमा स्वीकार गरेको हुँदा यसमा विवाद देखिँदैन । प्रहरी नियमावली, २०४९ को नियम ८८ को खण्ड (च) मा "पालोमा रहेको अवस्थामा वा नरहेको अवस्थामा पनि उर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिँडेमा वा जथाभावी गरेमा" नोकरीबाट बर्खास्त गर्न सकिने प्रावधान रहेकामा आफूले विवाद गर्दाका अवस्थामा उर्दीको पोशाक नलगाएको हुँदा नोकरीबाट हटाउने कानूनी अधिकार छैन भन्ने निवेदन जिकिर रहेको देखिन्छ । तर निजलाई नोकरीबाट हटाउने निर्णय गर्दा ऐ. नियम ८८ को खण्ड (ग), (ङ) र (ज) को कसुर गरेको ठहरी निर्णय गरेको पाइन्छ जसमा बराबर अनुशासनहीनताको काम गरेमा वा आफ्नो पदको जिम्मेवारीअनुसार आचरण नगरेमा वा आचरणसम्बन्धी नियमहरू बराबर उल्लङ्घन गरेमा भन्ने उल्लेख भएको पाइन्छ । रिट निवेदकले यो घटना हुनुअघि पनि आफू पटकपटक कारवाहीमा परेको कुरा स्वीकार गरेकै देखिएको हुनाले निजलाई निजले गरेको कार्यअनुसारको सजाय निर्धारण गरिएको रहेनछ भन्न नमिल्ने ।

सजाय गर्ने अधिकारीले रिट निवेदकले उठाएका प्रश्नहरूमा स्पष्टरूपमा कानूनको उल्लङ्घन गरी वा कार्यविधिगत त्रुटि गरेको भन्ने कुरा यहाँ देखिएको छैन । यसरी कानूनी त्रुटि नदेखिएको र निवेदनमा विभागीय कारवाहीको क्रममा ठोस त्रुटि औंल्याउन नसकेको अवस्थामा कानूनबमोजिम गरिएको काम कारवाहीलाई बदर गर्नुपर्ने स्थितिको सिर्जना हुन सक्दैन । विभागीय कारवाहीसम्बन्धी फाइलमा रहेको रिट निवेदकको स्पष्टिकरणबाट निजले आफूले गल्ती गरेको कुरा स्वीकार गरेको देखिएको छ भने प्र.ज. शेरबहादुर बोगटीले कागज गर्दासमेत रिट निवेदकले अश्लील शब्द प्रयोग गरी गालीगलौज गरेको र निजले मादक पदार्थ सेवन गरेको ब्यहोरा लेखाएको देखिन्छ । यसबाट निजलाई कारवाही नहुने वा नहुनु पर्ने आधार र कारणको विद्यमानता देखिन नआउने ।

माथि उल्लेख गरिएबमोजिम सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय, धनगढीको मिति २०६८।५।७ को निर्णय र क्षेत्रीय प्रहरी कार्यालय,

दिपायलको मिति २०६८।९।३ को निर्णयमा कुनै कानूनी त्रुटि नदेखिएकाले निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन। रिट निवेदन खारेज हुने।
इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री दीपकराज जोशी,** ०६८-WO-१०२६, परमादेश, *प्रमोदकुमार झा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकले उठाएको दण्ड सजायको ३८ र ५३ नं. को प्रश्नका सम्बन्धमा यसअघि माथि उल्लिखित मुद्दामा भएको आदेश कार्यान्वयन हुने वा नहुने सम्बन्धमा केही उल्लेख छैन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफमा त उक्त मुद्दामा भएको निर्देशनात्मक आदेश हालसम्म प्राप्त नै नभएको कुराको जिकिर लिइएको छ । विशेष इजलासबाट जारी भएको मिति २०६६।५।४ को आदेश महान्यायाधिवक्ताको कार्यालयमार्फत पठाइएको हुँदा उक्त कार्यालयले प्राप्त नगरेको भन्ने सुहाउने कुरा होइन । उक्त आदेश कुनै कारणले प्राप्त हुन सकेको रहेनछ भने तापनि प्रस्तुत रिट निवेदन परेपछि भए पनि आफ्नो दायित्व बोध गर्नुपर्ने हो। यस अदालतबाट भैसकेको आदेशबमोजिम काम गर्ने अपेक्षा सरकारसमक्ष गरिएको हुन्छ तथापि यसले प्राथमिकता प्राप्त गरेको देखिँदैन । तसर्थ यस सम्बन्धमा ध्यानाकर्षण गराउनु पर्ने देखिने।

जहाँसम्म अदालत आफैँले कानून वा निर्देशिका बनाई लागू गर्नुपर्ने भन्ने प्रश्न छ, सोतर्फ हेर्दा कानूनको अभाव वा अपर्याप्तता भएको खण्डमा तत्कालको अत्यावश्यक खाँचो टार्नका लागि केही निश्चित अवस्थामा निश्चित सीमाभित्र रही निश्चित परिधिसम्म कहिलेकाहीँ यस अदालतबाट निर्देशिका जारी नभएको होइन र जारी हुन नसक्ने पनि होइन। तर विद्यमान कानून बदर नभएको र बहाल रहिरहेको अवस्थामा सो कानूनका विरूद्धमा वा सो कानूनलाई प्रत्यक्ष वा परोक्षरूपले संशोधन वा प्रभावित पार्ने गरी यस अदालतबाट निर्देशिका जारी गर्न सकिँदैन । शक्ति पृथकिकरणको सिद्धान्तअनुसार कानून निर्माण गर्ने, संशोधन वा परिमार्जन गर्ने र खारेज गर्ने काम विधायिकी विषय हुने हुँदा विधायिकाले गर्नुपर्ने काम सो निकायबाट नै हुनु पर्ने हुने।

वस्तुतः परमादेशको आदेश जारी हुनको लागि कानूनी हक र कानूनी दायित्वको विद्यमानता हुनु पर्दछ। कानूनमा नै स्पष्टरूपमा व्यक्तिको हक स्थापित गरिएको छैन र कानून परिपालना गर्ने वा गराउने निकाय पनि कानूनद्वारा स्पष्टरूपमा निर्देशित भएको अवस्था छैन भने परमादेश जारी हुने स्थिति सिर्जना हुन सक्दैन। परमादेशको रिट न खास कानून बनाउन विधायिका विरूद्ध जारी गर्न सकिन्छ न अदालतबाट भएको निर्देशनात्मक आदेश कार्यान्वयनको लागि जारी गर्न सकिने।

प्रस्तुतः परमादेशको आदेश जारी हुनको लागि कानूनी हक र कानूनी दायित्वको विद्यमानता हुनु पर्दछ। कानूनमा नै स्पष्टरूपमा व्यक्तिको हक स्थापित गरिएको छैन र कानून परिपालना गर्ने वा गराउने निकाय पनि कानूनद्वारा स्पष्टरूपमा निर्देशित भएको अवस्था छैन भने परमादेश जारी हुने स्थिति सिर्जना हुन सक्दैन। परमादेशको रिट न खास कानून बनाउन विधायिका विरूद्ध जारी गर्न सकिन्छ न अदालतबाट भएको निर्देशनात्मक आदेश कार्यान्वयनको लागि जारी गर्न सकिने।

रिट निवेदकको मागबमोजिम परमादेशको आदेश जारी हुने वा निर्देशिका बनाउन सकिने सैद्धान्तिक आधारको विद्यमानता नदेखिएको अवस्थामा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।
इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-०७१०, निषेधाज्ञा / परमादेश, *राजविराज भन्सार कार्यालय, सप्तरी वि. बौका मलाहा*

सुपारी चोरी निकासी मुद्दामा बल्थर मण्डलले गरेको बयानमा उक्त सुपारीसमेत विपक्षी बौका मलाहाको हो नभनी आफ्नै भएको भन्ने बयान दिएको देखिन्छ । सुपारीसमेतका निकासी गर्न लागेको सामान आफ्नो भएको र कानूनको रीतपूर्वक निकासी गर्न लागेको भए सुपारीसहित सामान बोक्ने मानिस पक्राउ परेपछि सो सम्बन्धमा सबुद प्रमाण पेस गरी सुपारीसमेत छुटाउनु पर्ने दायित्व विपक्षीको हुने देखिन्छ । मौकामा सो केही गर्न नसकी सामान निकासी गर्न लागेको मानिस पक्राउ परी भन्सार कार्यालयबाट चोरी निकासी गरेको ठहरी सामान जफत तथा सो कार्यमा संलग्न बल्थर मण्डललाई कैद सजाय हुने गरी निर्णय भैसकेपछि अहिले आएर सो सामानमात्र आफ्नो भएको भन्ने दाबी लिन मिल्ने अवस्था नहुँदा त्यस्तो दाबीका आधारमा उक्त सामान फिर्ता दिनु भनी पुनरावेदन अदालतबाट भएको आदेश त्रुटिपूर्ण देखियो । चोरीको सामान निकासी गरेको ठहरी सजाय हुने तर सामान भने अर्काको हुने स्थिति कानूनसम्मत हुन नसक्ने ।

भन्सार कार्यालयबाट सामान चोरी निकासी मुद्दामा भएको उक्त फैसला अन्तिम भई बसेको देखिन्छ । सो फैसला कार्यान्वयनको क्रममा लिलाम प्रक्रिया रोकिपाउनमात्र निवेदकले प्रस्तुत निवेदन दिएको तर उक्त फैसला बदर गरिपाउन भन्ने माग दाबी नै नभएको अवस्थामा भन्सार कार्यालयबाट भएको उक्त फैसलाको कानूनी वैधता र अस्तित्व समाप्त हुने स्थिति रहेन । यसरी भन्सार कार्यालयको फैसला अन्तिम भइबसेको हुँदा सो फैसलाअनुसार कार्यान्वयन गर्नुपर्ने विषयहरूलाई प्रत्यक्ष वा परोक्षरूपमा बन्देज वा रोक लगाउन कानूनत: मिल्ने नहुने हुँदा भन्सार कार्यालय, राजविराजको मिति २०६९।७।३ को फैसलाबमोजिम भए गरेको कुरालाई निषेधाज्ञा वा परमादेशबाट बदर हुन नसक्ने हुँदा पुनरावेदन अदालत, राजविराजको मिति २०६९।१।३ को आदेश कायम रहन नसक्ने भएकाले सो आदेश उल्टी हुने ।

इजलास अधिकृत: अनिल कुमार शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-०९३०, परमादेश, *त्रियुगा नगरपालिका वडा नं. २ स्थित त्रियुगा नगरपालिका कार्यालय, गाईघाट वि. गुजाई चौधरी*

दाबीको जग्गामा नदीले कटान गरी जग्गा बालु बुर्जामा परिणत भएकामा २०३७ सालदेखि पुनः भोगचलन गरेको भन्ने निवेदनमा उल्लेख भएको देखिन्छ । २०३७ सालदेखि नदीले छाडी आवाद गरिएको भनिएको जग्गा दर्ता हुन बाँकी छ भन्ने थाहा हुँदाहुँदै र नापीको समयमा जोताहाको महलमा खोला जनिएको जानकारी हुँदाहुँदै मिति २०६७।१।११ मा सो जग्गा दर्ताको लागि सिफारिस गरिपाउन नगरपालिका कार्यालयमा निवेदन दर्ता गराएको पाइयो । यसरी यति लामो समयपछिमात्र निवेदन दर्ता गर्नु पर्नाको कारण रिट निवेदकले खुलाउन सकेको पाइएन । कि.नं. ११४ को जग्गाको फिल्डबुक हेर्दा उक्त जग्गाको क्षेत्रफल ६१-२-१४ देखिन गई जोताहा महलमा खोला जनिएकामा आफ्नो हक भोगको भनेको ज.बि. २-९-५ को जग्गा अन्यत्र घुसि नापजाँच हुन गएको भए समयमै उजुर गरी आफ्नो स्रेस्ता सच्चाउनेतर्फ लाग्नु पर्नेमा सोसमेत गरेको नदेखिने ।

मालपोत ऐन, २०३४ को दफा २० मा नदीकाट, बालुबुर्जा भएमा मालपोत मिन्हा दिने व्यवस्था भएकामा मिन्हातर्फ निवेदन दिई कारवाही चलाएको व्यहोरा पनि खुल्न आएको छैन । दाबीको जग्गामा खोला जनिएकामा खोलानालासमेत रहेको जग्गालाई मालपोत ऐन, २०३४ को दफा २ को खण्ड (ख२) ले सरकारी जग्गाको परिभाषाभित्र राखेको हुँदा सरकारी जग्गाको रूपमा हेर्नुपर्ने हुन्छ । सरकारी वा सार्वजनिक

जग्गालाई व्यक्ति विशेषको नाममा दर्ता वा आवाद गर्न गराउन सो ऐनको दफा २४(१) ले प्रतिबन्ध लगाएको हुँदा दाबीको जग्गा आफ्नो हो भन्ने आधार प्रमाण खुलाउन नसकेसम्म र म्यादभित्रै त्यसतर्फ दरखास्त नदिएसम्म त्यस्तो सरकारी जग्गालाई व्यक्तिका नाममा दर्ता गरिदिन भनी सिफारिस गर्न नमिल्ने।

वस्तुतः कानूनबमोजिम कर्तव्य तोकिएको कुनै अधिकारी वा निकायले त्यस्तो कानूनी दायित्व पालना गर्न इन्कार गरेमा परमादेश जारी गरिन्छ। जब निवेदकले माग गरेको विषय नै कानूनमा आधारित छैन भने अदालतबाट परमादेश जारी हुन सक्दैन। प्रस्तुत विवादमा विपक्षी निवेदकले छुट दर्ताको लागि पुनरावेदक नगरपालिकासमक्ष माग गरेको जग्गा प्रथम दृष्टिमा नै निवेदकको हक, भोग र तिरो तिरानभित्रको जग्गा हो भन्ने देखिँदैन। परापूर्व कालदेखि खोला बगिरहेको र त्यसको बगर समेत अवस्थित रहेको जग्गा व्यक्ति विशेषको हक भोगको जग्गा हुन सक्ने कुनै कानूनी र तथ्यगत आधार देखिँदैन। त्यसैले त्यस्तो खोलानालासमेतको सार्वजनिक जग्गा दर्ता गराउने वा हडप्ने बद्नियतबाट विपक्षी निवेदकले दिएको निवेदनअनुसार पुनरावेदकले जग्गा दर्ताको सिफारिस दिन नमिल्ने हुँदा सिफारिस दिनु भनी पुनरावेदन अदालतबाट भएको आदेश प्रथमतः त्रुटिपूर्ण देखिँदा कायम रहन नसक्ने हुँदा नापीमा नै खोला जनिएको जग्गा विपक्षी निवेदकको हो भनी विपक्षी निवेदकका नाममा नगरपालिकाले सिफारिस गर्नुपर्ने बाध्यता रहेको देखिएन। यस्तो अवस्थामा पनि सरजमिन सिफारिस गर्नु भनी आदेश जारी गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।८।२५ को आदेश मिलेको नदेखिएकाले उल्टी हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WO-०३२१, उत्प्रेषण / परमादेश, *रामुराय यादव वि. नेपाल सरकार, रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकलाई आफूभन्दा माथिल्लो दर्जाका सेनानी पदमा बहाल रहेका व्यक्तिलाई हातपात गरेको कसुरमा अभियोग लगाएकामा निजले समरी जनरल सैनिक अदालतमा बयान गर्दा आफू आवेशमा आएर होहल्ला गरी सेनानी अरूणबहादुर सिंहलाई हातपात गरेको कुरा स्वीकार गरेका छन्। सुरू अदालतले गरेको फैसलाउपर पुनरावेदन सुन्ने निकाय सैनिक विशेष अदालतले पुनरावेदन सुनी सो फैसला सदर गरेको छ। मुद्दाका पक्ष विपक्षका साक्षी प्रमाण बुझी तथ्यको विश्लेषण गरी गरिएको उक्त फैसलामा कुनै गम्भीर कानूनी त्रुटि नभएसम्म सो फैसलाको अस्तित्व र वैधतामाथि प्रश्न उठ्न नसक्ने।

सक्षम अदालतको फैसला कानूनसम्मत हुँदासम्म बदर गर्नुपर्ने प्रयोजन नरहने हुँदा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएकाले रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-०४०१, छुट जग्गा दर्ता हक कायम, *विशो भन्ने केशवप्रसाद कोइराला वि. युवराज भन्ने बद्रिप्रसाद पोखरेल*

विवादका जग्गाहरू हक कायम गरी दर्ता गरिपाउँ भन्ने सुरू माग दाबी भएको प्रस्तुत मुद्दामा पुनरावेदन अदालतले फैसला गर्दा हदबन्दीसम्बन्धी प्रश्न उठाई पर्न आएको मुद्दामा वादी दाबीबमोजिमको कुरामा निर्णय नगरी सम्बन्धित निकायमा सरोकारवाला पक्षले पहल गरेमा कानूनबमोजिम हुने भनी पन्छाएको देखिन आउँछ। वादीले दाबी गरेको विषयमा सबुद प्रमाणको रोहमा जे ठहर्छ निर्णय गरी दिनुपर्नेमा सोतर्फ प्रवेशै नगरी निर्णय नगर्न मिल्दैन। दाबी गरेको विषयमा इन्साफ गर्नु पूर्व इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध

प्रमाण बुझी निर्णय गरिदिनु पर्ने हुन्छ। तसर्थ विवादका जग्गामा वादीको हक कायम गरी दर्ता गरिपाउँ भन्ने वादी दाबी नपुग्ने गरी मोरङ जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६४।५।१२ को फैसला मिलेको नदेखिँदा सो फैसला बदर गरिदिएको छ। माथि उल्लिखित आधार र कारणबाट अब कानूनबमोजिम जो बुझ्नु पर्ने बुझी ठहर निर्णय गरी दिनु भनी पक्ष विपक्षीलाई तारेख तोकी मिसिल र मुद्दाका पक्षहरूसमेत पुनरावेदन अदालत, विराटनगरमा पठाई दिने।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल पुस २१ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७–CR–०२४५, जबरजस्ती करणी, *प्रमोद शाही वि. नेपाल सरकार*

जबरजस्ती करणी जस्तो अपराधमा महिलाले आफ्नो इज्जतलाई ख्याल नगरी किन उजुर गरे होलान् भन्ने अनुमानका आधारमा न्यायिक निष्कर्ष निकाल्नु हरेक घटनाको सम्बन्धमा न्यायोचित पनि हुँदैन। जबरजस्ती करणीको वारदात भएको हो भन्ने तथ्य विवादरहित एवम् वस्तुनिष्ठरूपमा पुष्टि हुन सक्नु पर्छ। पीडित भनिएको वयस्क व्यक्तिले करणी भएको भनी सविस्तार बर्णन गरेको भन्ने आधारमा मात्र जबरजस्ती करणी स्थापित हुने होइन, जबरजस्ती करणीको कसुर स्थापित हुन् । पीडितको शरीरमा सङ्घर्षका चिह्न वीर्य, रौंलगायतका भौतिक प्रमाणहरूको साथै लुगा च्यातिएको, गुहार माग्दा नपाएको जस्ता कुराहरूबाट समेत वारदात पुष्टि हुनुपर्ने हुन्छ। प्रतिवादीको वीर्य वा रौं भेटिएको वा पीडित भनिएकी महिलाको शरीरमा सङ्घर्षका चिन्ह रहेको भन्ने पुष्टि भएको अवस्था पनि छैन। प्रस्तुत मुद्दामा प्रतिवादीले पीडित भनिएकी व्यक्तिलाई हतार हतार जबरजस्तीसँग करणी गरेको भन्ने पुष्टि हुन सक्ने कुनै विश्वसनीय आधार प्रस्तुत मुद्दामा देखिँदैन। बरू आधा घण्टासम्म करणी भएको भनी दाबी गरिएकामा Central Police Forensic Science Laboratory बाट प्राप्त स्वास्थ्य परीक्षण प्रतिवेदनमा क कुमारीले लगाएको पेन्टीमा Semen Could not be detected भनी पेन्टीमा वीर्य भए नभएको निश्चय नभएको भन्ने देखिने।

क कुमारीलाई प्रतिवादीले बाटोमा खुकुरी देखाई धम्की दिई कोठामा लगेको भनी अदालतमा क कुमारीको बकपत्र भए तापनि प्रहरीमा कागज गर्दा खुकुरीको कुनै प्रसङ्ग नै देखाएको पाइँदैन। खुकुरी बरामद भएको पनि देखिँदैन। प्रहरीमा कागज गर्दा प्रतिवादीले जबरजस्ती करणी गरी सकेपछि लुगा लगाई प्रतिवादी भागी गएको र क कुमारी आफूले पनि लुगा लगाई कोठामा रोइबसेको भनेको छ। घटना पछि पनि करणी भएको कोठामा ढोका थुनी बस्ने अवस्था किन परेको हो सो खुल्न सकेको छैन। क कुमारीको आमाको बकपत्रमा कोठामा बसेको अवस्थामा नै निज आई ढोकामा हानी ढोका खोल भनेपछि क कुमारीले ढोका खोलेको भनेको र आमा कोठामा पुगेपछि प्रतिवादी भागी गएको भनेको देखिन्छ भने क कुमारीको बकपत्रमा प्रतिवादी भागी गएपछि आमा आई ढोका खोल्न लगाएको भन्नेसमेतका कुराहरू विरोधाभाषपूर्ण भई अभियोगबमोजिमको कसुर स्थापित हुन सक्ने अवस्था नदेखिने।

अतः माथि विवेचना गरिएअनुरूप पीडित भनिएकी क कुमारी नाबालक पुष्टी नभएको, चिकित्सकको प्रतिवेदनले जबरजस्ती करणी भएको तथ्य स्थापित हुन नसकेको, क कुमारी विवाहित भएकाले योनीको झिल्ली च्यातिनु स्वाभाविक भएको, स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको योनाङ्गसमेत शरीरमा कतै चोटपटक नदेखिएको, वारदात हुँदा कुनै सङ्घर्ष भएको पुष्टि नभएको र प्रतिकार गरेको भन्ने कुराको जिकिरसमेत पुष्टि हुन आएन। यस्तो अवस्थामा अभियोग दाबीबमोजिमको कसुर प्रतिवादीले गरेको भनी

मान्न मिलेन । अतः सुरू सुर्खेत जिल्ला अदालतबाट प्रतिवादीलाई सफाइ हुने ठहर्‍याई भएको फैसला उल्टी गरी वादी दाबीबमोजिम प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको १ नं. विपरीतको कसुरमा पाँच वर्ष कैद र पीडितलाई प्रतिवादीबाट रू. पच्चिसहजार क्षतिपूर्ति भराउने ठहर्‍याई मिति २०६६।८।३० मा पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी हुने र प्रतिवादी प्रमोद शाहीले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल पुस २२ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०२९४, अग्रिम आयकर (आ.व. ०६०।६१), *कर प्रशासक सुरेश प्रधान वि. श्रीमती सागर जैन*

आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम विपक्षी हिलटेक इन्डस्ट्रिज प्रा.लि.ले आर्थिक वर्ष २०६०।०६१ को आय व्ययमा उल्लिखित ज्याला खर्चको आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम पन्ध्र प्रतिशतले हुने रकम अग्रिम कर दाखिला गर्नुपर्ने ठहर्‍याएको आन्तरिक राजश्व विभागको निर्णय मनासिब देखिएकामा उक्त निर्णय उल्टी गरी ऐ.ऐनको दफा ८९(१) बमोजिम १.५ प्रतिशत अग्रिम कर कट्टी हुने ठहर्‍याएको राजश्व न्यायाधिकरण, विराटनगरको मिति २०६६।८।२८ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । करदाता हिलटेक इन्डस्ट्रिज कम्पनी प्रा.लि.ले आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम आर्थिक वर्ष ०६०/६१ को आय व्ययमा पन्ध्र प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने गरी आन्तरिक राजश्व विभागबाट भएको निर्णय मनासिब ठहर्ने ।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल पुस २२ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०१९३, उत्प्रेषण / परमादेश, *झापा जिल्ला अनारमनी गाउँ विकास समिति वडा नं.३ बिर्तामोडस्थित शिव वजरंग भण्डारको तर्फबाट प्रदिप मित्तल वि. जिल्ला विकास समिति, झापा चन्द्रगढीसमेत*

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७ र अनुसूची २३ समेत विपरीत सुपारीमा कर लिएको भन्ने निवेदन दाबी सम्बन्धमा विचार गर्दा सो नियम २०७(१)(च) मा जिल्ला विकास समितिले कृषिजन्य वस्तुमा कर लिन पाउने नै देखियो । सुपारी कृषिजन्य उत्पादन हो भन्ने कुरामा विवाद देखिएन । नियम २०७(१)(च) मा भएको व्यवस्थाले कृषिजन्य उत्पादनमा कर लाग्न सक्ने व्यवस्था भैसकेपछि अनुसूची २३ मा सुपारी भन्ने वस्तु समावेश नभएको मात्र कारणले सुपारीमा जिल्ला विकास समितिले कर लिन पाउँदैन भन्ने तर्क गर्न मिल्दैन । नियमावलीको मूल नियममा प्रष्ट व्यवस्था भैसकेको कुरालाई अनुसूचीमा समावेश नभएकै मात्र कारणले नियमको मूल प्रावधान प्रभावहीन नहुने ।

रिट निवेदनपत्रको प्रकरण ५ मा स्थानीय बजारबाट सुपारी सङ्कलन गरेकामा कर लगाइएको भनी उल्लेख गरेको तथ्यबाट नियम २०७(२)क आकर्षित हुने अवस्था पनि नदेखिएबाट नियम २०७ र सोसँग सम्बन्धित अनुसूची २३ समेत विरूद्ध सुपारीमा कर लिएको भन्ने रिट निवेदन दाबी तर्कसङ्गत नदेखिने ।

मुद्दा दायर हुँदाको अवस्थामा विद्यमान रहेको स्थानीय स्वायत्त शासन नियमावलीमा पछि गएर मिति २०६१।९।२६ मा दोस्रो संशोधन भई नियम २०७ को नयाँ व्यवस्था भई उपदफा १ अन्तर्गत खण्ड क देखि च सम्मको व्यवस्था थप भई खण्ड च मा कृषिजन्य वस्तुमा जिल्ला विकास समितिले कर लगाउन सक्ने नयाँ व्यवस्था थप भएबाट तत्कालीन २०६० सालको

रिट नं. ३०५६ मा भएको आदेशबमोजिम नै प्रस्तुत मुद्दामा पनि आदेश हुनुपर्ने भन्ने माग दाबी तर्कसङ्गत नदेखिने । कानूनमा संशोधन हुनुपूर्व भएको कानूनी व्यवस्थाबमोजिम नै भएको आदेशको कानूनी मान्यता सम्बन्धित कानूनमा संशोधन भई अर्कै व्यवस्था आइसकेपछि यथावत रहिरहन्छ भनी अनुमान गर्नु न्यायसङ्गत नभएको हुँदा प्रस्तुत मुद्दामा संशोधित कानूनी व्यवस्था नै आकर्षित हुने।

स्थानीय बजार वा विदेश कहाँबाट सुपारी ल्याएको भन्ने तथ्यको प्रश्न समावेश भएको देखिन्छ । विदेशबाटै ल्याएको भए प्रज्ञापन पत्र पेस गर्न सकेको पनि देखिँदैन । सुपारी जिल्ला बाहिर वा विदेशबाट ल्याएको भए मौकामा नै त्यसको जिकिर वा जिल्ला विकास समितिमा उजुर गर्नुपर्नेमा त्यसो गरेको पनि देखिँदैन । गैरकानूनी कर ठेकेदारले उठाएको भए उजुर गर्न सक्नेमा त्यस्तो उजुर गरेको भन्ने पनि नदेखिँदा र ठेक्काको अवधिसमेत व्यतित भैसकेको देखिँदा रिट जारी हुने अवस्था देखिएन । ठेकेदार र निवेदकको सम्बन्धको विषय आपसमा नै टुङ्गो लगाउनु पर्ने प्रकृतिको देखिने हुँदा स्थानीय स्वायत्त शासन (दोस्रो संशोधन) नियमावली, २०५६ को नियम २०७ (१)(च) ले जिल्लाभित्र व्यावसायिक प्रयोजनको उद्देश्यले उत्पादन भएका कृषिजन्य वस्तुसमेतको व्यापारको हकमा नियम १९३ क बमोजिमको परामर्श समितिसमेतको सल्लाहमा प्रचलित बजार मूल्यको एक प्रतिशतमा नबढ्ने गरी जिल्ला परिषद्ले निर्धारण गरेको दर र कार्यविधिबमोजिम कर उठाउन सकिने व्यवस्था भई सोहीबमोजिम जिल्ला विकास समिति, झापाले यी निवेदकको कृषिजन्य वस्तु सुपारीमा कर लिएको भन्ने प्रस्तुत विवादको विषयको ठेक्का अवधि व्यतित भएको, जिल्ला विकास समितिले आयातित विषयमा कर लगाउन आदेश दिएको नदेखिएको र स्थानीयतासम्बन्धी तथ्यको प्रश्नसमेत समावेश भएको देखिएकाले तथ्यमा प्रवेश गर्न नमिल्ने हुँदा विपक्षीको कार्य कानूनविपरीत भन्न मिलेन । विपक्षीहरूको कार्यबाट निवेदकको कुनै अधिकारमा आघात पुगेको पुष्टि हुन नसकेबाट निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ ३० गते रोज २ शुभम् ।

यसै लगाउका मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-WO-०१९४, उत्प्रेषण / परमादेश, झापा जिल्ला मेचीनगर नगरपालिका वडा नं.१० स्थित सगरमाथा इन्टरप्राइजेजका तर्फबाट देवेन्द्र बुढाथोकी वि. जिल्ला विकास समिति, झापा चन्द्रगणीसमेत
- ०६८-WO-०४११, उत्प्रेषण / परमादेश, झापा जिल्ला मेचीनगर नगरपालिका वडा नं.१० स्थित सन्तोष गल्ला किसनाको तर्फबाट रोइतकुमार बुढाथोकी वि. जिल्ला विकास समिति, झापा चन्द्रगणीसमेत

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-००९९, नामसारी निर्णय बदर, *सुषमाकुमारी देवी सुब्बा वि. डोगियादेवी थरूनी*

मिति २०३३।३।३२ को अंशबन्डा कागजको छायाँप्रति हेर्दा दाबीको बिटौरीको जग्गा नगरीदेवीको अंशभागमा परेको सम्पत्ति नभई अमरलालकै नाउँमा रहेको भन्ने देखिन्छ । त्यस्तै पुनरावेदक वादी सुष्मा देवीलाई स्व. अमरलालको हक प्राप्त हुनेसम्मको कानूनी हैसियत रहेको भन्ने प्रमाण निजबाट प्रस्तुत हुन सकेको पनि देखिँदैन । नगरीदेवीको मृत्युपश्चात् निजको हक लाग्ने सम्पत्ति अष्टलोहको मान्यताअनुसार वादी सुषमाले प्राप्त गर्न सक्ने देखिए तापनि अंशबन्डा गरी बसेकी नगरीदेवीबाहेकका अंशियारको सम्पत्ति प्राप्त हुने देखिएन । मुलुकी ऐन, अपुतालीको २ नं. ले लोग्ने मरे स्वास्नीले र स्वास्नी मरे लोग्नेले अपुताली पाउने प्राथमिकता क्रम निर्धारण गरेको हुँदा नगरीदेवी

र प्रतिवादीसमेतका अंशियारबिच अंशबन्डा भैसकेको अवस्थामा निजको लोग्ने अमरलालको नाउँमा दर्ता रहेको सम्पत्तिमा निजको मृत्युपश्चात निजकी जीवित श्रीमती प्रतिवादी डोगियादेवी कै हक लाग्ने देखियो। पुनरावेदक वादीको धर्म आमा भनिएकी नगरी देवी आफू जीवित हुँदा नै अपुताली हक कायम गराउन नसकेको अमरलालका नामको सम्पत्तिमा नगरी देवीको शेषपछि यी पुनरावेदकको अपुताली हक कायम हुन सक्ने नदेखिने हुँदा प्रतिवादी डोगियादेवीको लोग्ने अमरलालको मृत्युपश्चात् निजको नाउँको सम्पत्ति निज अमरलालको जीवित पत्नी प्रतिवादी डोगियाकै नाममा नामसारी हुने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।५।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम्।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-१०८३, लागु औषध ब्रुपिनर्फिन, *नेपाल सरकार वि. राम दवाडीसमेत*

प्रतिवादी अदालत समक्ष लागु औषध खरिद बिक्रीको कारोबार गर्ने कुरामा इन्कार रही बयान गरेका छन् भने प्रतिवादीहरूको अनुसन्धानको क्रममा भएको बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुने कुनै तथ्ययुक्त प्रमाण मिसिल संलग्न रहेको पाइँदैन। लागु औषधको परिमाणसमेतलाई हेर्दा लागु औषध सेवन गर्ने कुरामा साबित रहेको तथ्यलाई अन्यथा भन्न सक्ने स्थिति पनि देखिएन। अरू मुद्दामा कसुर कायम भएको भन्दैमा प्रस्तुत मुद्दाको तथ्यलाई अलग गरी विश्लेषण गर्न मिल्ने पनि हुँदैन। लागु औषध निजहरूबाट बरामद भएकै आधारमा मात्र निजहरूले लागु औषधको बिक्री वितरणसमेतको कारोबार गरेको भन्न सक्ने अवस्था नभएकाले यस अदालतबाट प्रदान गरिएकोले निस्सा आदेशसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (ज) अनुसार सजाय गरी प्रतिवादीमध्येका किरण प्रताप हमाललाई ऐ. ऐनको दफा १६ बमोजिम थप सजायसमेत हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६९।३।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम्।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०२३४, अंश, *सीताराम कुर्मी वि. गोपाल कुर्मी*

सगोलमा रहेको कुनै एक अंशियारको मृत्यु भएको कारण निजका नामको सम्पत्ति सगोलकै अर्को अंशियारका नाममा दा.खा. नामसारी हुँदै सो सम्पत्तिमा निजको मात्र अपुताली हक कायम भएको निजी ठहर गर्न मिल्ने देखिँदैन । उक्त सम्पत्ति सगोलका सबै अंशियारलाई बन्डा लाग्ने नै देखिएकाले पुनरावेदक प्रतिवादीका नामको सम्पत्ति बन्डालगाएको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने।

सगोलको अंशियारको मृत्युपश्चात् प्रतिवादीको नाममा नामसारी भएको सम्पत्ति पनि सगोलकै हुने हुँदा उक्त सम्पत्तिमा समेत वादीको हक लागि निजले बन्डा गराई लिन पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६६।६।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अनिलकुमार शर्मा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १८ गते रोज ४ शुभम्।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०७५५, अंश दर्ता, *राधिकादेवी दुसाधीन वि. रतन हजरा दुसाधसमेत*

अंशबन्डाको महलको ३० नं. ले मुलुकी

ऐन सातौं संशोधन हुनुभन्दा अगाडिको अवस्थामा अंशबन्डाको लिखत रजिस्ट्रेसन नभए तापनि देहायको अवस्था प्रमाणित भएमा अंशबन्डा भएको मानिने व्यवस्था गरेको देखिन्छ :

क) आ-आफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखिल खारेजसमेत गराई सकेको रहेछ, वा

ख) बन्डाबमोजिम आ-आफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेकामा व्यवहार प्रमाणबाट बन्डा भइसकेको ठहरेमा।

प्रस्तुत मुद्दामा वादीको नामको कि.नं. ५ र ७ को जग्गा वादी प्रतिवादीको पिता भए चौधुर हजराका नाममा नापी भएमध्येको देखिन्छ। वादीको वारेस शेषनाथ दुसाध हजराले पुनरावेदन अदालतमा गरेको मिति २०६४।२।१ को कागजमा उक्त जग्गा हालसम्म पनि पुनरावेदक वादीको हकभोगमा रहेको छ भनी उल्लेख गरेको पाइन्छ। नापीकै समयमा वादी प्रतिवादीका नाममा अलग अलग नापी दर्ता भएको देखिन्छ। चौधुर हजराको सम्पत्ति प्रतिवादीको नाममा मात्रै नामसारी दाखिल खारेज भएको प्रमाण मिसिल संलग्न रहेको पनि पाइँदैन। प्रतिवादीले पर्सा जिल्ला, हरिहरपुर विर्ता गा.वि.स. वडा नं. ९ को कि.नं. १०९, वडा नं. ६ को कि.नं. ४८, वडा नं. १ को कि.नं. ५३१ मध्येको जग्गा अन्यलाई बिक्री गरेको देखिन्छ। यसरी बिक्री भएको जग्गामा वादीले उजुरवाजुर गरेको अवस्था फिराद लेखबाट नदेखिएको।

पहिलादेखि नै वादी प्रतिवादी भिन्न भिन्न भइबसेको र आ-आफ्नो नामको जग्गा आफूखुशी बिक्री गरेको र यस्तो व्यवहार गर्दा एकले अर्कोलाई सगोलको मानी साक्षी राखी वा स्वीकृति लिई बिक्री गरेको नदेखिएको अवस्थामा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने गरी भएको आदेशसँग सहमत हुन नसकिने।

इजलास अधिकृत : अनिलकुमार शर्मा

इति संवत् २०७१ साल चैत १८ गते रोज ४ शुभम्।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०८९१, निर्णय बदर हक कायम, *अकलान्तसागर ताम्राकार वि. नारायणबहादुर सिलवाल*

साबिक लगतमा मोतिरत्न उदासलाई जग्गाधनी देखाई मोहीले व्यहोरा लेखाएकामा मोतीरत्न उदास भनेको व्यक्ति आफू भएको र आफ्नो हाँडी गाउँ मौजाको हा.नं. ६४५ र ४८६ लगत देखाई सोबमोजिम दर्ता गरी पाउन माग गरेको देखिन्छ। प्रतिवादीले विर्ता भने पनि आफ्नो हक दाबी गर्न सकेको छैन। वादीको दाबीबमोजिम हुनुपर्ने हो होइन भन्ने विषयमा निर्णय गर्नुपर्नेमा जग्गा कसको हुने भन्ने कुराको निर्णय भएको नदेखिने।

वादीले पेस गरेको लगत भिड्छ, भिड्दैन, निजको हक दाबी पुग्ने हो, होइन भन्ने सम्बन्धमा पेस भएको सबुदको परीक्षण गरी स्पष्ट बोल्नु पर्नेमा दाबी पन्छाई कसैको पनि हक नहुने भनी हक बेहक नै नगरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।७।११ को निर्णय सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१०।२४ को निर्णय मिलेको नदेखिएकाले बदर गरी दिएको छ। अब जे जो बुझ्नु पर्छ बुझी दाबीको हकसम्बन्धी प्रश्नमा स्पष्ट आधार कारणसमेत खोली ठहर इन्साफ गर्नु भनी मिसिलसहित पक्ष विपक्षलाई तारेख तोकी सुरू काठमाडौं जिल्ला अदालतमा पठाइदिने।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल पुस २८ गते रोज २ शुभम्।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-११३८, ११३९ लिखत दर्ता बदर, *धनराज अहिर वि. सीमाकुमारी चौधरीसमेत, सीमाकुमारी चौधरीसमेत वि. भगवानदास चौधरीसमेत*

वादी दाबीको राजीनामा लिखत हेर्दा घरखर्च गर्न भनी लिखत पारीत गरी प्रतिवादीहरूले लिए

दिएको देखिए तापनि उक्त समय २१ वर्ष पुगेकी वादी पार्वती देवी चौधरीलाई उक्त लिखतमा साक्षी राखेको वा निजको मन्जुरी लिएको भन्ने देखिँदैन । यसरी लिखत पारित हुँदाका अवस्थामा एक्काईस वर्ष पुरा गरेकी वादी पार्वती देवीको सहमति भएको भन्ने देखिने कुनै कागज प्रमाण नभएको अवस्था उक्त कानूनी व्यवस्थाको आधारमा निज पार्वती देवीको हकमा चार भागको एक भाग लिखत बदर हुने नै देखिने।

घर व्यवहारबाहेक अन्य कुराको लागि जग्गा बिक्री गरेको भन्ने कुराको प्रमाण वादी पक्षबाट पेस हुन सकेको पाइँदैन। अंशबन्डाको १९(१) नं. ले एक्काईस वर्ष पुगी नसकेका व्यक्तिको मन्जुरी लिन पर्ने व्यवस्था नगरेको अवस्थामा घरको मुख्यले गरेको व्यवहारलाई अन्यथा भन्न मिल्दैन । नाबालकको पालनपोषण, शिक्षा दिक्षा, औषधोपचार जस्ता आधारभूत कुराहरूमा समेत पैतृक सम्पत्तिको परिचालन गर्नुपर्ने हुन्छ। पैतृक सम्पत्ति नभएका वा थोरैमात्र भएकाहरूले पनि आफ्ना सन्तानका लागि यी विषयहरूमा लगानी गर्ने दायित्वबाट पन्छिन मिल्दैन। बाबु आमाले पैतृक सम्पत्तिको बिक्री व्यवहारबाट पनि आफ्ना सन्तानहरूको संरक्षण र हित सम्बर्द्धन गर्दछन् भन्ने मान्यतामा आधारित रही भएको यो कानूनी व्यवस्थाभन्दा बाहिर गई घरको मुख्यले गरेको व्यवहारलाई अन्यथा भन्न नसकिने।

विवेचित आधारहरूबाट चार भागको एक भाग लिखत बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।७।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम्।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०३७६, ०६६२, कर्तव्य ज्यान, *बीरबहादुर ओली वि. नेपाल सरकार, प्रकाश ओली वि. नेपाल सरकार*

मृतकलाई मार्ने मुख्य जरिया प्रतिवादी प्रकाश ओलीको जग्गाको विषय भएको र निजले प्रतिवादी बीरबहादुरसँग गई मार्ने योजना बनाई सामूहिकरूपमा कसुरमा संलग्न रहे भएको अवस्थामा ज्यानसम्बन्धीको महलको १७ नं. आकर्षित हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

विवेचना गरिएका आधार एवम् प्रमाणहरूबाट वारदातमा प्रतिवादीद्वय बीरबहादुर ओली र प्रकाश ओलीसमेतको संलग्नता रहे भएको पुष्टि भएको हुँदा निजहरूले आरोपित कसुर गरेको ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम निजहरूलाई सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, दिपायलको मिति २०६६।१२।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १८ गते रोज ४ शुभम्।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०४००, जबरजस्ती करणी, *नेपाल सरकार वि. कल्लु भन्ने मोहम्मद सलिम मुसलमान*

प्रस्तुत मुद्दामा प्रतिवेदक, पीडित र मौकामा कागज गर्ने कुनै पनि व्यक्ति अदालतमा उपस्थित भई बकपत्र गर्न सकेको पाइएन । वादीतर्फका कुनै पनि साक्षीहरू अदालतमा उपस्थित नभएमा अनुसन्धानको क्रममा तयार भएका कागजातहरूको न्यायिक परीक्षण हुन नसक्ने । अनुसन्धानमा बुझिएका व्यक्तिको अदालतमा बकपत्र हुनुपर्ने मान्यता रहनुको पछाडि त्यस्ता व्यक्तिहरूले व्यक्त गरेको कुरा सोधपुछ, जिरहका माध्यमबाट पुनः परीक्षण गराई त्यस्ता व्यक्तिको भनाइको प्रमाणिक आधार स्थापित गर्नु पनि हो । अनुसन्धानका क्रममा तयार गरिएका तर अदालतमा स्वतन्त्ररूपमा पुष्टि नभएका प्रमाणलाई

मात्र आधार मानेर अदालत कुनै निर्णयमा पुग्न सक्ने अवस्था रहँदैन। प्रमाण ऐन, २०३१ को दफा १८ ले तहकिकात वा जाँचबुझको सिलसिलामा तयार भएका लिखतमा उल्लेख भएको कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा मात्र प्रमाणमा लिन हुने व्यवस्था गरेको देखिने। मुद्दामा अनुसन्धानको क्रममा व्यक्त भएका कुरा र पेस भएको सुरू प्रतिवेदनलाई पुनरावेदन जिकिरमा उल्लेख भएजस्तो न्यायिक परिक्षणबिना नै प्रमाणमा लिन मिल्ने हुँदैन । लाटी र मानसिक सन्तुलन नभएकी पीडित भनी स्वीकार गरेको वादी पक्षकै भनाइ मान्ने हो भने पनि त्यस्तो पीडितले अदालतमा आई आफ्नो भनाइ राख्नुले झन् महत्त्व राख्दछ । उक्त कुरालाई प्रमाणमा लिन मिल्ने अर्थ गर्ने हो भने प्रमाण ऐन, २०३१ को दफा १८ को व्यवस्था औचित्यहीन र प्रभावहीन हुन जाने।

साक्षीहरूको भनाइबाहेक वादी दाबी खम्बिर हुन सक्ने अन्य भौतिक प्रमाणको विद्यमानता पनि हेर्नुपर्ने हुन्छ। कन्याजाली नरहेको भन्नेसम्म पीडितको शारीरिक जाँच प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । कन्याजाली नरहनु नै प्रतिवादीको कसुर स्थापित हुन सक्ने एकमात्र आधार हुन सक्दैन । कन्याजाली तत्काल च्यातिएको नदेखिनु, योनीमा वीर्य फेला नपर्नु प्रतिवादीको समेत लिङ्ग परीक्षण गर्दा चोटपटक लागेको नदेखिनु र वीर्य वा योनी रसको अवशेष त्यसमा फेला परेको नदेखिनुका साथै प्रतिवादी मोहम्मद सलिमले करणी गरेको भन्ने आरोपलाई अनुसन्धान र अदालतसमक्षको बयानमा समेत करणी गरेको भन्ने आरोपलाई स्वीकार गरेको नदेखिएबाट प्रतिवादीउपरको कसुर प्रमाणित हुन सक्ने आधारको विद्यमानता रहेको नपाइने।

प्रतिवेदक, पीडित एवम् अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरू अदालतमा उपस्थित भई बकपत्र गर्न नसकेको र पीडित एवम् प्रतिवादीको शारीरिक परीक्षणबाटसमेत जबरजस्ती करणी गरेको देखिने प्रमाणको अभाव रहेको अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत तुलसीपुर, दाङको फैसलामा कुनै त्रुटि विद्यमान नदेखिँदा मिति २०६६।११।१८ को फैसला सदर हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा
कम्प्युटर गर्ने: मन्जिता ढुंगाना
इति संवत् २०७१ साल चैत १८ गते रोज ४ शुभम्।

१९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०४८४, कुटपिट अङ्गभङ्ग, *नेपाल सरकार वि. बेचु गोइतसमेत*

पीडित जाहेरवालाहरूमध्ये अरूणकुमार छिटानको दुवै पाखुरा भाँचिएकामा निजको Ulna bone पूर्णरूपमा जुटिसकेको भन्ने जनकपुर अञ्चल अस्पतालको मिति २०६३।९।३ को पत्र तथा पवनकुमार छिटानको हकमा निजको बाँया कानको अपरेसन गरेपछि पूर्णरूपमा निको हुनेछ भन्ने उक्त अस्पतालको मिति २०६३।९।४ को पत्रबाट देखिन्छ । जाहेरवालाहरूको घा जाँच केस फाराम र पत्र व्यहोराबाटै निजहरूलाई लागेको चोट अङ्गभङ्ग प्रकृतिको नदेखिई कुटपिटसम्मको अवस्था देखिएको हुँदा सुरूको फैसला उल्टि गरी जाहेरवालाले सकार गर्न आएमा प्रस्तुत मिसिलबाटै कुटपिटमा कारवाही चल्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा नदेखिने हुँदा जाहेरवालाहरूलाई लागेको चोट कुटपिटको महलको २ नं. मा उल्लेख भए जस्तो हातको जोर्नी भाँची फोरी बेकम्मा पार्नेसम्मको अङ्गभङ्ग प्रकृतिको नदेखिएको अवस्थामा आरोपित कसुर अङ्गभङ्ग नठहरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ अनुसार हुने गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६६।९।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७१ साल चैत १८ गते रोज ४ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६६-CI-०३१३, जग्गा दर्ता, *मालपोत कार्यालय, कास्की वि. बामदेव बास्ताकोटी*

कुनै पनि हक बेहक तेरो मेरो प्रमाण बुझ्ने कार्यको विवादमा अदालतलाई मात्र त्यसको विवेचना गरी निर्णय गर्ने अधिकार भएकामा कुनै पनि निकायले त्यस्तो अवस्था परी निर्णय गर्नु पर्दा हकबेहकमा सुनाउन भनी निर्णय गर्नुपर्ने।

निवेदकको निर्विवाद हक स्थापित भइसकेको नदेखिएको अवस्थामा निषेधाज्ञाको रिट खारेज भएको अवस्था हुँदा प्रस्तुत दाबीको कि.नं. ६२२ को क्षेत्रफल ३९-२-२-० को जग्गामा वन कार्यालयको र विपक्षी निवेदकको तेरोमेरोको अवस्था देखिएको र तेरोमेरो परेको विषयमा प्रमाण बुझी इन्साफ गर्न मालपोत कार्यालयलाई अधिकार रहेको नदेखिँदा तेरोमेरो देखिएको अवस्थामा सोतर्फ सुनाउनु पर्नेमा सो नसुनाई निर्णय गरेको मालपोत कार्यालय, कास्कीको मिति २०६५।०३।३० को निर्णय नमिलेकाले उक्त निर्णय बदर गरी अब जो जे प्रमाण बुझ्नुपर्ने भए बुझी तेरोमेरोमा सुनाउनु भनी गरेको पुनरावेदन अदालत, पोखराबाट भएको फैसला मनासिब नै देखिने।

विवादित जग्गामा तेरोमेरोको अवस्था देखिएको र तेरोमेरो परेको विषयमा प्रमाण बुझी मालपोत कार्यालयलाई निर्णय गर्ने अधिकार नभएको हुँदा तेरोमेरो देखिएको अवस्थामा सोतर्फ सुनाउनु पर्नेमा सो नसुनाई निर्णय गरेको मालपोत कार्यालय कास्कीको मिति २०६५।०३।३० को निर्णय बदर गरी अब जो जे प्रमाण बुझ्नुपर्ने भए बुझी तेरोमेरोमा सुनाउनु भनी गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६६।०३।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ।

इजलास अधिकृत : शकुन्तला कार्की
कम्प्युटर : गीता घिमिरे
इति संवत् २०७१ साल चैत २ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६६-CI-०४८८, घर जग्गा खिचोला, *रामचन्द्र साह वि. सुरेन्द्रप्रसाद पटेल*

वादी दाबीको रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ६ख कि.नं. १३२ को ०-०-४१/४ ऐलानी जग्गाको र सोमा बनेको घरको सम्बन्धमा हेर्दा मिसिल संलग्न रहेको नापी शाखा, रौतहटको फिल्डबुक उतारमा उल्लिखित जग्गाको जोताहको नाउँमा नगीनावरही विश्रामपुर भनी घडेरी भनी जनिएको देखिन्छ। उल्लिखित जग्गा सुनमायादेवी वरैबाट मिति २०५९।८।१ मा र.नं. ३१०१ बाट रू.एकलाखमा रामदुलरीदेवीले राजीनामा गरी लिएको र रामदुलारीदेवीबाट मिति २०६१।२।४ मा र.नं. १०१२३ बाट सत्तरीहजार रूपैयामा यी वादी सुरेन्द्रप्रसाद पटेलले उल्लिखित घर जग्गा राजीनामा गरी लिएको पारित लिखतबाट देखिएको अवस्थामा अदालतबाट मिति २०६५।२।२५ मा भई आएको सर्जमीन मुचुल्कामा प्रतिवादी रामचन्द्र साहले भोग गरी आएको भन्ने आधारलाई मात्र ग्रहण गरी निर्णयमा पुग्न कानूनतः मिल्दैन। मालपोत कार्यालयबाट रजिस्ट्रेसन पारित भएको लिखत यथावत् रहेको अवस्थामा विवादित घर जग्गाको सम्बन्धमा सोही लिखतलाई नै आधिकारिक लिखत मान्नु पर्ने देखिन आएकाले वादी दाबीको कि.नं. १३२ को ०-०-४१/४ जग्गा र सोमा बनेको घरसमेत वादीको नै देखिन आउने।

वादी दाबीको रौतहट जिल्ला, विश्रामपूर गा.वि.स. वडा नं. ६ख कि.नं. १३२ को घर जग्गामा प्रतिवादीले खिचोला गरेको देखिएकाले वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला

उल्टी गरी वादी दाबीको घरजग्गा प्रतिवादीले खिचोला गरेको र चलनसमेत पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।५।२९ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत ९ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-CI-१५५६, अंश, *बिमल कार्कीसमेत वि. अर्चना कार्की*

कानूनी व्यवस्थाअनुसार पैतृक सम्पत्ति बन्डा गर्दा प्रत्येकको बराबर अंश भाग छुट्ट्याउनु पर्ने हुँदा पुनरावेदक प्रतिवादीको कोखबाट जन्मिएका छोरा युगल कार्कीसमेतको बाबुको सम्पत्तिमा अंश लाग्ने नै देखिन आएको छ। पैतृक सम्पत्ति प्राप्त गर्ने विषय प्रत्येक व्यक्तिको जन्मसिद्ध एवम् नैसर्गिक अधिकारसमेत भएको हुँदा निज युगल कार्कीले अंश पाउने विषयमा अन्यथा हुने अवस्था नदेखिने।

प्रतिवादी पुनरावेदकले पुनरावेदक प्रतिवादीमध्ये ममता कार्कीको नाममा स्रेस्ता कायम रहेको कैलाली जिल्ला तारानगर गा.वि.स. वडा नं. ४(क) कि.नं. १४९ को ०-१-० जग्गा निजी आर्जनको हुँदा बन्डा लाग्नु पर्ने होइन भन्ने जिकिर लिएकामा उल्लिखित सम्पत्ति मिति २०५७।८।१२ मा प्रतिवादीमध्ये ममता कार्कीले राजीनामा पास गरी लिएको देखिएको छ। पुनरावेदक प्रतिवादीमध्ये ममता कार्की प्रतिवादी गजेन्द्र कार्कीको आमा भएकामा माता पिताको नाममा जुनसकै तरिकाबाट प्राप्त सम्पत्तिमा निजका सन्तानको अंश हक लाग्ने नै हुँदा सो सम्पत्तिमा यी वादीका पति गजेन्द्रको अंश हक लाग्ने हुँदा सो सम्पत्तिमा यी वादी अर्चना कार्कीको समेत अंश हक लाग्ने नै देखिने।

प्रतिवादी ज्ञानु कार्कीको कोखबाट मुद्दा पर्दापर्देको अवस्थामा छोरा युगल कार्कीको जन्म भएको देखिएकाले मुलुकी ऐन, अंशबन्डाको महलको १ नं. र २ नं. बमोजिम निजसमेतको अंश भाग लाग्ने देखिँदा प्रत्यर्थी वादीले निजको पति प्रतिवादी गजेन्द्र कार्कीको अंश भागबाट ४ खण्डको १ खण्ड अंश पाउने ठहर गरेको हदसम्म पुनरावेदन अदालत, दिपायलको मिति २०६७।६।४ गतेको फैसला नमिलेकाले सो हदसम्म केही उल्टी भई प्रत्यर्थी वादीले प्रतिवादी गजेन्द्र कार्कीको अंश भागबाट ५ खण्डको १ खण्ड अंश पाउने ठहर्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत ९ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-CI-००८२, परमादेश, *सिद्धार्थ विकास बैंक लि. बुटवल ११ मिलनचोक रूपन्देही, सिद्धार्थ डेभलपमेन्ट बैंक लि. केन्द्रीय कार्यालय, तीनकुने काठमाडौंको तर्फबाट अख्तियारीप्राप्त महाप्रबन्ध निर्देशक दिपेन्द्र कार्की वि. गोपालबहादुर रोका*

ऋणीले ऋण लिनु बैंकले ऋण प्रवाह गर्नु सुरक्षाका उपायहरू अपनाउनु प्रक्रियागत कुरा हुन्। तर मृत्यु भैसकेको व्यक्ति नाउँ दर्ता जग्गा सुरक्षणका लागि ऋण गरेको हकवालाहरूको मन्जुरी लिनुपर्नेमा नलिएको जग्गाबाट पछि भरिभराउ हुन सक्छ वा सक्तैन भन्ने जस्ता सामान्य विषयको पनि पुनरावेदक बैंकले पालना गरेको नपाइने।

मृत्यु भैसकेको व्यक्ति नाउँको जग्गा रोक्का राख्न पठाउने लिखित जवाफ प्रस्तुतकर्ताले जग्गा कसको नाउँमा छ, उक्त जग्गा सुरक्षण(धितो) स्वरूप ग्रहण गर्न मिल्ने हो वा होइन हकवाला कति छन्, त्यस सम्बन्धमा केही नबुझी हकवालालाई सरोकार नै नराखी जग्गा रोक्का राख्न पठाएकामा जग्गा रोक्का राखेको थाहा थियो भन्न मिल्दैन, भए त्यसको लिखितरूपमा पुष्टि गर्न सक्नु पर्छ, त्यस्तो भएको छैन। दा.खा. नामसारीका लागि मालपोत कार्यालय गएको रोक्का रहेकाले हुन नसकेको भनी निवेदनमा

उल्लेख गरेकै छ, गैरकानूनी तरिकाले आदेश रोक्का रहेको जग्गा परमादेशको आदेशद्वारा फुकुवा हुने।

सम्पत्तिसम्बन्धी हक मौलिक हक हो। यसमा हकवालाले आफ्नो सम्पत्ति हक हस्तान्तरण गर्ने खरिद बिक्री गर्ने, उपभोग गर्ने कुरा व्यक्तिका संविधानले ग्यारेन्टी गरेका अधिकारहरू हुन्। आफ्नो नाममा कहिले जग्गा दाखिल खारेज नामसारी गर्ने भनी निवेदकहरूलाई विपक्षी बैंकले सिकाउने भन्ने होइन। सुरक्षण लिँदा कानूनसम्मत तरिकाले कानूनले लिन हुने सम्पत्ति कानूनको रीत पुर्‍याई लिनुपर्ने हो, मनपरी तरिकाले लिन नपाउने।

निवेदन मागबमोजिम निवेदकहरूको स्वर्गीय आमा तथा सासू क्वारीदेवी रोकाको नाउँ दर्ताको जग्गा पुनरावेदक सिद्धार्थ विकास बैंकको मिति २०६४।१।२४ को आदेशानुसार मालपोत कार्यालय, प्यूठानबाट रोक्का रहेका जग्गा फुकुवा गरिदिने गरी गरेको पुनरावेदन अदालत, तुलसीपुर दाङको फैसला अन्यथा नहुने हुँदा विपक्षी निवेदकको माग दाबीबमोजिम विपक्षीहरूको स्वर्गीय आमा तथा सासू क्वारीदेवी रोकाको नाउँ दर्ताको विपक्षी सिद्धार्थ विकास बैंकको मिति २०६४।१।२४ को आदेशानुसार मालपोत कार्यालय, प्यूठानबाट रोक्का रहेका जग्गा फुकुवा गरिदिनु भनी पुनरावेदकहरूका नाउँमा निवेदन मागबमोजिम परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुर दाङको मिति २०६७।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७१ साल चैत २४ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-CI-०८०३, लिखत बदर, *मिङमार गुरूङको अधिकृत वारेस दवा छ्युसुङ गुरूङ वि. अन्जना डङ्गोल*

जिल्ला अदालत वा पुनरावेदन अदालत कसको फैसला मिलेको छ भन्ने प्रश्नको सन्दर्भमा हेर्दा, पुनरावेदक प्रतिवादीका दाताहरू र विपक्षी वादी दाजुभाइ दिदी बहिनी नाताका रहेकामा विवाद देखिएन। विपक्षी वादी अञ्जना डङ्गोलसमेतले आफू अविवाहित रहेको कारण पुनरावेदकका दाता प्रतिवादी श्यामकुमार डङ्गोलसमेतको अंशियार रहेको भनी लिएको फिराद दाबी प्रतिवादीहरूले अस्वीकार गर्न नसकेको एवम् मिसिल सामेल प्रमाणको रूपमा पेस हुन आएको वादी अञ्जना डङ्गोलसमेत र प्रतिवादी श्यामकुमार डङ्गोलसमेत भई चलेको अंशचलन मुद्दाको मिसिलसमेतबाट प्रतिवादीहरू श्यामकुमार डङ्गोल, संजिवकुमार डङ्गोल र फिरादीहरू अञ्जना डङ्गोल तथा सजनी डङ्गोल एक आपसमा अंशियार रहेका र निजहरूबिच अंशबन्डा हुन बाँकी नै रही एकासगोलमा रहेको भन्नेमा विवाद नरहने।

पुनरावेदकका दाता तथा विपक्षी वादीहरू एकासगोलमा रहेको अवस्थामा यी पुनरावेदक प्रतिवादी लिने र प्रतिवादीहरू श्यामकुमार डङ्गोल तथा संजिव डङ्गोल दिने भई विवादित र.नं. ६८९(क) को लिखत पारित गरी लिनुदिनु गरेको र सो लिखत पारित गर्दा फिरादीहरूको मन्जुरी नलिएको भन्नेमा विवाद देखिएन। घरमुलीले चलमा सबै र अचलमा आधासम्म घर व्यवहार चलाउनका लागि अन्य अंशियारको मन्जुरी नलिई गरेको बिक्री व्यवहार सदर हुने कानूनी व्यवस्था अनुसार नै मेरा दाताबाट घरमुलीको हैसियतले घर व्यवहार चलाउनका लागि बिक्री गरी राजीनामा लिखत पारित गरी दिएको जग्गाको लिखत सदर हुनुपर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिर रहेको सन्दर्भमा हेर्दा, विवादित लिखतको जग्गा पुनरावेदकका दाताहरूको स्वआर्जनको आफूखुस गर्न पाउने जग्गा भएको भन्ने पुनरावेदकसमेतबाट जिकिर लिन नसकेको अवस्था हुँदा सो सम्पत्ति पैतृक सम्पत्ति नै रहेछ भन्ने मान्नुपर्ने।

वादीहरूको मन्जुरी नलिई पारित गरी दिएको र.नं. ८६९(क) मिति २०६३।६।२३ को लिखत निजहरूको हक जति बदर हुनुपर्नेमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको

मिति २०६६।५।२५ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक वादीमध्येका सजनी डङ्गोलको मृत्यु भइसकेकाले जिवित पुनरावेदक वादी अञ्जना डङ्गोलको हक जति उक्त लिखत ४ भागको १ भाग बदर भई निजको नाममा दर्तासमेत हुने ठहर्छ भनी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।५।१८ को फैसला मिलेको देखिँदा सदर हुने।

पुनरावेदक प्रतिवादीले विपक्षी वादीहरूको अंश हक लाग्ने जग्गा नै निजका दाताहरूसँगबाट खरिद गरी लिएको भन्नेमा विवाद नदेखिएको अवस्थामा अन्य अंशियारको अंशहक जतिमा निजले लिएको लिखत बदर गर्न मिल्दैन भनी अंशहक जस्तो नैसर्गिक र आधारभूत हकबाट कसैलाई पनि वञ्चित गर्न मिल्ने हुँदैन। यी पुनरावेदकले लिखत पास गरी खरिद गरी लिएकै आधारमा सो लिखत बदर गर्न नमिल्ने भनी व्याख्या गर्ने हो भने विपक्षी अञ्जना डङ्गोलले आफ्नो अंशहक जस्तो नैसर्गिक हकबाट वञ्चित हुनुपर्ने अवस्था आई कुनै पनि किसिमबाट कसैको अंशहक मार्न हुँदैन भन्ने मान्य सिद्धान्त तथा न्यायिक मान्यताविपरीत हुन जाने हुन्छ। तसर्थ विवादित लिखतमध्ये अञ्जना डङ्गोलको हक जति उक्त लिखत ४ भागको १ भाग बदर भई निजका नाममा दर्तासमेत हुने ठहर गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।५।१८ को फैसला बदर गरी सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : इन्दिरा शर्मा

इति संवत् २०७१ साल चैत २ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-CI-१०२६, निषेधाज्ञा, *सानुभाइ अधिकारी वि. गोपाल लोहनी*

यसै मुद्दाको मूल मुद्दाको रूपमा पुनरावेदन अदालत, पाटनमा सुनुवाईको क्रममा रहेको २०६७ सालको ०६७-DP-११६९ तथा २०६७ सालको ०६७-DP-११७० निर्णय बदर दर्तासमेत मुद्दा उक्त अदालतलबाट मुद्दा सुनुवाई हुँदा “प्रस्तुत पुनरावेदन यस अदालतमा नलाग्ने भएकाले मालपोत कार्यालयको उक्त निर्णय बदरतर्फ काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भई कारवाही निर्णय बदर दर्तासमेत चलिरहेको भन्ने पुनरावेदक स्वयम्ले प्रस्तुत पुनरावेदन यो अदालतको क्षेत्राधिकार भित्रको होइन भनी स्वीकार गरेको अवस्थामा प्रस्तुत मुद्दा क्षेत्राधिकारविहिन पुनरावेदनबाट न्याय निरूपण गर्न नमिल्ने क्षेत्राधिकारविहिन देखिँदा खारेज हुने ठहर्छ” भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।८।७ मा फैसला भएको देखिएको अवस्थामा पुनरावेदन अदालत, पाटनबाट प्रस्तुत मुद्दामा गरेको निषेधाज्ञा आदेशको औचित्य रहेको नदेखिँदा पुनरावेदकको मागबमोजिम प्रस्तुत मुद्दाको तथ्यभित्र प्रवेश गरी विवेचना गरिरहनु नपर्ने।

यिनै पुनरावेदक प्रत्यर्थी र विपक्षी निवेदक भएको निर्णय बदर दर्तासमेत मुद्दाको अन्तिम किनारा नभएसम्म निवेदन मागबमोजिम दाबीको जग्गामा हक हस्तान्तरण वा धितो बन्धक दिने दिलाउने कार्यसमेत नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी पुनरावेदक विपक्षीका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।४।१८ को अन्तिम निषेधाज्ञाको आदेशको औचित्य अब रहेको नदेखिँदा प्रस्तुत पुनरावेदनको पुनरावेदन दाबी नै खारेज हुने ठहर्छ। निषेधाज्ञाको आदेश जारी गर्ने गरेको मिति २०६८।४।१८ को आदेश खारेज हुँदा यसमा भएको अन्तरिम आदेशसमेत निष्कृय हुने।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७१ साल चैत २४ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०१०४, जबरजस्ती करणी, *नेपाल सरकार वि. दिलिप राई*

प्रतिवादीउपरको अभियोग शङ्कारहित तवरले वादीले पुष्टि गर्न नसकेको हुँदा अनुमान र

अड्कलको भरमा यी प्रतिवादीलाई जबरजस्ती करणीको अभियोगमा सजाय गर्न मिल्ने देखिएन । त्यसैगरी पीडितको कन्याजाली च्यातिएको र पुरानो रहेको भनी स्वास्थ्य परिक्षणमा उल्लेख भएकोतर्फ हेर्दा कन्याजाली कठिन र गार्‍हो काम गर्दा साइकल चढ्ने व्यक्तिको पनि फाट्ने भएकाले यी प्रतिवादीको जबरजस्ती करणीबाट नै पीडितको कन्याजाली च्यातिएको होला भनी अनुमान गर्न मिल्ने देखिएन । यसका साथै शङ्काको सुविधा प्रतिवादीले पाउने फौजदारी कानूनको सर्वमान्य सिद्धान्त रहेको परिप्रेक्ष्यमा आरोपित कसुर अपराधबाट सफाइ पाउने ठहर गरेको पुनरावेन अदालत, विराटनगरले मिति २०६६।७।१२ मा गरेको फैसला मिलेकै देखियो । तसर्थ यस अदालतबाट मिति २०६७।४।१९ मा मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भएको आदेशसँग सहमत हुन नसकिने हुँदा मिसिल संलग्न कागजातबाट प्रतिवादी दिलिप राईले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी सुरू सुनसरी जिल्ला अदालतले मिति २०६५।०६।१२ मा गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।०७।१२ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७१ साल चैत १५ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०९१४, संरक्षित वन्यजन्तु कस्तुरी मृग चोरी शिकारी गरेको, *चन्द्रबहादुर गुरूङ वि. नेपाल सरकार*

प्रतिवादी पुनरावेदकले सामान बरामद हुनु र कसुर हुनु फरक हो भनी लिएको जिकिरका सम्बन्धमा विचार गर्दा र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, जोमसोम इलाका संरक्षणअन्तर्गत मुक्तिनाथ गा.वि.स.को लुप्राको भोजपत्रको जङ्गलमा संरक्षण क्षेत्र व्यवस्थापन समिति मुक्तिनाथका पदाधिकारीहरूले गस्ती गर्दा म्याग्दी जिल्ला मुना गा.वि.स. वडा नं. ५ बस्ने चन्द्रबहादुर गुरूङको पुरानो परिचयपत्र तथा संरक्षित वन्यजन्तु कस्तुरी मृगका आखेटोपहारहरू समेत बरामद भएको उक्त कार्यमा संलग्न रहेका व्यक्ति चन्द्रबहादुर गुरूङलाई पक्राउ गरी कारवाही गरिपाउँ भनी किटानी जाहेरी दिएका, गस्ती गर्दा फेला परेका कस्तुरी मृगको सुकुटी, मासु, भुत्ला र कस्तुरी मृग मार्न थापेको पासो, प्रतिवादीको परिचयपत्र तथा अन्य बन्दोबस्तीका सामानहरू बरामद भएको भनी संरक्षण क्षेत्र व्यवस्थापन समितिले खडा गरेको बरामदी मुचुल्का, निजको सनाखत कागज, प्रतिवादीले अभियोग दाबी अनुरूपको कसुर अपराध गरेको कुरामा साविती बयान र सो कार्यमा प्रतिवादीको पूर्ण संलग्नता रहेको भनी सर्जमीन मुचुल्काका मानिस एवम् वादीका साक्षीहरू समेतले अधिकारप्राप्त अधिकारी समक्ष बकपत्र गरेकोसमेतको आधारबाट प्रतिवादी चन्द्रबहादुर गुरूङले संरक्षित वन्यजन्तु कस्तुरी मृग मारेको तथ्य पुष्टि हुन आएकाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम १६ को उपनियम १ को (क) अनुसारको कसुर गरेको देखिन आएको छ । उल्लिखित कसुर अपराधमा निजको पूर्णरूपमा संलग्नता रहेको भन्ने निजको पुरानो परिचय पत्र बरामद भएको र अन्य बरामदी सामानहरूबाट समेत खम्बीररूपमा पुष्टि भइरहेकाले निजको पुनरावेदन जिकिर उचित नदेखिने हुँदा प्रतिवादी चन्द्रबहादुर गुरूङले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम १६(क) को उल्लङ्घन गरी संरक्षित वन्यजन्तु कस्तुरी मृगको शिकार गरेको पुष्टि भएकाले अभियोग दाबीबमोजिम निज प्रतिवादीलाई ऐजन ऐनको दफा २६(१) अनुसार १२(बाह्र) वर्ष कैद र रू.८०,०००।– (असी हजार) जरिवाना हुने गरी भएको सुरूको फैसला

सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६७।६।२० गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CR-०५२५, ज्यान मार्ने उद्योग र डाँका, *नेपाल सरकार वि. सुरेशप्रसाद यादवसमेत*

ज्यान मार्ने उद्योगको अपराध ठहर हुनका लागि प्रतिवादीको ज्यान मार्ने मनसाय भएको र सो मनसाय कार्यान्वयनको लागि ज्यान मार्नेसम्मको कार्य गरी कुनै बाहिरी हस्तक्षेपको कारणले गर्दा ज्यान मार्न नसकेको हुनुपर्ने हुन्छ । यसै विषयसँग सम्बन्धित श्री ५ को सरकार विरूद्ध प्रेमजङ्ग केरूङ भएको ज्यान मार्ने उद्योग मुद्दामा (ने.का.प. २०५४ निर्णय नं. ६४२०, अङ्क ८) ज्यान मार्ने उद्योगको वारदात कायम हुन मनसाय तत्त्व आवश्यक हुन्छ र ज्यान मार्ने मनसाय राखि क्रिया भएको हुनुपर्ने हुन्छ । ज्यान मार्ने उद्योग गरेको थियो भन्ने वारदातको प्रकृतिबाट नदखिएकामा कुटपिटमा परिणत गर्नुपर्छ भन्ने सिद्धान्तसमेत प्रतिपादन भैसकेको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दाका प्रतिवादीहरूले जाहेरवाला तथा अन्य पीडितहरूलाई ज्यानै मार्ने मनसायकासाथ गोली चलाएको तथ्य मिसिल संलग्न कागज प्रमाणहरूबाट स्थापित हुन नसकिराखेको अवस्थामा प्रतिवादीहरूको उक्त कार्यलाई ज्यान मार्ने उद्योगको कसुर हो भनी भन्न नमिल्ने देखिँदा पुनरावेदन अदालत, हेटौंडाबाट प्रस्तुत मुद्दाको वारदातलाई कुटपिटमा परिणत गरेकालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी सुरेशप्रसाद यादवलाई सुरू बारा जिल्ला अदालतले कसुरबाट सफाइ दिने ठहर्‍याई मिति २०६३।१२।१८ मा भएको फैसलाको हदसम्म केही उल्टी गरी निजलाई समेत अरू प्रतिवादी सरह बिगो रू.३४,०००।- बराबरको धनमाल डकैती गरेको ठहर्‍याई निजलाई चोरीको १४(४) नं. बमोजिम ६ वर्ष कैद र बिगोको डेढी बढाउँदा हुने रू.५१,०००।- जरिवाना हुने र प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।५।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १७ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CI-१००२, १२५४, दोहोर्‍याई हर हिसाब गरिपाउँ, *कृषि विकास बैंक लि. मुख्य कार्यालय, काठमाडौंसमेत वि. राधेश्याम शर्मा, राधेश्याम शर्मा वि. कृषि विकास बैंक लि. मुख्य कार्यालय, काठमाडौंसमेत*

अङ्क र अक्षरमा लेखिएको रकममा विवाद भएमा अक्षरमा लेखिएको रकमलाई नै मान्यता दिनुपर्ने हुन जान्छ । ट्याक्टरको ऋण स्वीकृत हुनुपूर्व प्रतिवादी बैंकले गरेको पत्राचारबाट बोरिङ्ग ऋणसमेत चुक्ता भैसकेको भन्ने उल्लेख भैरहेकामा पुनः बोरिङ्गको ऋणसमेत बाँकी रहेको भनी प्रतिवादी बैंकको तर्फबाट हिसाब देखाइएको सन्दर्भमा हरहिसाब नमिलेको भन्ने सुरूको फैसलामा उल्लेख भएको कुरालाई अन्यथा हो भन्ने देखिन आएन । यसका साथै प्रस्तुत मुद्दाका वादी नेपालगञ्ज-७ बस्ने राधेश्याम शर्माले कृषि विकास बैंक लि. लाई मिति २०७०।३।१४ गते सम्पूर्ण कर्जा चुक्ता गरेको व्यहोरा कृषि विकास बैंक लि. कानून विभाग, मुख्य कार्यालय काठमाडौंलाई प.सं. च.नं. २२४ मिति २०७१।७।२७ मा लेखेको पत्रबाट देखियो । यसर्थ प्रस्तुत मुद्दाको विवाद नै समाप्त भएको अवस्था देखिने ।

उल्लिखित कानूनी व्यवस्था र मिसिल संलग्न कागजातहरूबाट वादीलाई प्रतिवादी बैंकबाट

ट्याकटर खरिदको लागि स्वीकृत भएको रकममध्ये भुक्तानी भएको रू. १,५०,०००।- को साँवा ब्याजमा कार्यान्वयन नै हुन नसकेको परियोजनाको ऋणको ब्याज सम्बन्धमा विपक्षी बैंकको नीति नियमबमोजिम हुने र पुनरावेदक वादीले मिति २०६४।६।७ मा दाखेल गरेको रू. १,६९,६५०।- वादीलाई बैंकबाट भुक्तानी भएको ऋणमा कट्टा हुने गरी बैंकबाट हरहिसाब गरी दिनुपर्ने र किटानीसाथ दाबी नै नभएको बैंकका कर्मचारीहरू राम सुगम चौहान र लिलाधर थारूलाई जरिवाना नगर्नुपर्नेमा जरिवाना गर्ने गरेको सुरू बाँके जिल्ला अदालतको मिति २०६३।११।१ को फैसला सो हदसम्म नमिलेकाले केही उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६६।३।३० को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रेम खड्का

इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम्।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०४५४, लिखत निर्णय दर्ता बदर दर्ता, *रामरतन यादवसमेत वि. रामजी यादवसमेत*

मुद्दाको विवेचना नगरी पक्षले हचुवा किसिमबाट लिएको जिकिरको आधारमा मात्र दाबी हदम्याद भित्रैको हो भनी निर्णयमा पुग्न न्यायसङ्गत हुन नसक्ने।

हदम्याद भन्ने प्रश्नको छुट्टै अस्तित्व रहन्छ। कानूनबमोजिमको हदम्यादभित्र नालिस गरिनु पर्ने हुन्छ। कानूनी म्याद छ छैन सो सम्बन्धमा स्वयम् पक्ष नै जागरूक हुनु पर्दछ, अन्यथा कानूनी हक गुम्न जाने हुन्छ। हदम्यादको प्रश्न भएकाले जुनसुकै अड्डाले पनि मुद्दामा ठहर निर्णय गर्नुपूर्व फिराद कानूनको म्यादभित्रको छ, छैन भनी अनिवार्यरूपले हेरिनु पर्ने।

प्रत्यर्थी रामजी यादव प्रतिवादी र पुनरावेदक गुब्दी यादव वादी भएको संवत् २०६३ सालको दे.नं. १७८४ को अंश दर्ता मुद्दा सिराहा जिल्ला अदालतमा मिति २०६३।३।१९ मा दायर भई मिति २०६६।३।१६ मा फैसला भएको मिसिल संलग्न प्रमाणबाट देखिन्छ। अंश मुद्दाको उपरोक्त फैसला हुनुभन्दा अगावै अर्थात मिति २०६६।३।१८ मा दाबीको जग्गा हस्तान्तरण भएकाले त्यसरी जग्गा बिक्री हुँदाका बखत प्रस्तुत मुद्दाका विपक्षी प्रतिवादी रामजी यादव र पुनरावेदकहरू एकाघर सगोलमा नै रहेको अवस्था देखिन आयो। विवादित जग्गा पुनरावेदकहरूका बिचमा मिति २०६१।३।१८ मा राजीनामा पारित भई गएकामा सो लिखत बदर गरिपाउँ भनी मिति २०६३।४।२२ मा सिराहा जिल्ला अदालतमा फिरादपत्र दर्ता भएको देखिँदा प्रस्तुत फिराद मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. को हदम्याद नाघी दायर भएको देखिन आयो। यी वादी प्रतिवादीहरू एकाघर सगोलमा रहे बसेकोसमेत आधारमा सो व्यवहार हदम्यादभित्र थाहा जानकारी नभएको भन्न सकिने अवस्था पनि रहेको देखिएन। सो आधारमा वादीको दाबी खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिने हुँदा वादी प्रतिवादी एकाघर सगोलको भएकाले मिति २०६१।३।१८ र.नं. ७२७७ बाट राजीनामा पास गरिदिएको लिखत निर्णय दर्ता बदर दर्ता गर्न लेनदेन व्यवहारको महलले निर्धारित गरेको हदम्याद नाघी दायर हुन आएको प्रस्तुत मुद्दामा वादी दाबी पुग्ने ठहर्‍याएको सुरू सिराहा जिल्ला अदालतको मिति २०६६।३।१६ को फैसला उल्टी गरी दाबी खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।२।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम्।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०९२४, अबन्डा जग्गा अंश हक कायम मिलापत्र बदर दर्ता बदर दर्ता, *विन्दा देवी साह वि. राम दिनेश साहसमेत*

विपक्षीहरूका पिता हिरालाल साहले साबिक

मै नापी हुनुभन्दा अगावै पितास्वरूप साह, सुकदेव साह, जगदेव साहसँग अंश लिइसकेको र विपक्षी वादीका पिता हिरालालले दिएको अंश मुद्दामा अंश नपाउने भनी मुद्दा अन्तिम भएको अवस्थामा अ.बं. ८५ नं. समेतको आधारमा नमिल्ने भनी लिएको पुनरावेदन जिकिरको सम्बन्धमा बिचार गर्दा जिल्ला सिराहा गा.वि.स. आसोपुर वलकवा वडा नं. ५ वहाल विटौरीको कि.नं. २४ को ०-०-९ जग्गा स्व.स्वरूप साह नाममा दर्ताको रहेको देखिने।

सामान्यतया प्राङ्न्यायको सिद्धान्तले मुद्दाको अन्तिमताको सिद्धान्तलाई समेटेको हुन्छ तर प्राङ्न्यायको सिद्धान्तको आधार मान्दै मुद्दा दायर नै गर्नु हुँदैन भन्ने किमार्थ होइन। साधारणतया विवादग्रस्त विषयमा सक्षम अदालतद्वारा एक पटक विचार गरिएको र निर्णय भइसकेको अवस्थामा मात्र सोही विषयमा पुनः मुद्दा दिन मिल्दैन। प्रस्तुत मुद्दा अबन्डा जग्गाको सम्बन्धमा भएको र वादीका पिताले राखेको मुद्दा अंशसम्बन्धी भएबाट फरक विषयमा पिताको मृत्यु पछि यस मुद्दाका वादीले मुद्दा दायर गर्न नमिल्ने।

पुनरावेदक प्रतिवादी तथा प्रत्यर्थी वादीका हजुरबुबाको नाममा दर्ता रहेको प्रत्यर्थी वादीसमेतको हकलाग्ने जिल्ला सिराहा गा.वि.स. आसोपुर वलकवा वडा नं. ५ वहाल विटौरीको कि.नं. २४ को ०-०-९ जग्गाको वादी दाबीअनुसार हाल पुनरावेदक प्रतिवादीको नाममा दर्ता रहेको उल्लिखित जग्गाको क्षे.फ. ०-०-९ मध्ये आधा जग्गाको दर्तासमेत बदर गरी सो जग्गामध्ये दक्षिणतर्फबाट ०-०-४ जग्गाको अंशहक कायम गरी प्रत्यर्थी वादीहरूको नाउँमा दर्ता हुने नै देखिन आयो। प्रत्यर्थी वादीका पिताले दिएको अंश मुद्दाको फैसलाबाट अंश नपाउने भनी ठहर भएको आधारमा मात्र आफूले भोग गरी आएको घर बसोबास रहेको अबन्डा जग्गासमेतबाट वञ्चित हुने भनी मान्न नमिल्ने हुँदा प्रत्यर्थी वादीको उल्लिखित जग्गामा आधा अंश हक लाग्ने देखिएकाले वादी दाबी पुग्ने गरी जिल्ला अदालतबाट भएको निर्णयलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, राजविराजले मिति २०६७।३।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल माघ ९ गते रोज ६ शुभम्।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-१५४८, अंश चलन, *नसिवलाल यादवसमेत वि. विष्णुदेव यादव*

वादी प्रतिवादीहरूका बिचमा अंशबन्डा भइसकेको भन्ने सम्बन्धमा अंशबन्डाको लिखत पनि नभएको र व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको भनेर देखिने कुनै कागज प्रमाण पनि दाखिल हुन नसकेको अवस्थामा प्रत्यर्थी वादीले अंश नपाउने भन्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। वादी र प्रतिवादीको बसाई भिन्नाभिन्नै छ भन्ने आधारले मात्र भिन्न बसेको भनी मान्न मिल्ने नदेखिने।

प्रतिवादी नसिवलाल यादवले भूमिसुधार कार्यालय, सिराहामा गरेको बयानमा म र मेरो पिताजी पतासीलाल यादव र विष्णुदेव यादवसमेत एकासगोलमा बसेका छौ, व्यवहार मैले चलाई आएको हो भनी बयान गरेको र प्रतिवादी पतासीलाल यादवले हसलिया खातुनलाई मिति २०६१।८।१८ को पारित लिखतबाट जग्गा बिक्री गर्दा वादीलाई साक्षी राखेको र कारणीको एकासगोलको भतिजा भनी उल्लेख भएको देखिएबाट समेत वादी प्रतिवादीहरू सगोलको अंशियार रहेको पुष्टि हुने।

वादी प्रतिवादीबिच अंशियार नातामा विवाद नभएको पारित लिखत गरी छुट्टी भिन्न भएको नदेखिएको, अंशबन्डाको ३० नं. बमोजिम व्यवहार प्रमाणबाट समेत अंश लिनु दिनु गरी छुट्टी भिन्न भएको अर्थबोध गर्न सकिने प्रमाणको अभावमा वादीले अंश पाउने भनी पुनरावेदन अदालत, राजविराजले गरेको फैसला मिलेको देखिने हुँदा सुरू सिरहा जिल्ला अदालतले मिति २०६६।३।३ मा गरेको फैसलालाई

पुनरावेदन अदालत, राजविराजले वादी दाबी पुग्न नसक्ने ठहराई सुरू फैसला उल्टी गरी मिति २०६८।५।२७ गतेमा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : खेमकुमारी बस्नेत

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल असार १८ गते ६ रोज शुभम्।

१४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०५८५, उत्प्रेषण / परमादेश, *कमलेश द्विवेदी वि. नेपाल सरकार, प्रधानमन्त्री एवम् मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

Convention on Protection of the World Culture and Natural Heritage महासन्धिलाई नेपालले सन् १९९० मा अनुमोदन गरिसकेको हुँदा प्रस्तुत महासन्धि सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपालको लागि बाध्यकारी हुने हुदाँ सोसमेतको आधारमा विशेष पुरातात्विक महत्त्वका ऐतिहासिक वस्तु एवम् स्थानहरूको संरक्षण र सम्वर्द्धनमा राज्यको विशेष दायित्व र जिम्वेवारी रहेको देखिन्छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ड मा "राज्य पक्ष भएको अन्तराष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने राज्यको दायित्व हुने" उल्लेख भएको हुँदा Conventation For Protection of The World Cultural and Natural Heritage १९७२ को कार्यान्वयनसमेतको जिम्मेवारी नेपाल सरकारको रहेकामा विवाद नदेखिने। संरक्षणको दायित्व राज्यको हुन्छ। संरक्षकको दायित्व बोकेको राज्यका निकायहरूले आफ्नो संरक्षकीय अधिकार क्षेत्र दुरूपयोग गरी वर्तमान तथा भावी सन्ततिको लागि आफ्ना पूर्वजहरूद्वारा निर्माण गरिएका ऐतिहासिक स्मारक, दैवस्थल, रमणीय स्थलहरूको अस्तित्वमाथि असर पर्ने तथा पर्न सक्ने कुनै पनि काम कारवाही गर्नु गर्न दिनु कानूनी राज्यको अवधारणा विरूद्ध हुन जान्छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुने भनी प्रत्याभूत संस्कृतिसम्बन्धी हकको विपरीत उक्त कार्य भएको देखिएकोछ। ऐतिहासिक स्मारक समाजको पहिचान एवम् सभ्यताको परिचायकसमेत हो। यसै तथ्यलाई मध्यनजर राखी प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २(क) र (ख) मा प्राचीन स्मारक र पुरातात्विक वस्तुको परिभाषा गरिएको छ। उक्त परिभाषाभित्र यो सालिकसमेत पर्ने देखिन्छ। यसबाट उक्त ऐनको दफा ९ बमोजिम नेपाल सरकारको हेरचाहमा रहेको वा पुरातत्वसम्बन्धी वा ऐतिहासिक महत्त्वको स्मारकमा कुनै किसिमको बेहिसाब हुन नदिई नेपाल सरकारले सम्पदाको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने हुन आउने।

यी सम्पदा र सभ्यताको संरक्षण नितान्त आवश्यक हुन जान्छ। सम्पदा सभ्यताको संरक्षणबाट समाज अझ परिस्कृत हुन जान्छ। यसले समाजलाई संयमित एवम् मर्यादित बनाउन मद्दत गर्दछ। एउटा राष्ट्रिय राजनीतिको कालखण्डमा कुनै शासकले गरेको कार्यलाई लामोसमयसम्म सम्झनाका लागि केबल नेपालमा मात्र होइन, विश्वका अन्य देशहरूका शासकहरूको स्मारक वा यस्तै मुर्तिहरू राख्ने चलनसगै नेपालको सन्दर्भमा पनि राजाहरूको सालिक निर्माण हुनु कुनै नौलो विषय होइन। यसैलाई निरन्तरता दिई सहिदगेट निर्माण भई राजा त्रिभुवन र चार सहिदहरूको शालिक रहेकामा राजाको मात्र शालिक हटाउँदा यसको ऐतिहासिक पक्षलाई समेत मनन नगरी भावावेसमा आई गरेको निर्णय मनासिब एवम् औचित्यपूर्ण नदेखएकाले सो निर्णय न्यायसम्मत नदेखिने।

तत्कालिन राजा त्रिभुवनको सहिदगेटमा रहेको सालिक नेपालीहरूको साँस्कृतिक सम्पदासमेत भएबाट नारायणहिटी संग्रहालयमा राखिने सामग्री भनेको राजाहरूले उपयोग गरेको सरसामानहरूको सङ्ग्रहमात्र हो। राजा त्रिभुवनको सहिद गेटमा राखिएको सालिकलाई नारायणहिटीमा राख्ने विषय पृथक भई नेपाली इतिहास बोकेको विषयसमेत

भएबाट इतिहास मेटाउने कार्य कहिँ कतैबाट हुनु राम्रो होइन । प्रत्येक समय र कालका मूर्ति भवन वा ऐतिहासिक स्मारकहरूले समय सापेक्ष भएका ऐतिहासिक कालखण्डका तथ्यहरूको अघिपछि गरी त्यसको पुष्टि गर्दछ । उक्त सहिदगेट वस्तुत वि.स. २००७ सालको क्रान्ति र त्यसमा तत्कालिन राजा प्रजाको प्रयासबाट भएको क्रान्ति र परिवर्तनको ऐतिहासिक तथ्यलाई उजागर गरेको पाइने।

नेपालले संयुक्त राष्ट्र संघको Convention on Protection of the World Culture & Natural Heritage १९७२ लाई सन् १९९० मा अनुमोदन गरिसकेको छ। नेपालको सन्धि ऐन, २०४७ को दफा ९ ले यसलाई कानूनसरह पालना गर्नुपर्ने अनिवार्य हुन आउँछ। उक्त महासन्धिको धारा १ मा स्मारक र मूर्तिहरूको संरक्षण गर्नुपर्ने भन्ने प्रावधान भई त्यस्तो प्रावधानलाई नेपालले पनि मान्यता दिएको हुँदा विपक्षीले हटाउन खोजेको राजा त्रिभुवनको सालिक हटाउनु पर्ने कारण के हो सोसमेत प्रष्ट नखुलाई बिना आधार अन्तराष्ट्रिय महासन्धिविपरीत र संविधानको धारा १७ को (३) बाट जोगाउनु पर्ने सम्पदा र संस्कृतिको अवधारणाविपरीत  कार्य गर्न लागेको देखिन आउने।

उल्लिखित कारणहरू र आधारहरू एवम् ऐतिहासिक सम्पदाको  संरक्षणको सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट सरकारले पुरातात्विक महत्त्वका ऐतिहासिक वस्तु एवम् स्थानहरूको संरक्षण र सम्बर्धनमा जोड दिनुपर्नेमा सोको विपरीत गई सरकारले स्थानान्तरणको कार्य गर्नु अन्तराष्ट्रिय सन्धि एवम् नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७(३) को विपरीत हुन जाने देखिन आयो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७(३) तथा Convention for The Protection of The World Cultural and Natural Heritage १९७२ बमोजिम प्राचीन स्मारकहरूको संरक्षण गर्नु नेपाल सरकारको दायित्व एवम् कर्तव्यसमेत भएकाले काठमाडौं महानगरपालिका वडा नं ११ स्थित सहिदगेटमा रहेको स्वर्गीय राजा त्रिभुवन शाहको सालिकलाई नारायणहिटी संग्रहालयमा स्थानान्तरण गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।९।१८ गतेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : अमृता उप्रेती

इति संवत् २०७१ साल फागुन ६ गते रोज ४ शुभम्।

१५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०२२८, कर्तव्य ज्यान, *मैया ठकुरी वि. शंकर थापाको जाहेरीले नेपाल सरकार*

साबिती बयान, शव परीक्षण प्रतिवेदन एवम् घटनास्थल प्रकृति मुचुल्कासमेतबाट पुष्टि भएको छ। प्रतिवादी स्वयम्को अदालतको बयानबाट समेत निज मृतकलाई भेट्न भुना गेष्ट हाउसको कोठा नं. ३०६ मा गएको र राति १० बजेमात्र निज सो गेष्ट हाउसबाट बाहिर निस्किएको तथ्यलाई स्वीकार गरेको देखिँदा मृतक मर्नुभन्दा पूर्व निजका साथमा प्रतिवादीबाहेक अन्य कोही रहे भएको देखिन नआउने।

प्रतिवादीले मृतकलाई नमारेका भए सो कोठामा मलाई टेन्सन भयो भनी भित्तामा टाउको ठोकिरहेका, रक्सी सेवन गरी मातेको व्यक्तिको सम्बन्धमा सो लजमा कार्यरत् कुनै पनि व्यक्तिलाई सूचना नै नदिई निज आफ्नो कोठातर्फ जानु पर्ने अवस्थासमेत नदेखिने।

शव परीक्षण गर्ने विशेषज्ञ डा.हरिहर वस्तीले अदालतमा गरी दिएको बकपत्रबाट निजको मृत्यु घाँटी कस्सिएर भएको हो भनी किटानीसाथ उल्लेख गरी दिएको अवस्था छ । जाहेरवाला शंकर थापा र बुझिएका राज गुरूङ, राजेशप्रसाद क्षेत्रीसमेतका व्यक्तिहरूले अदालतसमेतमा आई बकपत्र गर्दा प्रतिवादीउपर किटानी साथ पोल गरेको देखिएबाट प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान, शव परीक्षण प्रतिवेदन, विशेषज्ञको राय, घटनास्थल प्रकृति मुचुल्कालगायत जाहेरवाला र

बुझिएका राज गुरूङसमेतका व्यक्तिहरूले गरी दिएको बकपत्रसमेतबाट घटना पुष्टि भै रहेको हुँदा प्रतिवादी मैया ठकुरीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर्याई सुरूले गरेका फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नै देखिन आउने।

उल्लिखित कानूनी व्यवस्था एवम् मिसिल संलग्न कागजातबाट प्रतिवादी मैया विष्टले मृतक रामकृष्ण थापालाई कर्तव्य गरी मारेकाले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्म कैदको सजाय गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।१२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी मैया ठकुरीले अभियोग दाबीबाट सफाइ पाउँ भनी दिएको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल जेठ ६ गते रोज ४ शुभम्।

१६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०८९९, ०८९८, कर्तव्य ज्यान, *सुवास राई वि. नेपाल सरकार, नेपाल सरकार वि. आवास राई*

मृतकलाई मार्ने कार्यमा मेरो कुनै संलग्नता छैन । मार्नुपर्ने कुनै रिसइबी पूर्वाग्रहसमेत छैन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान मेरो स्वइच्छाले गराइएको होइन भनी पुनरावेदन जिकिर लिएको भए तापनि सो जिकिरलाई पुष्टयाई हुने कुनै प्रमाण यी पुनरावेदक प्रतिवादीले गुजार्न सकेको नदेखिने।

२०६५।४।१६ गते संगम राई र सन्तोष राईलाई काटेर घाइते बनाएकाले हाम्रो साथीलाई काट्नेलाई हामीहरूले पनि काट्नु पर्छ भनी मत सल्लाहमा पसी २०६५।४।१७ कट्टी खुकुरीसमेतका हतियार बोकी इटहरी बसपार्कमा गई मृतकलाई प्रहार गरी मारेको तथ्यलाई यिनै प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष घट्नाको विस्तृत विवरण खुलाई कसुर अपराधमा सावित भई गरेको साविति बयान र सो बयान व्यहोरालाई घट्नास्थल प्रकृति मुचुल्का, मौकामा पक्राउ परेका प्रतिवादी रमेश भन्ने आवास राईको अधिकारप्राप्त अधिकारीसमक्षको बयानसमेतले पुष्टि गरेको देखिँदा प्रतिवादीको उक्त पुनरावेदन जिकिर मनासिब देखिएन । उल्लिखित आधार प्रमाणसमेतको आधारमा निज प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुरमा सोही नम्बरबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्याई भएको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने।

घटना घटिसकेपछि मात्र अन्य प्रतिवादीहरूसँग प्रतिवादी रमेश भन्ने आवास राईको भेट भएको देखिँदा केवल अनुसन्धान अधिकारीसमक्ष सल्लाह भएको भनाइलाई आधार मानी शङ्कारहित तवरवाट पुष्टि नभएको भनाइलाई आधार मानी अभियोग दाबीबमोजिम सजाय गर्न मिल्ने देखिएन । शङ्काको सुविधा भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तअनुसार समेत निजलाई सजाय गर्न मिल्ने नदेखिने।

निज रमेश भन्ने आवास राईको वारदातमा संलग्नता थियो भन्ने कुरा नदेखिएकाले निजले अभियोग दाबीबमोजिम कसुर गरेको भन्ने कुरा पुष्टि प्रमाणित हुन नआएको हुँदा निजका हकमा सुरू सुनसरी जिल्ला अदालतले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिमको कसुरमा सोही नम्बरबमोजिम जन्मकैद हुने ठहराएको फैसला सो हदसम्म उल्टी गरी प्रतिवादी रमेश भन्ने आवास राईले अभियोग दाबीबाट सफाइ पाउने ठहर्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।७।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी सुवास राईको र प्रतिवादी रमेश

भन्ने आवास राईलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू फैसला उल्टी गरी निजलाई सफाइ दिएको पुनरावेदन अदालत, विराटनगरको फैसला बदर गरी निजलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकार दुवैको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : हरिकृष्ण श्रेष्ठ

कम्प्युटर : खगेन्द्रकुमार खत्री

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम्।

१७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०३३७, कर्तव्य ज्यान, *प्रेमबहादुर गिरी वि. घनश्याम गिरीको जाहेरीले नेपाल सरकार*

जाहेरवाला घनश्याम गिरी, गायत्री गिरी तथा डिलादेवी खत्रीले पुनरावेदक प्रतिवादीकै कुटपिटको कारणबाट मृतकको मृत्यु भएको हो भनी अदालतमा उपस्थित भई बकपत्र गरेको र मृतकको शव परिक्षण प्रतिवेदनमा मृत्युको कारण Head injury उल्लेख गरिएको स्थितिमा उल्लिखित प्रमाण आधारबाट प्रतिवादीको अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्ष गरेको साबिती बयानलाई थप समर्थित गरेको देखिन आएबाट मृतकको मृत्यु प्रतिवादी प्रेमबहादुर गिरीको कुटपिटबाट टाउकामा लागेको चोटको कारण भएको कुरालाई अन्यथा भन्न नमिल्ने। जहाँसम्म मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. अन्तर्गतको घटनालाई गलत तरिकाले व्याख्या गरी ऐ. को १३(३) नं. अन्तर्गतको कसुर ठहर्‍याई सर्वश्वसहित जन्म कैद ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको फैसला त्रुटिपूर्ण भएको भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को व्यवस्थालाई अवलोकन गर्नु सान्दर्भिक देखिन आयो। उक्त नं. मा ज्यान लिने इबिलाग वा मनसाय नभै कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भै कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ भन्ने उल्लेख भएको पाइन्छ। उल्लिखित व्यवस्थाबाट भवितव्य हुनको लागि ज्यान लिने इबिलाग नभएको वा ज्यान लिने मनसाय नभएको र गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको हुनुपर्ने।

वास्तवमा भवितव्य हुनको लागि त्यस्तो घटना अप्रत्यासित हुनुपर्छ भवितव्यबाट घटना भएको भन्ने जिकिर लिनेले सो दुर्घटना थियो, आपराधिक मनसाय र ज्ञानले गरिएको थिएन र गरिएको कार्य उचित सतर्कता र सावधानी पूर्वक गरिएको थियो भन्ने प्रमाणित गर्न सक्नु पर्ने।

मिति २०६७।१।१२ गते राति मृतकलाई कुटपिट गरेको र भोलिपल्ट बिहानमात्र मृतकको मृत्यु भएको कुरा मिसिल संलग्न प्रमाणबाट देखिएको अवस्थामा आफैँले कुटपिट गरी घाइते बनाएको एकाघरको श्रीमतीलाई घटनापश्चात भोलिपल्टसम्म उपचारको लागि अस्पताल लैजानु पर्नेमा आफ्नै कुटपिटबाट घाइते भएकी श्रीमतीलाई उपचारको लागि अस्पताल नलगी घरमा नै मृत्यु भएको देखिएको र निजले अधिकारप्राप्त अधिकारी तथा अदालतमा गरेको बयानमा श्रीमतीको मृत्यु भएको कुरा भोलिपल्ट बिहानमात्रै थाहा पाएँ भनेबाट मृतकको मृत्यु भवितव्यबाट भएको भन्ने पुनरावेदक प्रतिवादीको जिकिरसँग यो इजलास सहमत हुन नसकिने हुँदा पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर्‍याई पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६८।३।२१ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने।

मृतक र पुनरावेदक प्रतिवादीका बिच मार्नुपर्ने सम्मको पूर्व रिसइबी नरहेको, छोराले होटलबाट पैसा चोरेको रिसले पुनरावेदक प्रतिवादीले मादक पदार्थ सेवन गरेको, मृतक र प्रतिवादीका २ जना नाबालक छोरा छोरी रहेका, पुनरावेदक प्रतिवादीले मौकामा र अदालतसमक्ष उपस्थित भै आफूले आरोपित कसुर गरेको स्वीकार गरी न्याय सम्पादनमा अदालतलाई

सघाउ पुर्‍याएको समेतका आधार कारणले निज पुनरावेदक प्रतिवादी प्रेमबहादुर गिरीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्म कैदको सजाय गर्दा चर्को हुने यस इजलासलाई लागेकाले निज पुनरावेदक प्रतिवादीलाई १० वर्ष कैद हुने गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम पुनरावेदन अदालत, तुलसीपुरले व्यक्त गरेको राय मनासिबै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १८ गते रोज ४ शुभम्।

१८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०३४५, विष खुवाई कर्तव्य ज्यान, *रफिक अन्सारी वि. नेपाल सरकार*

मृतकको शव परीक्षण गर्ने डा. सविना श्रेष्ठले अदालतमा उपस्थित भै गरेको बकपत्रमा मृतकमा निसासिएको लक्षणहरू देखिएको हुनाले विषादी सेवन पनि एक प्रकारको कारण हुनसक्ने भनी उल्लेख गरिएको, मृतकलाई तत्काल देख्ने ताराप्रसाद देवकोटासमेतका मानिसहरूले मृतकको मृत्यु विष सेवनबाट भएको भनी बकपत्र गरेका र विष सेवन गरेको मानिसले मर्नुपूर्व बान्ता गरेको छ भने भिसेरामा विषादीको सकारात्मक लक्षण नदेखिन सक्ने र मृतकले मृत्यु हुनुपूर्व बान्ता गरेको जस्ता प्रमाण र कारणहरूबाट मृतकको मृत्यु विष सेवनबाट भएको हो भन्ने कुरालाई अन्यथा भन्न नसकिने।

पुनरावेदक प्रतिवादी रफिक अन्सारीले मृतक नामसरा तिवारीलाई औषधी राखेको दही खुवाएको र सो दही खुवाएपश्चात् मृतकले बान्ता गरेको र बान्ता परेपश्चात निजको मृत्यु भएको भन्ने कुरा प्रत्क्षदर्शीको रूपमा रहेका निजहरूकै छोरा धर्मेन्द्र जैसीले अधिकारप्राप्त अधिकारी र अदालतमा गरेको वकपत्रमा किटानीसाथ लेखाइदिएको देखिन्छ। निज धर्मेन्द्र जैसीले झुट्टा बकपत्र गर्नुपर्ने र निजको भनाईलाई अन्यथा लिनुपर्ने भन्ने युक्तियुक्त कारणपनि खुल्न नआएको र निजको भनाई अन्यथा प्रमाणित गर्ने आधार प्रमाण मिसिल संलग्न कुनै पनि प्रमाण कागजबाट देखिन नआएको र प्रमाण ऐन, २०३१ को दफा ३८ बमोजिम कलिलो उमेर भएकै आधारमा साक्षी हुन नसक्ने भन्ने नहुँदा निजले बकपत्रमा उल्लेख गरेको कुरालाई प्रमाणको रूपमा लिन मिल्ने नै हुँदा धर्मेन्दर जैसी नाबालक भएको कारण निजको बकपत्रलाई मुख्य आधार बनाउन नमिल्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन सकेन। यसरी उपर्युक्त तथ्य एवम् प्रमाणबाट यी पुनरावेदक प्रतिवादी रफीक अन्सारीले मृतक नामसरा तिवारीलाई विष खुवाएको होइन भन्न सकिने अवस्था रहेको नदेखिने हुँदा पुनरावेदक रफिक अन्सारीलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वश्वसहित जन्म कैद हुने ठहर्‍याएको सुरू सुर्खेत जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत, सुर्खेतले मिति २०६७।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७१ साल चैत १८ गते रोज ४ शुभम्।

१९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०३६६, जबरजस्ती करणी, *सलबहादुर विश्वकर्मा वि. दधिराम दर्जीको जाहेरीले नेपाल सरकार*

कानूनी व्यवस्था तथा प्रतिपादित सिद्धान्तसमेतका आधारमा जबरजस्ती करणीको कसुर स्थापित हुनको लागि कसैले कुनै पनि महिलालाई निजको मन्जुरी नलिई वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी

गरेको हुनुपर्ने र यसरी गरिएको करणीमा योनीभित्र लिङ्गको पूर्ण प्रवेश नभई लिङ्गले योनीको बाह्य भागमामात्र छोएको, कन्याजाली नच्यातिएको, वीर्य स्खलित नभएको रहेछ भने पनि जबरजस्ती करणीको वारदातको दायराभित्र पर्ने देखिने।

जबरजस्ती करणी भएको अवस्थामा पीडितको शरीरमा सङ्घर्षका चिन्हहरू हुनु पर्नेमा यस खाले चिन्हहरू पीडित भनिएकी सम्झना दास दर्जीको शरीरमा नरहेको भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा एउटा वयस्क पुरूषले उमेर पुगेका महिलालाई जबरजस्ती करणी गरेको अवस्थामा त्यस्तो पीडित महिलाले आफूलाई करणी हुनबाट बचाउनको लागि प्रतिकार तथा सङ्घर्ष गर्ने र अर्कोतर्फ पुरूषले जसरी पनि करणीको कार्य सम्पन्न गर्न खोज्दा दुवैतर्फ त्यसखाले सङ्घर्षका चिन्हहरू देखिने हुन्छ । तर नाबालिकालाई वयस्क मानिसले करणी गर्दा पुरूषले नाबालिकालाई आफ्नो काबुमा राखी करणी गर्ने हुँदा त्यस्तो व्यक्ति विरूद्ध बालिकाले आफ्नो शारीरिक दुर्बलताको कारणले गर्दा प्रतिकार गर्न नसक्ने हुन्छ र यसरी प्रतिकार गर्न नसकेका अवस्थामा पीडक तथा पीडितको शरीरमा प्रतिकारका चिह्नहरू हुन नसक्ने हुँदा पीडितको शरीरमा घाउ, चोट तथा सङ्घर्षका चिन्हहरू हुनुपर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

वर्ष ८ कि नाबालिका र प्रतिवादी सलबहादुर विश्वकर्माबिच Carnal Knowledge स्थापित भएको अवस्था र जबरजस्ती करणीको वारदात कायम हुनको लागि पुरूषको लिङ्ग स्त्रीको योनीमा प्रवेश भएको हुनुपर्ने भन्ने अनिवार्यतासमेत नभएको अवस्थामा प्रतिवादीको प्रस्तुत कार्य मुलुकी ऐन जबरजस्ती करणीको महलको १ (ग) नं. बमोजिम जबरजस्ती करणीकै कसुर देखिन आउने।

पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन भन्ने तेस्रो तथा अन्तिम प्रश्नतर्फ विचार गर्दा उल्लिखित व्यवस्था, सिद्धान्त, तथ्य, प्रमाण एवम् विवेचनासमेतको आधारमा प्रतिवादीले पीडितउपर जबरजस्ती करणीको उद्योग गरेको भनी अभियोग दाबी पूरै पुग्न नसक्ने ठहऱ्याको संखुवासभा जिल्ला अदालतको मिति २०६७।२।१७ को फैसलालाई उल्टी गरी प्रतिवादी सलबहादुर विश्वकर्माले पीडितलाई जबरजस्ती करणी गरेको प्रमाणित भएकाले मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष र ऐ. १० नं. बमोजिम क्षतिपूर्तिबापत प्रतिवादीबाट पीडितले रू १०,०००।- (दश हजार) भरी पाउने ठहऱ्याई पुनरावेदन अदालत, धनकुटाबाट मिति २०६८।१।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७१ साल चैत १८ गते रोज ४ शुभम्।

२०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-०४४४, उत्प्रेषण / परमादेश, *ललितपुर उपमहानगरपालिकाको कार्यालयमा वरिष्ठ अधिकृत पदमा कार्यरत् अशोक श्रेष्ठ वि. ललितपुर उपमहानगरपालिकाको कार्यालय, पुल्चोक, ललितपुरसमेत*

ललितपुर उपमहानगरपालिका एक स्थानीय निकाय भई त्यहाँ कार्यरत् कर्मचारीहरूको सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार परिचालित स्थानीयस्तरको स्वायत्त संस्था रहेको छ। यस संस्थालाई सञ्चालन, व्यवस्थापन र विविध कार्य गर्नको लागि कर्मचारीहरूको आवश्यकता पर्ने नै हुन्छ । यस संस्थामा कार्यरत् कर्मचारीहरूको लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा सोही संस्थाको कर्मचारीको सेवा सुविधा विनियमावलीले व्यवस्था गरेको हुन्छ । सोही कानूनबमोजिम निजहरूको नियुक्ति, पदस्थापन, बढुवा र विभागीय कारवाहीको व्यवस्था गरिएको हुँदा स्थानीय स्वायत्त

शासन नियमावली, २०५६ को चौथो संशोधन २०६७ मा संशोधन हुँदा निश्चत मापदण्ड पुगेका कर्मचारीहरूलाई एक तह माथिल्लो तहमा मिलान गरी निजले पहिला गरिआएको कार्य नै गर्ने गरी दरबन्दी नभए पनि विशेष बढुवा गर्ने व्यवस्थाअनुसार निवेदनमा उल्लिखित विपक्षी कर्मचारीहरूलाई बढुवा गरिएको देखियो । यसरी नियमावलीमा उल्लेख गरिएको पदमा विशेष वढुवा गरिएको कार्यलाई कानूनबमोजिम नै बढुवा गरिएको मान्नुपर्ने। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अख्तियार दुरूपयोग आयोग ऐन, २०४८ र अख्तियार दुरूपयोग नियमावली, २०५९ बमोजिम तोकिएको कार्यहरू गरिरहेको छ र सो ऐन, नियमबमोजिम तोकिएका कार्यहरू उक्त संस्थाले गर्नुपर्ने निजको कर्तव्य र दायित्वभित्र पर्ने भएकाले निजका तर्फबाट प्रस्तुत भएको लिखित जवाफबाट सोही कुरा उल्लेख भएको अवस्थामा सोतर्फ केही विवेचना गरी रहनु नपर्ने।

निवेदकलाई मर्का परेको छ कि छैन भन्ने सन्दर्भमा हेर्दा निवेदक अशोक श्रेष्ठ मिति २०७१।१२।०६ गतेबाट अनिवार्य अवकास प्राप्त गरिसकेका र निजले घर बिदा, बिरामी बिदा, उपदान रकम, औषधी उपचार खर्च तथा अन्य प्राप्त गर्नुपर्ने सुविधा उपलब्ध गराई पाउँ भनी प्रमुख तथा कार्यकारी अधिकृतसमक्ष मिति २०७१।१२।०८ मा निवेदन दिएको भन्ने कुरा ललितपुर उपमहानगरपालिका कार्यालयको Ref No. ६४०७।०७१।७२ मिति २०७१।१२।२७ को पत्रसाथ प्राप्त पत्रहरूको प्रतिलिपिहरूबाट देखियो । रिट निवेदक हाल उमेर हदका कारण अनिवार्य अवकासप्राप्त भइसकेको हुँदा र यो मुद्दा कर्मचारीको स्तरोन्नतीको विषय भई सार्वजनिक सरोकारको विवादको विषयवस्तुभित्र नपर्ने भएकाले पनि प्रस्तुत रिट निवेदनको औचित्य निजको हकमा समाप्त भएकाले निवेदन खारेज हुने।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७२ साल साउन २६ गते रोज ३ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-RC-००७६, विष सेवन गरी कर्तव्य ज्यान, *नेपाल सरकार वि. नुमा बजागाई*

प्रतिवादीले आत्महत्या गर्ने उद्देश्यले आफूले विष खाई छोरा छोरीलाई समेत विष खुवाएकामा बालक अंकित बजगाईको मृत्यु भएको तथ्यमा विवाद नदेखिने।

प्रस्तुत वारदात हुनुको पछाडी पूर्वयोजना तथा पूर्व रिसइबी तथा मनसायप्रेरित हत्यामा रहने जस्तो आपराधिक मनसायको समेत विद्यमानता नभई प्रतिवादीको नकारात्मक घरायसी वातावरण नै प्रमुखरूपमा जिम्मेवार रहेको देखिन आउँछ । नेपाली सेनामा कार्यरत् रहेको आफ्नो श्रीमान् प्रायसः घरबाहिर नै रहने तथा घरमा सासूले श्रीमान् आएको बखत अर्कै विवाह गर्न दबाब दिने गरेको र श्रीमानले समेत म आमालाई छोड्न सक्दिन तँ जेसुकै गर् भनी गैरजिम्मेवारपूर्ण व्यवहार गरेको कारण उत्पन्न कमजोर मानसिक अवस्थाले गर्दा प्रस्तुत वारदात घट्न गएको देखिन्छ । यस किसिमको असहयोगी पारिवारिक वातावरणको कारण मानसिक अवस्थामा आघात पुगी प्रतिवादीले आत्महत्या गर्ने निर्णयमा पुग्नु परेको देखिने।

जन्म दिने आमाले आफ्नो छोराछोरीको सधैँ हित नै चिताएको हुन्छ। छोराछोरीको हत्या गर्ने जस्तो गम्भीर अपराध गर्ने मनसाय कुनै पनि आमासँग रहदैन। प्रस्तुत वारदातमा आफ्नो मृत्युपश्चात् छोराछोरीले झन् दुःख पाउने अवस्थाको कल्पना गरी धेरै दुःख नपाउन् भनी एकैपटक आफूसँगै मार्न खोजेको कार्यलाई अन्य सुनियोजित हत्या (Intentional Homicide) गर्नेलाई जस्तो कठोर सजाय गर्नु न्यायको दृष्टिले उचित देखिँदैन। कसुर र सजायमा तादाम्यता हुनु आवश्यक हुन्छ। यी प्रतिवादीले पति एवम् सासूलगायतका घर

परिवारका अभिभावकबाट समेत हेलापूर्ण व्यवहार भएको कारण आत्महत्या गर्न प्रयास गरेको कार्य नै दुःखद् छ । आफू मरेपछि नाबालक छोराछोरीको बिचल्ली होला भनी बालबच्चाले दुःख पाउने कल्पना गरी विष सेवन गरी छोराछोरीलाई समेत विष खुवाएको घटना झन् दुःखद् छ । आफ्नो नाबालक छोरा आफ्नै कारणले गुम्न गएको पीडा प्रतिवादीले सदैब सहनु पर्ने स्थिति छ । प्रतिवादीलाई कानूनले सजाय गरेकोभन्दा पनि बढी सजायबोध परिमाणतः आजीवन भइरहने स्थितिलाई मनन गर्दा प्रतिवादीलाई पाँच वर्ष सजाय हुने राय व्यक्त भएकामा सोसमेत चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादी नुमा बजगाईलाई चार वर्षसम्म मात्र कैद सजाय गर्नु न्यायोचित देखिँदा निजलाई जम्मा वर्ष चार (४) कैद सजाय हुने ।

सुरू बर्दिया जिल्ला अदालतले प्रतिवादी नुमा बजगाईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वश्वसहित जन्म कैद गरी मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम उक्त सजाय चर्को पर्ने भनी पाँच वर्षमात्र कैद सजाय गर्ने गरी व्यक्त गरेको रायसमेतलाई सदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७१।५।८ को फैसला ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गरेको हदसम्म सदर हुने ठहर्छ र रायको हकमा ४ वर्षमात्र कैद सजाय हुने ठहर्ने ।

इजलास अधिकृत : मीना गुरूङ

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७२ साल भदौ २५ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-०१२३, प्रतिषेध / परमादेश, *नेपाल योग तथा प्राकृतिक चिकित्सा संघको तर्फबाट उक्त संघका महासचिव प्रा.डा.सूर्यबहादुर कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

नेपाल योग तथा प्राकृतिक चिकित्सा संघले CTEVT बाट ६ महिनाभन्दा बढी अवधिको तालीम सञ्चालन गर्ने अनुमति प्राप्त गरेको देखिँदैन । नेपाल योग तथा प्राकृतिक चिकित्सा संघ कानूनी व्यक्तित्व भएकाले यो कानूनअनुरूप जन्मने र कानूनको सिमाभित्र रहिमात्र काम गर्न सक्दछ । ६ महिनाको तालीम सञ्चालन गर्न अनुमति प्राप्त गरेको संस्थाले आफूले प्राप्त गरेको अवधिको मात्र तालीम सञ्चालन गर्नुपर्नेमा सो अवधिभन्दा बढी अवधिको तालिम सञ्चालन गर्न पाउने अवस्था नरहने ।

रिट निवेदक सञ्चालक रहेको नेपाल योग तथा प्राकृतिक चिकित्सालय पकनाजोल काठमाडौंले अनियमित काम गरेकाले कारवाही गरिपाउँ भनी सो संस्थाउपर डा. सुनिलकुमार पौडेलको उजुरी परी सो संस्थाको काम कारवाहीमा नै प्रश्न उठेको देखियो । सो उजुरीका सम्बन्धमा प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान प्रहरी ब्युरो, महाराजगञ्जले नेपाल योग तथा प्राकृतिक चिकित्सा संघबाट भए गरेका काम कारवाहीका विषयमा विभिन्न सरकारी कार्यालयहरूमा पत्राचार गरेकामा ती निकायबाट यस सम्बन्धमा उक्त संस्थाले शिक्षा मन्त्रालय उच्च तथा प्राविधिक शिक्षा शाखाबाट संस्था सञ्चालन गर्न अनुमति नदिएको, त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नगरेको, संस्था सञ्चालन गर्न अनुमति नदिएको, त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नगरेको, संस्था सञ्चालन गर्न आयुर्वेद विभागबाट अनुमति नदिएको, CTEVT बाट छोटो अवधि ६ महिनाको तालीम मात्र सञ्चालन गर्न अनुमति दिएको र Open International University for Complementary Medicines Srilanka लाई त्रिभुवन विश्वविद्यालयले सम्बन्धन नदिएको भन्ने विपक्षीको लिखित जवाफबाट देखिन्छ । डा.सुनिलकुमार पौडेलले गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयसमेतलाई बोधार्थ दिई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो, महाराजगञ्जमा उजुरी दिएकामा सो उजुरीका आधारमा प्रहरीले छानबिन तथा सोधपुछका क्रममा

सूर्यबहादुरलाई फेला नपारेकाले निजको छोरा नविन कार्कीलाई उक्त कसुरका सम्बन्धमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान प्रहरी ब्युरो, महाराजगञ्जमा बोलाई बुझ्नेसम्म कार्य भएको देखिन्छ । हाल नविन कार्की प्रहरी नियन्त्रणमा र प्रहरीको निगरानीमा रहे भएको देखिँदैन । कानूनबमोजिम गठित साधिकार निकायमा कानूनबमोजिम दर्ता भएका निवेदनहरू उपर छानविन अनुसन्धान गर्न प्रारम्भमा नै प्रतिषेधित वा निषेधित गर्न उपयुक्त हुने देखिँदैन । कानून कार्यान्वयन गर्ने निकायमा परेको उजुरीका आधारमा सम्बन्धित निकायबाट छानबिन, अनुसन्धान र सोधपुछ गर्न सक्ने नै देखिन्छ । यसबाट निवेदन मागबमोजिम विपक्षीका नाममा प्रतिषेधको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा निवेदकको माग अनुरूपको प्रतिषेधसमेतको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ६(१) ले स्वास्थ्य सेवाअन्तर्गत देहायका चिकित्सा प्रणालीहरू रहनेछन् भनी (क) एलोप्याथी चिकित्सा प्रणाली, (ख) आयुर्वेद चिकित्सा प्रणाली, र (ग) होमियोप्याथी चिकित्सा प्रणालीको उल्लेख गरिएको देखिन्छ । त्यसैगरी दफा ६(२) मा उपदफा (१) मा उल्लेख भएका चिकित्सा प्रणालीबाहेक नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अन्य चिकित्सा प्रणाली तोक्न सक्नेछ भन्ने कानूनी प्रावधान पनि रहेको देखिन्छ । सो कानूनी प्रावधान अनुरूप मिति २०५९।३।२७ को राजपत्रमा श्री ५ को सरकारले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ६(२) ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवाअन्तर्गत प्राकृतिक चिकित्सा प्रणालीलाई समावेश गर्ने निर्णय भएको सूचना प्रकाशित भएको पाइयो । यसबाट प्राकृतिक चिकित्सा प्रणाली पनि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अन्तर्गत रहेको देखिने।

प्राकृतिक चिकित्सा प्रणालीलाई वैज्ञानिक खोजका आधारमा व्यवस्थित गरी सेवाग्राही र सम्बन्धित निकायप्रति उत्तरदायित्व बहन गर्न सक्नेरूपमा सञ्चालन गर्न, गराउन र ती कार्यहरू गर्ने गराउनेसमेतलाई नियमन गर्नेसमेतको व्यवस्था हुन आवश्यक देखिन आयो । प्राकृतिक चिकित्सा प्रणाली मानवजनको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने भएकाले यसलाई संवेदनशील भई सावधानी पूर्वक हेरिनु पर्ने पनि हुन्छ । उत्तरदायित्व बोध नगराई नियमनकारी प्रावधान र निकायको अभावमा यो प्रक्रिया सञ्चालन हुन थालेमा जनस्वास्थ्य सङ्कटमा पर्न सक्छ । तर, साथसाथै यो प्रणालीको विकास हुन जरूरी भएको साधारण समझ र नेपाल सरकारले स्वास्थ्य सेवाअन्तर्गत यसलाई पारेकोबाट पनि प्रष्ट छ । वैज्ञानिक आधार, उत्तरदायित्व बहन, नियमनकारी प्रावधान र सक्षम निकाय यस्का पूर्व सर्त हुन् । तसर्थ जनसमूदायको सुस्वास्थ्य केन्द्रिकृत चासोको विषय मानी प्राकृतिक चिकित्सा प्रणालीलाई नियमन, निरीक्षण तथा कुसल व्यवस्थापन गर्ने प्रयोजनार्थ सम्बन्धित विषयका ज्ञान भएका विज्ञहरूको टोली गठन गरी सम्बन्धित विषयको अध्ययन गरी तत्सम्बन्धमा निर्देशिका वा नियम बनाई जे जस्तो कार्यहरू गर्नुपर्ने हो कानूनबमोजिम गर्नु र ऐन कानून बनाउन पर्ने देखिएमा सोतर्फ सक्षम निकाय वा राज्यको अङ्गसँग आफ्नो आवश्यक्ताअनुसार गर्नुपर्ने वा बनाउन अनुरोध गर्नुपर्ने हो, सो गर्ने बनाउने तर्फ पहल गर्नु गराउनु भनी विपक्षीमध्येको स्वास्थ्य मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७२ भदौ १७ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०१३७, जबरजस्ती चोरी, *कृष्णप्रसाद अधिकारीको जाहेरीले नेपाल सरकार वि. पप्पु नेपालीसमेत*

मुलुकी ऐन, चोरीको महलको १४(२) नं. हेर्दा "जबरजस्ती चोरी गर्नेलाई यसै महलको १२

नं. बमोजिम हुने सजायको डेढो बढाई सजाय गरी जरिवानाको बापतमा समेत कैद गर्नुपर्छ र सोबमोजिम गर्दा चार महिनादेखि घटी कैद हुने भएमा चार महिना कैद गर्नुपर्छ" भनि सजायसम्बन्धी व्यवस्था भएको देखिन्छ । तदअनुरूप प्रतिवादीहरूलाई हुने सजायमा उक्त कानूनी व्यवस्थाअनुसार डेढो बढाई कैद र जरिवाना गरेको पुनरावेदन अदालतको फैसलाबाट देखिएकै छ । तर, जरिवानाबापत समेत कैद गर्नुपर्नेमा भने सो गरेको उक्त फैसलाबाट देखिएन । कानूनले स्पष्टरूपमा जरिवानाबापत कैद गर्नुपर्ने भनेको अवस्थामा जरिवाना नै भए पनि सो जरिवाना बुझाउँदा कैद सजायबाट उम्किन र उम्काउन मिल्ने देखिँदैन । जरिवानाबापत कैद गर्नुपर्नेमा लागेको जरिवाना रकम अड्डाले बुझ्न मिल्दैन, कुनै तवरले बुझेको रहेछ भने पनि त्यो सजाय चुक्ता हुने होइन, अपितु बुझाई सकेको भएपनि बुझाएको रकम फिर्ता लिई सो जरिवानाबापत पनि कसुरदारले अनिवार्यरूपले कैदमा नै बसी चुक्ता गर्नुपर्ने हुन्छ । तसर्थ सुरू दाङ्ग देउखुरी जिल्ला अदालत तथा पुनरावेदन अदालत, तुल्सीपुरबाट फैसला हुँदा मुलुकी ऐन, चोरीको १४ नं. को देहायको २ अनुरूप जरिवानाबापत कैद गरी लगत कसेको नदेखिँदा उक्त फैसलाबाट मुलुकी ऐन, चोरीको महलको १४(२) नं. को कानूनी त्रुटि भएको देखिन आयो । तसर्थ जरिवानाबापत समेत कैद गर्नुपर्नेमा सो नगरी जरिवानामात्र गर्ने गरेको हदसम्म पुनरावेदन अदालत, तुल्सीपुर दाङको फैसला नमिलेको हुँदा सो नमिलेको हदसम्म केही उल्टी हुने र प्रतिवादीहरूलाई लागेको जरिवानाबापत कैद हुने ठहर्ने।

इजलास अधिकृत: तीर्थराज भट्टराई

कम्प्युटर : सबिना अधिकारी

इति संवत् २०७२ साल भदौ २१ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०८०८, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. मिलन भन्ने रोशन वि.क.*

प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) अनुसार मानव बेचबिखनको कसुर अपराध गरेको हो भनी वादीले सारभूत र वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिँदैन । प्रतिवादीले पीडितहरूलाई मानव बेचबिखन गरेकाले सजाय गरिपाउँ भनी जाहेरी दिने लोकबन्दु दर्नाललाई अदालतमा बकपत्र गराई जाहेरी व्यहोरालाई समर्थन गराउन सकेको छैन । त्यसैगरी वस्तुस्थिति मुचुल्कामा बस्ने बिक्की लिम्बु, पुष्पा दर्जी र विनिता दर्जीलाई वादीले अदालतमा उपस्थित गराई निजहरूले अनुसन्धान अधिकृतसमक्ष गरेको कागजलाई पुष्ट्याँई गराउन सकेको छैन । प्रमाण ऐन, २०३१ को दफा १८ मा तहकिकात वा जाँच बुझका सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लिखित भएका कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बकपत्र गरेमा मात्र प्रमाण लिन हुन्छ भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। वादी नेपाल सरकारले मौकामा बुझिएका बिक्की लिम्बु, पुष्पा दर्जीसमेतलाई अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेको नदेखिँदा निहरूले अनुसन्धान अधिकृतसमक्ष गरिदिएको लिखत कागजहरूलाई प्रमाणमा ग्रहण गर्न सकिने अवस्था देखिएन । साथै पीडितहरू अन्जना दर्नाल र यसोदा बास्कोटाले अदालतमा बकपत्र गर्दा प्रतिवादीले हामीलाई भारतमा बेच्न लगेको हो भनेपनि प्रतिवादीको के कस्तो कार्य तथा व्यवहारबाट पीडितहरूलाई कहाँ, कस्लाई र कति रूपैयाँमा बिक्री गर्न लागेको हो सोकुरा उल्लेख गर्न सकेको देखिएन । यसबाट प्रतिवादीले पीडितहरूलाई बिक्री गर्न तथा वेश्यावृत्तिमा लगाउने उद्देश्यले नवलपरासीको बर्दघाटबाट भैरहवा पुर्‍याएको भन्ने नदेखिने ।

प्रतिवादी मिलन भन्ने रोशन वि.क.ले पीडितहरूलाई भैरहवामा बस चड्ने क्रममा भैरहवाको बसपार्कबाट अथवा नेपालभित्रै पक्राऊ परेको र

प्रतिवादीले पीडितहरूलाई विदेश भारत पुर्‍याएको देखिँदैन । पीडितहरूलाई शोषण गर्ने उद्देश्यले ललाई, फकाई, प्रलोभनमा पारी, प्रपञ्च मिलाई नेपालको एक ठाउँबाट अर्को ठाउँसम्म अर्थात् नवलपरासीको बर्दघाटबाट भैरहवाको बसपार्कसम्म पुर्‍याएको देखिन्छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ ले मानव ओसारपसारको कार्यलाई शोषणको कसुर मानेको छ । यसबाट यी प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिम शोषणको कसुर अपराधसम्म गरेको देखियो । यस्तो अवस्थामा प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २(४) (ख) को कसुर अपराधमा ऐ.ऐनको दफा १५(१)(च) अनुसार २ वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको फैसलामा त्रुटि रहेको देखिएन । पुनरावेदन अदालतको त्रुटिपूर्ण फैसला उल्टी गर्न प्रत्यर्थी झिकाई पाउँ भन्ने विद्वान् सहन्यायाधिवक्ताको बहस बुदाँमा सहमत हुन नसकिने ।

प्रतिवादी मिलन भन्ने रोशन वि.क. लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(छ) बमोजिम ७ वर्ष कैद सजाय हुने ठहर्‍याएको झापा जिल्ला अदालतको मिति २०६९।३।१२ को फैसला केही उल्टी गरी प्रतिवादीलाई उक्त ऐनको दफा ४(२)(ख) अनुरूप शोषणको कसुरमा ऐ.ऐनको दफा १५(१)(च) बमोजिम २ वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०७०।३।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको अभियोग दाबीअनुरूप प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७२ साल भदौ १५ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-०१००, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्ष्मण भट्ट*

प्रतिवादी लक्ष्मण भट्टले वारदातमा मृतकलाई मार्नको लागि प्रयोग गरिएको ढुङ्गा र धारिलो हतियार चक्कु बरामद गरी देखाउँदा यी प्रतिवादीले उक्त ढुङ्गा र धारिलो हतियार चक्कुले नै मृतकलाई मारेको हुँ भनी सनाखतसमेत गरिदिएको देखिन्छ । घटना विवरण कागजका भिमराज भट्ट, कृष्णप्रसाद भट्ट र बरामदी खानतलासी मुचुल्काको धनबहादुर बोहोरासमेतले प्रतिवादी लक्ष्मण भट्टले नै मृतकलाई मारेको हो भनी प्रहरीमा गरेको कागजलाई पुष्टि गर्ने गरी अदालतमा आई बकपत्र गरी दिएको पाइन्छ । सह-अभियुक्तका रूपमा रहेका प्रतिवादीद्धय अम्बादत्त भट्ट र हरिसिंह धामीले समेत प्रतिवादी लक्ष्मण भट्टले नै मृतकलाई मारी फालेको र उक्त वारदातमा आफूहरूको सम्लग्नता रहेको छैन भनी बयान गरेको देखिन्छ र सोहीबमोजिम निज प्रतिवादीद्वय हरिसिंह धामी र अम्बादत्त भट्टले अभियोग दाबीबाट सफाइसमेत पाएको अवस्था देखिने ।

यसप्रकार अनुसन्धानको क्रममा भएको घटनास्थल तथा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीको मौकामा तथा अदालतमा भएको साविती बयान, सह अभियुक्तहरूको बयान, किटानी जाहेरी दरखास्त, मौकामा बुझिएका व्यक्तिहरूको बकपत्रसमेतबाट यी प्रतिवादी लक्ष्मण भट्टले ढुङ्गा र चक्कु प्रहार गरेको कारण नरदेव खत्रीको मृत्यु भएको पुष्टि हुन आएकाले निज प्रतिवादी लक्ष्मण भट्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने गरी भएको सुरू फैसला सदर गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट भएको मिति २०७०।५।२६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : मीना गुरूङ

इति संवत् २०७२ साल जेठ २२ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडैल,** ०७१-WH-००७६, बन्दीप्रत्यक्षीकरण, *बाल सुधार गृह, सानोठिमी, काठमाडौंमा थुनामा रहेका वर्ष १४ का परिवर्तित नाम विरेन लामाको हकमा का.जि.का.म.न.पा वडा नं. ४ स्थित एडभोकेसी फोरम नेपालका तर्फबाट अधिवक्ता पुष्पराज पौडेल वि. काठमाडौं जिल्ला अदालतसमेत*

केबल माग भएको धरौटी रकम राख्न नसकेको हुदा थुनामा बस्नु परेको देखिन्छ । धरौट राख्न माग गरेको रकम बुझाउने हैसियत भएको भए उसले थुनामा बस्न नपर्ने रहेछ । यसरी रू. ४०,०००।– निवेदकले धरौट राख्न नसक्ने कमजोर आर्थिक स्थितिको कारणबाट मात्र थुनामा बस्न परेको देखिन्छ । कुनै बयस्क व्यक्तिको लागि पनि उसको कमजोर आर्थिक अवस्थाको कारणले थुनामा बस्नुपर्ने बाध्यतालाई हुनेखानेको स्थितिको तुलनामा कानूनको आँखामा सबै समान हुने संवैधानिक प्रत्याभूति आर्थिक कारणले अवसरमा विभेदकारीको झलक दिलाउने प्रसङ्ग त्यसै त मानव अधिकार जस्तो संवेदनशील विषयप्रति चुनौतिपूर्ण छ भने त्यस्मा पनि झन् निवेदक १५ वर्षको नाबालक देखिएकाले मानव अधिकारको प्रश्न त झन् बढी जटिल भई यसलाई गम्भिरताका साथ संवेदनशील भई हेरिनुपर्ने।

अदालतले बालबालिकासम्बन्धी मुद्दामा कुनैपनि निर्णय गर्दा बालबालिकाको सर्बोत्तम हितमा हुनुपर्नेमा धरौटी बुझाउन नसकेको आधारमा थुनाको विकल्पको रूपमा बालसुधार गृहमा पठाउने कार्य उक्त सन्धिको उद्देश्य र प्रावधानविपरीत रहेको छ । त्यसैगरी उक्त बालअधिकारसम्बन्धी महासन्धिको दफा ३७(२) ले कुनै पनि बालबालिकालाई यातना दिइने वा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन । न त अठार वर्षभन्दा कम उमेरका व्यक्तिहरूद्वारा गरिएका कसुरहरूका लागि मृत्युदण्डको सजाय वा रिहाई पाउने सम्भावनाविनाको आजीवन कारावासको सजाय नै दिइने छ भनी बालबालिकाहरूका निमित्त अन्तिम उपायको रूपमा मात्र थुनाको प्रयोग गरिने सुनिश्चितता प्रदान गरेको।

पूर्पक्षको निमित्त माग गरेको धरौटी दिन नसकेको बालकलाई थुनछेकको प्रयोजनका लागि थुनाको विकल्पको रूपमा बालसुधार गृहमा राखेको कार्यलाई उचित र मुनासिब मान्न सकिन्न, बरू यसले उल्टै दण्डको सुधारात्मक अवधारणालाई इन्कार गरेको मान्न सकिन्छ। बालबालिकाको हकमा कानूनको द्वन्द्वमा परी निजले गरेको फौजदारी कसुरका सम्बन्धमा दण्ड निर्धारण गर्दासमेत उनीहरूको सर्वोत्तम हितलाई नजरअन्दाज गर्न सकिँदैन । प्रस्तुत मुद्दामा अन्तिम फैसलाबमोजिम थुनामा बसेको अवस्था नभै चोरी मुद्दामा पूर्वसर्तको रूपमा धरौट माग गरी धरौट दिन नसकेको आधार बनाई थुनामा राख्ने गरी भएको कार्यलाई अन्तिम उपायको रूपमा मात्र थुनाको प्रयोग गरिने भन्ने बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३७(२) समेतको अनुकूल रहेको मान्न नमिल्ने । बालबालिकालाई तोकिएको सजायसमेत स्थगन हुने वा भोग्न नपर्ने गरी निर्णयकर्ताले निर्णय गर्न सक्ने अवस्थामा धरौटीको विकल्पको रूपमा थुनालाई उपयोग गरिएको कार्यलाई "बालबालिकाको हक हितको संरक्षण गरी तिनीहरूको शारीरिक मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानूनी व्यवस्था गर्न" जारी भएको बालबालिकासम्बन्धी ऐन, २०४८ को मर्म र भावनाविपरीत देखिन आउने।

अभियोग दाबीबमोजिम सजाय गर्दा कै अवस्थामा पनि यी निवेदकलाई बयस्क भई सकेको भए पनि अधिकतम एक महिना पन्ध्र दिन कैद हुन सक्ने अवस्था देखिन्छ । निज मिति २०७२।२।८ गतेदेखि थुनामा रहेको र निजलाई वयस्क भएकै अवस्थामा पनि हुनसक्ने अधिकतम कैदको सजाय भन्दा पनि बढी नै अवधि कैदमा रहेकोसमेत मिसिल कागजातहरूबाट देखिन्छ। पुनश्च: निवेदक वर्ष १५ को मात्र रहेको अवस्थामा निजउपर बालबालिकासम्बन्धी ऐन, २०४८ का व्यवस्थाहरू समेत आकर्षित हुने देखिन्छ । जसअनुसार निजलाई कसुरदार ठहरिएकै

अवस्थामा पनि वयस्कलाई हुने सजायको आधा सजाय बढीमा २३ दिन कैद हुन सक्नेमा निज हालसम्म पनि तीन महिनाभन्दा बढी थुनामा रहिरहेको कार्यलाई उचित र न्यायपूर्ण मान्न नसकिने।

निवेदक परिवर्तित नाम विरेन लामाबाट काठमाडौं जिल्ला अदालतमा चलेको नकबजनी चोरी मुद्दामा माग गरेको धरौटी रू. ४०,०००।- दिन नसकी बाल सुधार गृह, भक्तपुरमा थुनामा राख्न पठाएको मिति २०७१।३।१० को आदेश र सो आदेशानुसार बाल सुधार गृह, भक्तपुरमा थुनामा राखिएको कार्य गैह्रकानूनी हुँदा बदर गरी निवेदकलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिदिएको छ। अब निवेदकलाई अ.बं. ४७ नं. बमोजिम तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नू।

इजलास अधिकृत : तीर्थराज भट्टराई

कम्प्युटर : सबिना अधिकारी

इति संवत् २०७२ साल भदौ २३ गते रोज ४ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-०४७३, उत्प्रेषण, *सशस्त्र प्रहरी स.प्र.ना.नि.वर्ष २३ को (आई.डि.नं. २७८१) सुनिल सिंखडा वि. सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत*

निवेदकले पदीय मर्यादाविपरीत सशस्त्र प्रहरी ऐन र नियमावली उल्लङ्घन गरी गरेको उक्त कार्यका सम्बन्धमा अधिकारयुक्त अधिकारीबाट स्पष्टिकरण माग भै सुनुवाइको उचित मौका प्रदान गरी कानूनको उचित प्रक्रिया पूरा गरी विभागीय सजायको आदेशको निर्णय भएको र उक्त निर्णय पुनरावेदकीय तहबाट सदरसमेत भइसकेको अवस्था देखिन्छ । कानूनको प्रतिकूल पैसा उठाउने कार्यलाई एकपटकलाई भनी माफी दिने हो भने त्यस्तो कार्यको पुनरावृत्ति हुन सक्दैन भन्न मिल्दैन भने अर्कोतर्फ कानूनको उल्लङ्घन भएकामा एक पटकलाई माफी दिन सक्ने कानूनी व्यवस्थाको अभाव रहेको देखिएकाले रिट निवेदनको औचित्य देखिन नआउने।

प्रस्तुत रिट निवेदनमा निवेदकले रिट क्षेत्राधिकारमा प्रवेश गर्दाको अवस्थामा नै अत्यन्त ढिलो गरी प्रवेश गरेको अवस्था मिसिल संलग्न प्रमाणबाट देखिन्छ । मिति २०६१।८।२१ मा नोकरीबाट हटाउने गरी निर्णय भइसकेपछि लामो समयमा मिति २०६६।६।१३ मा मात्र जानकारी हुन आयो भनी मिति २०६६।८।१८ मा मात्र रिट क्षेत्रको माध्यमबाट अत्यन्त ढिलो गरी यस अदालतमा प्रवेश गरेको देखिन्छ। अधिकार खोजी गर्नेले आफ्नो कर्तव्य र दायित्व पनि पुरा गरेको हुनुपर्ने हुँदा निवेदकलाई नोकरीबाट हटाउने गरी सशस्त्र प्रहरी महानिरीक्षकबाट मिति २०६३/७/१५ मा गरेको निर्णय तथा सोही निर्णयलाई सदर गर्ने गरी गृहमन्त्रीका तर्फबाट भएको पुनरावेदन तहको निर्णय संविधान र कानूनसङ्गत नै रहेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WO-०८९०, उत्प्रेषण, *दिपेन्द्र सापकोटा वि. सिन्धुपाल्चोक जिल्ला अदालत, सिन्धुपाल्चोक*

अदालतको म्याद गैर अदालती व्यक्तिले पाउने र तामेल गरी अदालतमा एकप्रति तामेली म्याद बुझाउन आँट गर्ने कुराको कल्पनासम्म पनि गर्न सकिँदैन । म्याद तामेल गर्ने व्यक्ति अदालतका कर्मचारी होइनन् भनी निवेदकले सप्रमाण स्पष्ट जिकिर नलिएसम्म तामेलदारको सत्यता र आधिकारिकतामा यस अदालतले शङ्का गर्नु उचित हुँदैन। अ.बं. ११० नं. मा तामेल गर्नेले सहि गर्नुपर्ने भन्नेसम्मको व्यवस्था गरेको सोबाहेक दर्जा थर खुलाउनु पर्ने जस्ता कुनै उक्त ११० नं. मा नरहेकाले सो कारणबाट म्याद तामेलीलाई

बेरीतको भन्न मिल्ने नदेखिने।

छाप आदि कुरा म्याद तामेली कानूनबमोजिम भएको छ भन्ने सन्दर्भमा ढङ्गपूर्वकको कारवाहीसँग सम्बन्धित कुरा हुन् । कतिपय कारणले छाप फेला नपर्न वा भूलचुकले पनि छाप लगाउन बिर्सने अवस्था उत्पन्न हुन सक्छ । कानूनले नै अनिवार्य नगरेको कुराको पालना भएन भन्ने कुरा रिट आदेश जारी गर्नको लागि मनासिब आधार हुन नसक्ने।

म्याद तामेल भएपछि म्याद तामेल भएको मिति उद्धृत गर्दा तलमाथि वा फरक परेको कुराबाट म्याद तामेली बेरीतको हुने कानूनी व्यवस्था छैन । उल्लिखित कालखण्डमा मुलुकमा विद्यमान असहज अवस्थाले गर्दा प्रायोजितरूपमा पनि यसरी विभिन्न मितिको उल्लेखन हुन सक्ने अवस्था रहन्छ । यी निवेदक मुद्दाको अनुसन्धानको दौरानमा पनि फरार रहेको अवस्था छ। अनुसन्धानको चरणमा लुकीछिपी बस्ने र अदालतबाट तामेल भएको म्यादमा विभिन्न किसिमको छिद्रान्वेषण गर्ने र तत्सम्बन्धमा क्रियाशील रहने निवेदकको आचरणले म्याद तामेल भएपछिको थपथापको सम्भावनालाई इन्कार गर्न सकिँदैन। अतः निवेदकले उल्लेख गरेको यो बुँदा पनि रिट जारी गर्ने मनासिब आधार हुन नसक्ने।

इर्खु गाविसको सिफारिससमेतका आधारमा नागरिकता कीर्ते गरेको भन्नेमा म पीपलडाँडा गाविसको पूर्व उपाध्यक्षलाई पोल गरिएको भन्ने निवेदन जिकिर मुद्दाको गुणसँग सम्बन्धित रहेको र यस्ता जिकिर रिट आदेशबाट विचार गर्न नमिल्ने हुँदा निवेदकको यो जिकिरसँग पनि सहमत हुन नसक्ने।

रिट अधिकारक्षेत्र भनेको समन्यायिक अधिकारक्षेत्र हो । व्यक्तिगत न्याय अन्यायभन्दा पनि कार्यविधिगत त्रुटि आदि भै न्याय सम्पादनको पद्धति नै धराशायी त भएन भन्ने कुरा समेतको यसमा विचार हुन्छ। माथि उल्लेख भएबमोजिम मुलुकी ऐन, अ.बं. १०७ नं. र अ.बं. ११० तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क बमोजिम सार्वजनिक सूचनालगायतका कानूनको मक्सद भनेको म्यादवाला वा उसको एकाघरको व्यक्तिले म्याद बुझ्न सकुन् भन्ने हो। म्याद तामेल गर्दा अदालतको जनशक्ति र समयको पर्याप्त प्रयोग हुन्छ । कानूनले अनिवार्य नगरेको झिना मसिना तौरतरिकासम्बन्धी व्यक्ति विशेषको भनाइ र विचारमा भर गरी म्यादतामेलीमा यो रीत पुर्याउनुपर्छ भनी निर्णायक बनाई म्याद तामेलीलाई बदर गर्नु उपयुक्त हुँदैन । यसबाट न्याय ढिलो हुन्छ । अदालत आदि निकायबाट भएका कामकारवाही कानूनको रीत पुर्याई हुन्छ भन्ने कुरा नै मानिन्छ। यस्ता निकायबाट भएका कामकारवाही बदर गर्ने कुरा अत्यन्त अपवाद परेको अवस्थामा मात्र हुन्छ । यस मुद्दामा त्यसप्रकारको घोर कानूनी त्रुटि विद्यमान रहेको कुरालाई निवेदकले संपुष्टि गर्न सक्नुभएको छैन। म्याद तामेल भएको समयमा म्याद जथाभावी दबाउने छिपाउने कुराको अनुमान गर्नै मिल्दैन । म्यादवाला व्यक्ति फेला नपरेमा तामेलदार फर्केर आउँदा उक्त अ.बं. ११० नं. प्रतिकूल हुने हुँदा निजको घरमा बस्ने व्यक्तिलाई साक्षीहरूको रोहवरमा म्याद बुझाउनु पर्ने र त्यसरी बुझाएको म्याद अ.बं. ११० नं को रीत पुगेको हुने भन्ने कानूनी व्यवस्थाअनुसार निवेदकको बाबुलाई बुझाइएको र बाबुले बुझेको म्याद रीतपूर्वककै देखिन्छ । यसर्थ निवेदकको मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्था नभएकाले मिति २०६८।१२।२१।३ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेश निष्क्रिय भै प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल साउन २९ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-१०२२, मानव बेचबिखन तथा ओसारपसार, *रामप्रसाद भुषाल वि. परिवर्तित नाम रिता के.सी.को जाहेरीले नेपाल सरकार*

कपिलवस्तु जिल्ला अदालतको फैसलामा मानव ओसारपसारतर्फको दाबीको सम्बन्धमा

नबोलिएको र नैतिक पतन देखिने फौजदारी अपराध कायम गर्नुपर्नेमा सोसमेत कायम नगरिएकाले मानव ओसारपसारतर्फको अभियोग दाबीको सम्बन्धमा फैसलामा बोलिनु पर्ने र नैतिक पतन देखिने फौजदारी अपराधसमेत कायम गरिनु पर्ने भनी वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत, बुटवलमा पुनरावेदन परेको देखिन्छ । वादी नेपाल सरकारको तर्फबाट परेको उक्त पुनरावेदनको रोहमा हेरी प्रस्तुत मुद्दा पुनरावेदन अदालत, बुटवलबाट फैसला हुँदा सुरू कपिलवस्तु जिल्ला अदालतको फैसलालाई नै सदर गर्ने गरी मिति २०६९।८।२७ मा फैसला भएको देखिने।

न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को कानूनी व्यवस्था हेर्दा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको पाइन्छ। यी पुनरावेदक प्रतिवादी रामप्रसाद भुषालले सुरू कपिलवस्तु जिल्ला अदालतले मिति २०६८।८।२८ मा गरेको फैसलाउपर पुनरावेदन नगरी चित्त बुझाई बसेको र उक्त फैसलाउपर नेपाल सरकारको पुनरावेदन परेकामा पुनरावेदन अदालत, बुटवलबाट सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गर्ने गरी मिति २०६९।८।२७ मा फैसला भएको देखिन्छ। सुरू जिल्ला अदालतबाट भएको फैसलाउपर एक तह पुनरावेदन अदालतमा पुनरावेदन नगरी यी पुनरावेदक प्रतिवादीले सो फैसलामा चित्त बुझाई बसेकामा त्यसतर्फ कुनै कुरा उल्लेख नै नगरी त्यसै फैसलाका उपर यस अदालतमा पुनरावेदन दर्ता गरेको कार्य न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(क) समेतको प्रतिकुल हुने देखिन्छ । पक्षले एक तह पुनरावेदन गर्ने कानूनी हकलाई गुमाई जिल्ला अदालतको फैसलाउपर पुनरावेदन नै नगरी त्यसै जिल्ला अदालतको फैसलालाई सदर गरेकामा पहिलो तहको पुनरावेदनमा मौन रहेको र पुनरावेदन अदालतबाट भएको फैसलामा पुनरावेदन गर्न पाउने हो भने तहतह पुनरावेदन नगरी एकै पटक १० वर्षभन्दा बढी कैदको सजायमा पुनरावेदन गरी तह नाघ्ने प्रक्रियाको सुरूवात हुन्छ । प्रस्तुत मुद्दाको सुरू कारवाही पुनरावेदन तहमा नभै जिल्ला अदालतबाट भएको देखिँदा उक्त दफा ९ को उपदफा १(क) ले सोझै पुनरावेदन गर्ने हक भएको देखिएन । तसर्थ प्रस्तुत पुनरावेदन मुलुकी ऐन अ.बं. १८० नं. ले खारेज हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल वैशाख ७ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-००७१, अंश चलन, *भगवती देवी उप्रेती वि. अन्नपूर्ण उप्रेती*

प्रतिवादी भगवतीदेवी उप्रेतीले प्राप्त गरेको कि.नं.२५को जग्गा पूरा र घरको एक तल्लासम्म निजले निजीरूपमा बकसपत्रबाट प्राप्त गरेको देखिन आएकाले त्यसरी निजी तबरबाट प्राप्त गरेको सम्पत्ती मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. र स्त्री अंशधनको महलको ४ र ५ नं. बमोजिम बकसपत्र पाउने प्रतिवादी भगवती देवी उप्रेतीको निजी आर्जनको देखिदा अन्य अंशियारले बन्डा लाग्ने हो भनी दाबी गर्न पाउने देखिएन । बकसपत्र प्राप्त भएपछि थप दुई तल्ला निर्माण भएको देखिएको र सो थपिएको तल्ला पुनरावेदक प्रतिवादी भगवतीदेवी उप्रेतीले के कस्तो स्रोतबाट थप गरिएको हो भनी खुलाउन नसकेको र वादी र प्रतिवादीहरू एका संगोलमा नै रही बसिआएको अवस्थामा तला थप गरिएको देखिएको तथा निजी तबरबाट प्रतिवादी भगवती उप्रेतीले बनाएको भन्ने पुष्टि नभएको अवस्थामा त्यसरी थप गरिएको तला वा बढेको सम्पत्ति संगोलको सम्पत्तिसमेत लगानी गरी निर्माण भएको हो भनी अदालतले अनुमान गर्नुपर्ने हुँदा बन्डा गर्नुपर्ने सम्पत्ति देखियो । तसर्थ बकसपत्र प्राप्त भएपछि नक्सा पास गरी निर्माण भई थप गरिएको (दुई) तल्लाको हदसम्म संगोलको सम्पत्ति देखिन आएकाले सगोलका अंशियारबिच बन्डा लाग्ने हुँदा उल्लिखित विवादित सम्पत्तिका सम्बन्धमा सोबाट मात्र वादीलाई अंश दिलाउनु पर्नेमा पूरै घरबाट अंश दिलाएको

हदसम्म सुरू जिल्ला अदातलको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९/८/२१ को फैसला अंशबन्डाको महलको १८ नं. समेतको विपरीत भई त्रुटिपूर्ण देखिँदा सो हदसम्म केही उल्टी भई थपिएको दुई तला घरबाट सम्म वादीले ४ भागको १ भाग अंश पाउने ठहर्छ। सम्पूर्ण घरसमेतलाई बन्डा नगरी एकलौटी कायम गरिपाउँ भन्नेतर्फको हदसम्म पुनरावेदक प्रतिवादी भगवतीदेवी उप्रेतीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ १६ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०५२३, उत्प्रेषण / परमादेश, *आन्तरिक राजश्व कार्यालय, धरान सुनसरीका तर्फबाट प्रमुख कर अधिकृत तुलसीराम सेढाई वि. जिल्ला सुनसरी सोनापुर गा.वि.स. वडा नं. २ स्थित एसियन थाई फुडस प्रा.लि.का तर्फबाट ऐ.का अधिकारप्राप्त सञ्चालक ऐ. वडा नं.९ गोश्वारा रोड बस्ने महेशकुमार जाजू*

Raw Materials को प्रयोग उत्पादन कै लागि हुने कुरामा दुईमत हुन सक्दैन। कच्चा पदार्थ उत्पादनका मुख्य अवयव हुन्। उत्पादनलाई अन्तिम तयारी अवस्थामा पुर्‍याउन प्रयोग हुने सामग्री कच्चा पदार्थ हुन् । उत्पादनको प्रक्रियाको अन्त्य Final Product बाट मात्र हुने हुँदा उत्पादन प्रक्रियामा आवश्यक पर्ने पदार्थलाई कच्चा पदार्थकै कोटीमा राख्नु उचित हुने देखिन्छ। ती पदार्थहरूको प्रयोग विभिन्न चरण तथा अवस्थाहरूमा भएपनि तिनीहरू उत्पादनकै अवयव हुन्। तसर्थ प्याकिङ मेटेरियल्स कच्चा पदार्थ तथा अन्तिम उत्पादनका अवयव हुनै सक्दैन भन्न मिल्ने देखिन नआउने।

चाउचाउ उत्पादनमा प्याकिङ मेटेरियल्स विना चाउचाउ उत्पादन अपूर्ण भई यसको अस्तित्व कायम नरहने भई प्याकिङ मेटेरियल्स चाउचाउको Integral अवयवको रूपमा रहेको हुन्छ। अन्तःशुल्क ऐनमा प्रयुक्त दफा ३क. (३) मा अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्कासन गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ। तर स्वयम् निष्काशन प्रणाली लागू हुने उद्योगले कच्चा पदार्थ खरिद वा आयात गर्दा तिरेको अन्तःशुल्क तयारी वस्तु बिक्री गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ भन्ने व्यवस्था गरेको पाइन्छ। त्यस्तै अन्तःशुल्क ऐनको दफा ३क. (४) मा व्यापारिक प्रयोजनका लागि अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको खरिदमा वा पैठारीमा तिरेको अन्तःशुल्क त्यस्तो वस्तु वा सेवा बिक्री गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ भन्ने व्यवस्थासमेत रहेको देखिन्छ। यसरी हेर्दा अन्तःशुल्क ऐनको दफा ३क.(३) अनुसार अन्तःशुल्क कट्टा गर्न पाउने कच्चा पदार्थबाट प्याकिङ मेटेरियल्सलाई अलग गर्न सकिने नदेखिने।

कानूनमा व्याख्याको प्रश्न उठाई ऐनको मनसायविपरीत कम्पनीलाई परिपत्र गरी आन्तरिक राजश्व कार्यालयले अन्तःशुल्क कट्टा गर्न अस्वीकार गरेको देखियो। नारायणीदेवी पन्त विरूद्ध मालपोत कार्यालय, सुर्खेत, विरेन्द्रनगरसमेत भएको मुद्दामा (ने. का.प. २०५० नि.नं. ४७७७ पृष्ठ ४८९) मा कानूनी प्रावधान रहँदारहँदै कानूनी व्यवस्थालाई अन्यथा हुने गरी श्री ५ को सरकारले गरेको निर्णय र मालपोत विभागको परिपत्रले कानूनीरूप धारण गर्न सक्दैन भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको परिप्रेक्ष्यमा कानूनी व्यवस्था प्रतिकूल आन्तरिक राजश्व कार्यालयको परिपत्रले मान्यता पाउन सक्ने नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अन्तःशुल्क ऐन, २०५८ को दफा ३क.(३) मा भएको व्यवस्थाको प्रतिकूल हुने गरी आन्तरिक राजश्व कार्यालय, धरानको प.स. २०६९।०७० च.नं. ३३३ मिति २०६९।५।१५ मा एसियन थाई फुड्स प्रा.लि. विराटनगरलाई लेखेको पत्र अन्तःशुल्क ऐन, २०५८ को दफा ३क.(३) को कानूनी व्यवस्था

अनुरूप नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकले कच्चा पदार्थ र्‍यापरमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्काशन गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कानूनबमोजिम कट्टी गर्नु भनी विपक्षी आन्तरिक राजश्व कार्यालय, धरान सुनसरीका नाउँमा परमादेशको आदेश जारी हुने ठहराई गरेको फैसलालाई अन्यथा भन्न नसकिने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असार १३ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०७९६, निषेधाज्ञा, *अजिजुल खाँ वि. जिल्ला प्रहरी कार्यालय, बाँकेसमेत*

पुनरावेदक तथा निवेदकको नाममा दर्ता रहेको बाँके बेतहनी गा.वि.स. वडा नं. ४ ग कि.नं. ७९३ को ज.वि. ०-२-४ जग्गा रू. ३,००,०००।– मूल्य राखी निवेदकबाट विपक्षी किसमतुल बेगमको नाममा हक हस्तान्तरण भै दर्तासमेत भएको मिसिलबाट देखिन आएको छ। एक स्थानको जग्गा देखाई अर्को स्थानको जग्गा बिक्री गरेको भन्ने विषयको उजुरी विपक्षी किसमतुलले गरेको र सोही आधारमा जिल्ला प्रहरी कार्यालयमा उपस्थित गराई छाडेको तथा पछि पक्राउ गर्ने आशङ्कासमेत भएको भनी निषेधाज्ञाको आदेशको माग भएको पाइन्छ। एउटा जग्गा देखाई अर्कै जग्गा बिक्री गरेको विषयमा परेको उजुरी छानबिन गरी ठगी गरेको देखिए अनुसन्धान गरी प्रक्रिया अगाडि बढाउने अधिकार जिल्ला प्रहरी कार्यालयलाई रहे भएकै देखिन्छ। निषेधाज्ञाको रिटबाट हक बेहकको प्रश्नमा बोल्न मिल्ने देखिँदैन। मुद्दाका पक्षलाई कुनैं कार्य गर्न वा नगर्नका लागि जारी गरिने आदेश निषेधाज्ञाको आदेश हो। तत्काल कुनैं अधिकारको उल्लङ्घन हुन सक्ने आशङ्का वा कुनै मनासिब र पर्याप्त आधार छ र यदि अदालतबाट हस्तक्षेप नभएमा पक्षलाई अपुरणिय क्षति हुन सक्दछ भन्ने अदालतलाई लागेमा अदालतले निषेधाज्ञाको आदेश जारी गर्न सक्दछ। कानूनी प्रक्रियामा विपक्षी किसमतुल बेगमले अदालतमा मुद्दा दायर गरेको भन्ने कुरा जिल्ला प्रहरी कार्यालयको लिखत जवाफबाट समेत देखिन आएको र पुनरावेदकले भने जस्तो गैरकानूनी तरिकाबाट पक्राउ गर्ने थुन्नेलगायतको आशङ्काको अवस्थाको विद्यमानता देखिन आएन। अदालतमा विचाराधीन रहेको मुद्दालाई प्रभाव पार्ने गरी माथिल्लो तहको अदालतबाट आदेश जारी गर्न मिल्ने नदेखिँदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने।

निवेदकले देखाएबमोजिम निजलाई पक्राउ गर्ने तथा थुन्नेलगायतको कार्यको आशङ्काको अवस्था रहेको नदेखिँदा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी नभई निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७०।४।२३ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामप्रसाद बस्याल

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७२ साल जेठ १२ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०१६८, जग्गा खिचोला मेटाई क्रसर घर टहरा हटाई जग्गा सार्वजनिक गराइ पाउँ, *मोहनबहादुर थापासमेत वि. गिरीराज सुवेदी*

पुनरावेदकले विवादित कि.नं. २ को जग्गा झवे कामीको नाममा नापी दर्ता भएको कुरा र जिल्ला पञ्चायतले बदर गरेको कुरालाई स्वीकार गरेको देखिन्छ। पुनरावेदकले सो जग्गा सार्वजनिक कायम भएको छैन व्यक्ति विशेष कै हक भोगमा छ भने पनि स्रोतविहिन अवस्थाको हक भोगलाई वैधानिक मान्न सकिँदैन। झवे कामीका छोरा कृष्णबहादुर कामीसँग हदमुनिको राजीनामा गराई लिएको भने पनि झवे कामी कै स्रोत कच्चा हुँदा निजको छोरासँग भएको राजीनामाले कानूनी महत्त्व राख्ने नदेखिने।

पुनरावेदकले जिकिर लिएको चिरन्जीवी पाध्याको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी पूर्णबहादुर थापा भएको भ्रष्ट्राचार मुद्दामा म्याग्दी

दोभानबाट गाछेपानीसम्म जिल्ला पञ्चायतले टाउन प्लानिङ गर्ने भनी सर्भे टोलीले दर्ता गर्न नदिई रोक्का राखेको जग्गामा भ्रष्टाचार गरी दर्ता गरेको भन्ने उजुरी परेकामा प्रतिवादीले सफाइ पाएको प्रसङ्गमात्रले जग्गाको स्वामित्व सृजना गर्न सक्नेसमेत देखिन नआउने हुँदा पुनरावेदन अदालत, पोखराबाट मिति २०६७।१२।२७ मा विवादित जग्गा सार्वजनिक ठहराई उक्त कि.नं. २ को जग्गामा निर्माण भएका क्रसर तथा घर टहरासमेत वादी दाबीबमोजिम हटाई दिने ठहराई गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर : रूपा महर्जन

इति संवत् २०७२ साल जेठ ५ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८–CI–११११, धितो रोक्का बदर गरी फुकुवा गरिपाउँ, *विन्देश्वरी कोइरी वि. रामराज कोइरी*

वादी दाबीको जिल्ला रूपन्देही रायपुर गा.वि.स. वडा नं. २(क) कि.नं. ७६५ को जग्गासमेतबाट यी वादी रामराज कोइरीले ४ भागको १ भाग अंश पाउने ठहरी यिनै रामराज कोइरी वादी र यिनै विन्देश्वरी कोइरीसमेत प्रतिवादी भएको संवत् २०४९ सालको दे.नं. १२१९ को अंश नामसारी मुद्दामा फैसला भएको देखिन्छ। उक्त दे.नं. १२१९ को अंश नामसारी मुद्दामा यी प्रतिवादी विन्देश्वरी कोइरीले उक्त कि.नं. ७६५ को जग्गा आफ्नो निजी आर्जनको सम्पत्ति हो भनी जिकिर लिएकामा उक्त जग्गा निजको निजी आर्जन नठहर्ने र उक्त कि.नं. ७६५ को जग्गामा समेत बन्डा लाग्ने ठहर भै उक्त जग्गाबाट यी वादी रामराज कोइरीले ४ भागको १ भाग अंश भाग पाउने ठहर भैसकेको अवस्था देखिन्छ। यसरी यी वादी रामराज कोइरीको अंश हक कायम भैसकेको अवस्थामा यी प्रतिवादी विन्देश्वरी कोइरीले उक्त कि.नं. ७६५ को जग्गा प्रतिवादीमध्येको कृषि विकास बैंक उपशाखा कार्यालय, मझगावामा धितो राखी कर्जा लिएको देखियो। उक्त जग्गा धितो राखी कर्जा लिँदा यी पुनरावेदक प्रतिवादी विन्देश्वरी कोइरीले यी वादी रामराज कोइरीको मन्जुरी लिएको अवस्थासमेत नदेखिने।

वादी प्रतिवादीका बिच अंश मुद्दा परी अदालतबाट एक पक्षको अंश हक स्थापित भैसकेको जग्गालाई अर्को पक्षले आफू खुसी धितो दिई फैसलाविपरीतको कार्य गरेको देखियो। अदालतमा मुद्दा चल्दा चल्दैको अवस्थामा अर्को पक्षको हकहितमा प्रत्यक्ष असर पुर्‍याउने गरी भए गरेका कार्यले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। तसर्थ आफ्नो निजी सम्पत्ति धितो राखी कर्जा लिएको भन्नेसमेतको प्रतिवादीको पुनरावेदन जिकिर कानूनसङ्गत नदेखिँदा पुनरावेदन अदालतले गरेको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

मिसिल संलग्न आधार प्रमाणको विवेचना गरी सुरू रूपन्देही जिल्ला अदालतले मिति २०६७।२।१० मा वादी दाबी पुग्न नसक्ने ठहर गरेको फैसला उल्टी गरी वादी दाबीको कि.नं. ७६५ को जग्गाको वादीको हक जितको हदसम्म धितो बदर भई सो हदसम्मको जग्गा वादीले फुकुवा गराई लिन पाउने ठहराएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८–CI–१११७, धितो रोक्का बदर गरी फुकुवा गरिपाउँ, *कलावती कोइरी वि. रामराज कोइरी*

प्रस्तुत मुद्दाको वादी दाबीको जिल्ला रूपन्देही रायपुर गा.वि.स. वडा नं. २(क) कि.नं. १९३ को जग्गासमेतबाट यी वादी रामराज कोइरीले ४ भागको १ भाग अंश पाउने ठहरी यिनै रामराज कोइरी वादी र यिनै कलावती कोइरीसमेत प्रतिवादी भएको २०४९ सालको दे.नं. १२४९ को अंशनामसारी मुद्दामा फैसला

भएको देखिन्छ । उक्त दे.नं. १२१९ को अंश नामसारी मुद्दामा यी प्रतिवादी कलावती कोइरीले उक्त कि.नं. १९३ को जग्गा आफ्नो निजी आर्जनको सम्पत्ति हो भनी जिकिर लिएकामा उक्त जग्गा निजको निजी आर्जन नठहर्ने, उक्त कि.नं. १९३ को जग्गामा समेत बन्डा लाग्ने ठहर भै उक्त जग्गाबाट यी वादी रामराज कोइरीले ४ भागको १ भाग अंश पाउने ठहर भैसकेको अवस्था देखिन्छ । यसरी वादी रामराज कोइरीको अंश हक कायम भैसकेको अवस्थामा प्रतिवादी कलावती कोइरीले उक्त कि.नं. १९३ को जग्गा प्रतिवादीमध्येको कृषि विकास बैंक उपशाखा कार्यालय मझगावामा धितो राखी कर्जा लिएको देखिन्छ । उक्त जग्गा धितो राखी कर्जा लिँदा पुनरावेदक प्रतिवादी कलावती कोइरीले वादी रामराज कोइरीको मन्जुरी लिएको अवस्थासमेत देखिँदैन । यी वादी प्रतिवादीका बिच अंश मुद्दा परी अदालतबाट एक पक्षको अंश हक स्थापित भैसकेको जग्गालाई अर्को पक्षको आफू खुसी धितो दिई फैसलाविपरीतको कार्य गरेको देखियो । अदालतमा मुद्दा चल्दा चल्दैको अवस्थामा अर्को पक्षको हकहितमा प्रत्यक्ष असर पुर्‍याउने गरी भए गरेका कार्यले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

सुरू रूपन्देही जिल्ला अदालतले मिति २०६७।२।१० मा वादी दाबी पुग्न नसक्ने ठहर गरेको फैसला उल्टी गरी वादी दाबीको कि.नं. १९३ को जग्गाको वादीको हकजतिको हदसम्म धितो बदर भई सो हदसम्मको जग्गा वादीले फुकुवा गराई लिन पाउने ठहराएको पुनरावेदन अदालत बुटवलको मिति २०६८।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०६८३, जबरजस्ती करणी र बाल विवाह, *परिवर्तित नाम 'स' कुमारीको जाहेरीले नेपाल सरकार वि. यमबहादुर कुमाल*

वादी पक्षका साक्षी जाहेरीवाला 'स' कुमारीले अदालतसमक्ष उपस्थित भै बकपत्र गर्दा मेरो छोरीले प्रतिवादी यमबहादुर कुमालसँग विवाह गरेको होइन भनी भनेकी थिइन् । घर छोडी हिँडेको हुँदा मैले रिस उठेको हुँदा छोरीलाई विवाह गरेको भनी रिसको झोंकमा जाहेरी दिएकी हुँ । प्रतिवादीले मेरो छोरीलाई विवाह गरेको होइन भनी जाहेरी व्यहोरा खण्डन हुने गरी बकपत्र गरेको देखिन्छ । त्यस्तै पीडित 'न' कुमारीले बकपत्र गर्दा प्रतिवादी यमबहादुर कुमालसँग पोखरा गएको हुँ, निजसँग मेरो विवाह भएको होइन, हाल म आमासँगै घरमा बस्छु भनी बकपत्र व्यहोरा लेखाएको देखिन्छ । वस्तुस्थितिका मानिस जिराबहादुर कुमालले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादी यमबहादुर कुमाल र पीडितबिच समाजमा विवाह गरेको तथा त्यस्तो कुनै वैवाहिक कार्यक्रम भएको होइन भनि लेखाएको देखिन्छ । वस्तुस्थिती मुचुल्काकै अर्का मानिस देवबहादुर कुमालले बकपत्र गर्दा प्रतिवादी र पीडित सँगसँगै पढ्ने हुँदा घुम्न गएका रहेछन् । घुम्न गएको कुरालाई विवाह गरेको भनी झुट्ठा हल्ला गरेका रहेछन् । पीडित आफ्नै आमासँग घरमै छन् भनी लेखाएको देखिन्छ । यसरी प्रतिवादी यमबहादुर कुमालसँग यी पीडित 'न' कुमारी पोखरा घुम्न गएकै आधारमा निजहरूबिच वैवाहिक सम्बन्ध कायम भएको भन्न सकिने अवस्था मिसिल संलग्न आधार प्रमाणको रोहबाट देखिँदैन । प्रतिवादी र पीडित नाबालिकाबिच विधिवत् विवाह भएको भन्ने कुरा पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीले बाल विवाहसमेत गरेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

सुरू पाल्पा जिल्ला अदालतबाट मिति २०६८/२/२२ मा भएको फैसला केही उल्टी गरी प्रतिवादी यमबहादुर कुमाललाई जबरजस्ती करणीको कसुरमा जबरजस्ती करणीको ३(२) नं. बमोजिम ८ वर्ष कैद सजाय गरी बाल विवाहतर्फको पुनरावेदन जिकिर

पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९/२/१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तारादत्त बडू
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल भदौ ६ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-१०६८, कर्तव्य ज्यान, *सुखाली थारूसमेतको जाहेरीले नेपाल सरकार वि. भोनु थारूसमेत*

प्रतिवादी बोके भन्ने भोनु थारूले ३,४ वर्ष पहिले आत्महत्या गरी मरेको छोरीको बदला लिने उद्देश्यले मृतक नाथुराम थारूलाई यिनै प्रतिवादीहरूले मारेका हुन् कि भन्ने शङ्काको भरमा मात्र प्रतिवादीहरू उपर अभियोग लगाइएको अवस्था देखिन्छ । यी प्रतिवादीहरूले नै मृतक नाथुराम थारूलाई कर्तव्य गरी मारेको देख्ने प्रत्यक्षदर्शी, चस्मदिद गवाह कोही देखिँदैन । उक्त वारदातसँग सम्बन्धित दशी प्रमाणसमेत वादी पक्षले पेस गर्न सकेको छैन । बुझिएका रतिराम थारू, जाहेरवाला समेतका वादी पक्षका साक्षीहरूले मृतक नाथुराम थारूलाई यिनै प्रतिवादीहरूले मारेका हुन् भनी किटानीसाथ भन्न सकेको पनि देखिँदैन । केवल मारेकामा विश्वास लाग्छ भनी शङ्कासम्म व्यक्त गरेको देखिन्छ । प्रतिवादीमध्येका बोके भन्ने भोनु थारूले मौकामा प्रहरी समक्ष बयान गर्दा गरेको भनिएको साबिती र प्रतिवादी नयाबहादुर थारू उपरको पोल मिसिल संलग्न अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट समर्थित हुन सकेको देखिँदैन । कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको कसुरमा वस्तुनिष्ठ र स्वतन्त्र प्रमाणको अभागमा केवल शङ्का र अनुमानको भरमा मात्र प्रतिवादीहरूलाई कसुरदार ठहर्‍याउनु फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुन जान्छ । शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सिद्धान्त रहेको छ । प्रस्तुत मुद्दामा अभियोजन पक्षले शङ्कारहित तबरबाट यी प्रतिवादीहरू उपरको अभियोग माग दाबी प्रमाणित गर्न सकेको मिसिल प्रमाणको रोहबाट नदेखिने ।

मिसिल संलग्न प्रमाणको मूल्याङ्कन र विवेचना गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६८/११/३० मा भएको फैसला उल्टी गरी प्रतिवादीहरू बोके भन्ने भोनु थारू र नयाबहादुर थारूलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलले मिति २०६९/६/१५ मा गरेको फैसला मिलकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तारादत्त बडू
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल भदौ ६ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-००७८, बिर्ता जग्गा रै.प. दर्ता बदर दर्ता, लालबहादुर तामाङ वि. राजेन्द्रकुमार जोशी

फिल्डबुकमा विवादित कि.नं. १७८ को जोताहा मोही सेते तामाङ, बालाजु गैरीगाउँ, किसानको व्यहोरामा कि.नं. १८८ मध्येको खयल हो भन्ने र कि.नं. १८८ मोही सेते तामाङ र जग्गाधनी सूर्यमान जोशी चन्द्रमान जोशी र तुल्सीमान जोशी तथा किसानको व्यहोरामा का.ई.असन बस्ने चन्द्रमान जोशीलाई ११ धां तिरी जोती खाएको छु भन्ने व्यहोरा उल्लेख गरेको पाइयो । यसरी विवादित कि.नं. १७८ को जग्गा रैकर हो वा बिर्ता हो भन्ने विवाद भै जग्गालाई दुई व्यक्तिले अलगअलग प्रमाण लिई आआफ्नो दाबी गरेको देखिन आयो । दुई पक्षबाट आफ्नो हो भनी हक दाबी लिई निवेदन गरेको अवस्थामा कुन पक्षको हक लाग्छ भनी निर्णय गर्नुपर्ने हुन्छ र सो तेरो मेरोमा निर्णय गर्ने अधिकार जिल्ला अदालतलाई मात्र रहने ।

तेरो मेरोमा निर्णय गर्ने क्षेत्राधिकार जिल्ला अदालतलाई भएकाले जिल्ला अदालतबाट नै प्रमाणको उचित मूल्याङ्कन भई निर्णय हुन जाने नै हुँदा सोतर्फ केही बोलिरहन पर्ने देखिएन । अधिकार

क्षेत्रको अभावमा मालपोत कार्यालयले गरेको निर्णय नमिलेकाले बदर गरी हक बेहकमा जिल्ला अदालतबाट निर्णय गराई ल्याउन पक्षलाई सुनाई दिने ठहराएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने।

माथि विवेचित आधार कारणबाट पुनरावेदन अदालत, पाटनबाट मिति २०६९/११/२१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद पौडेल
कम्प्युटर : रूपा महर्जन
इति संवत् २०७२ साल जेठ ५ गते रोज ३ शुभम्।

१३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०४६६, लागु औषध, ब्राउन सुगर, *प्र.स.नि. अर्जुनबहादुर कार्कीको प्रतिवेदनले नेपाल सरकार वि. सावित्री चौधरीसमेत*

प्रस्तुत मुद्दामा निज प्रतिवादी साबित्री चौधरीले यी प्रतिवादी सम्झना गुरूङउपर गरेको पोल मिसिल संलग्न अन्य कुनै तथ्ययुक्त र स्वतन्त्र प्रमाणबाट पुष्टि हुन आएको देखिँदैन। त्यसैले लागु औषध जस्तो अपराधमा मिसिल संलग्न अन्य आधार प्रमाणबाट आरोपित कसुर पुष्टि हुन नसकेको अवस्थामा केवल सहअभियुक्तले अनुसन्धानको क्रममा गरेको पोलको आधारमा मात्र यी प्रतिवादी सम्झना गुरूङलाई अभियोग माग दाबीअनुसार कसुरदार ठहराउनु न्यायसङ्गत हुन सक्दैन । तसर्थ निज प्रतिवादी सम्झना गुरूङलाई आरोपित कसुरबाट सफाइ दिने ठहराएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सकिने अवस्था मिसिल प्रमाणको रोहबाट देखिन नआउने।

प्रतिवादी बुद्धबहादुर नेपालीको साथबाट १ ग्राम ७२ मि.ग्रा. लागु औषध ब्राउन सुगर फेला परेको भन्ने सुरू मिसिल संलग्न बरामदी तथा खानतलासी मुचुल्काबाट देखिन्छ । निज प्रतिवादी बुद्धबहादुरले मौकामा र अदालतमा बयान गर्दासमेत आफूले ब्राउन सुगर सेवन गर्ने गरेको र सेवन गर्नको लागि खरिद गरेको हो भनी बयान गरेको देखिन्छ। यी प्रतिवादीले सेवनको लागि लागु औषध खरिद गरी एक ठाउँबाट अर्को ठाउँमा लगेको भनी बयान गरेको र निजबाट १ ग्राम ७२ मि.ग्रा. परिमाणको लागु औषध बरामद भएको देखिँदा सो कार्यलाई लागु औषधको खरिद, सञ्चय र ओसारपसार गरेको भनी मान्न मिल्ने देखिँदैन। तसर्थ निजलाई लागु औषध सेवनतर्फ कसुरदार ठहऱ्याउनु नै न्यायोचित हुने।

प्रतिवादी भाग्य थापा १५ वर्षको नाबालक देखिएको निजले मौकामा र अदालतमा बयान गर्दासमेत साबित्री चौधरीले प्लाष्टिकको झोलामा राखेर सामान दिई मोटरसाइकलमा आएको मान्छेलाई दिएर आउ भनी मलाई आह्राएको र सोबापत मलाई २०/३० रूपैयाँ दिएको हो, उक्त झोलामा के थियो मलाई थाहा थिएन भनी बयान गरेको देखिन्छ।

यस्तो सहयोगीको भूमिका निभाउने व्यक्तिलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम मतियारसम्म मान्न सकिने कानूनी व्यवस्था भएको देखिन्छ। यी प्रतिवादी भाग्य थापालाई लागु औषध कारोबारमा संलग्न भएको मान्न सकिने आधार प्रमाण मिसिल संलग्न रहेको नदेखिँदा निजलाई सुरू अभियोग मागदाबीअनुसार सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने।

वादी नेपाल सरकारले प्रतिवादी सावित्री चौधरीको घर भनी जफत गर्न माग दाबी लिएको घर निज साबित्री चौधरीको नभई भरथ राम थारूको नाममा रहेको टोल ७७ नं. घरेडीमा दर्ता भएको भनी सिमानगर नयाँबस्ती व्यवस्था समिति शंकरनगर-८ रूपन्देहीको सुरू मिसिल संलग्न मिति २०६८।२।२ को पत्रबाट खुल्न आएको देखिन्छ। यी प्रतिवादी साबित्री चौधरीले उक्त घरजग्गामा लागु औषध कारोबार गर्नको लागी घरजग्गा धनी भरथ राम थारूको सहमति लिएको वा निज भरथ राम थारूले उक्त कार्य गर्न सहमति दिएको भन्ने कुरा अभियोजन पक्षले पुष्टि गर्न सकेको मिसिल संलग्न प्रमाणबाट देखिँदैन। तसर्थ घरजग्गा धनी भरथ

राम थारूले जानीजानी लागु औषध कारोबार गर्न यी प्रतिवादी साबित्री चौधरीलाई घर प्रयोग गर्न दिएको भन्ने अभियोग दाबी प्रमाणित हुन सकेको अवस्था नदेखिँदा उक्त घर जफततर्फको वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने।

सुरू रूपन्देही जिल्ला अदालतले मिति २०६८।१।२० मा गरेको फैसलालाई प्रतिवादी सम्झना गुरूङको हकमा उल्टी गरी निजलाई अभियोग दाबीबाट सफाई दिने र अन्य प्रतिवादीहरू साबित्री चौधरी, भाग्य थापा र नानु भन्ने बुद्धबहादुर नेपालीको हकमा सुरूको फैसला सदर हुने र घर जफततर्फको अभियोग दाबी पुग्न नसक्ने ठहराएको सुरूको फैसलासमेत सदर हुने ठहराएको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।६।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ६ गते रोज १ शुभम्।

१४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०४७९, जबरजस्ती करणी गर्ने उद्योग, *नेपाल सरकार वि. देवबहादुर थापा*

जाहेरी दरखास्त व्यहोराअनुसार प्रतिवादीले पीडित भनिएको पवित्रा (नाम परिवर्तन) लाई घरभित्र लैजान लागेको नजिकैबाट देखेकी जाहेरवालीले घरभित्र पुग्दा प्रतिवादीले जबरजस्ती गर्न लागेको भनी उल्लेख गरेको कुरा विश्वसनीय समेत देखिँदैन। यी प्रतिवादीउपरको आरोपित कसुर पुष्टि गर्न जाहेरवालीको मौकाको जाहेरी तथा पीडितको कागजबाहेक अन्य कुनै ठोस सबुद प्रमाण मिसिल संलग्न रहेको देखिँदैन। केवल जाहेरी दर्खास्त र प्रतिवादीको प्रहरीसमक्षको साबितीको आधारमा मात्र जबरस्ती कारणी जस्तो गम्भीर कसुर अपराधमा यी प्रतिवादीलाई कसुरदार ठहऱ्याउनु न्यायोचित हुने नदेखिदा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलले मिति २०६९/८/२७ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ६ गते रोज १ शुभम्।

१५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-१३४९, सवारी ज्यान, *नेपाल सरकार वि. रामसुन्दर सहानी*

प्रतिवादी अदालतसमक्ष कसुरमा इन्कार रहेको र जाहेरवाला एवम् पीडितले समेत प्रतिवादीको गल्तीको कारण उक्त दुर्घटना घटेको भनी खुलाई लेखाउन नसकेको अवस्थामा प्रतिवादीउपरको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको अभियोग मागदाबी प्रमाणित हुन सक्ने अवस्था मिसिल प्रमाणको रोहबाट देखिएन। उक्त ऐनको दफा १६१(३) मा कसैको ज्यान मर्न सक्छ जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहेबसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एकवर्षसम्म कैद वा दुई हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था छ। प्रस्तुत घटनाको प्रकृति हेर्दा यी प्रतिवादीले चलाएको गाडीमा मृतक सुरज खड्काले चलाइरहेको मोटरसाइकल ठोक्किन गई दुर्घटना घट्न गएको देखिएकाले निज प्रतिवादीले उक्त ऐनको उक्त दफा १६१(३) अन्तर्गतको कसुर गरेको देखिन आउँछ। प्रतिवादीलाई उक्त ऐनको उक्त दफा १६१(२) बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने।

प्रस्तुत घटनामा घाइते भएकी पीडित दिलकुमारी थापाले अदालतसमक्ष बकपत्र गर्दा उक्त दुर्घटनाबाट मेरो दायाँ खुट्टा, दायाँ हात र टाउकोमा चोट लागेको हो, उपचार गराइरहेकी छु, बैसाखीको साहारामा हिँडडुल गर्छु भनी लेखाएको देखिन्छ।

निजले बकपत्र गर्दा आफ्नो कुनै अङ्गभङ्ग भएको छ भनी बकपत्र व्यहोरा लेखाएको देखिँदैन। साथै मिसिल संलग्न अन्य प्रमाणबाट पनि निजको अङ्गभङ्ग भएको भन्ने कुरा खुल्न सकेको देखिँदैन। तसर्थ सुरू अदालतबाट प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) बमोजिम रू.५०००।- जरिवाना गर्ने गरेको फैसलालाई सदर हुने ठहराएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने।

मिसिल संलग्न आधार, कारण र प्रमाणको विवेचना गरी सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६९।२।३२ मा प्रतिवादी रामसुन्दर साहनीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुर गरेको ठहराई ३ वर्ष ६ महिना कैद र सोही ऐनको दफा १६२(१) अनुसार रू.५०००।- जरिवाना गर्ने गरी भएको फैसला केही उल्टी गरी निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम १ वर्ष कैद हुने र पीडित दिलकुमारी घाइते भएतर्फ उक्त ऐनको दफा १६२(१) बमोजिम रू.५०००।- जरिवाना हुने ठहराएको हदसम्म सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहराई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।१।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीलाई सुरू अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ६ गते रोज १ शुभम्।

१६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-००५५, छुट जग्गा दर्ता नामसारी, *भूमि सुधार तथा व्यवस्था मन्त्रालय वि. नन्दकुमार बस्नेतसमेत*

निवेदक नन्दकुमार बस्नेतसमेतका पिता बलराम बस्नेतले मिति २०४८/८/१० मा विवादित कि.नं. १५६ र १५९ को जग्गा आफ्नो नाममा दर्ता गरिपाउँ भनी आफ्नो साबिक प्रमाणसमेत खुलाई निवेदन दिई कारवाहीमा रहेको अवस्थामा निवेदकलाई कुनै जानकारी नै नदिई उक्त जग्गा तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता गर्ने गरी मिति २०५०/६/३ मा निर्णय भएको भनी निवेदक नन्दकुमार बस्नेतसमेतले दिएको निवेदनमा कुनै कारवाही गर्नु नपर्ने भनी मिति २०६८/९/१८ मा पुनरावेदक मालपोत कार्यालय भक्तपुरले गरेको निर्णय कानूनसम्मत भन्न मिल्ने अवस्था मिसिल प्रमाणको रोहबाट देखिँदैन । पुनरावेदक मालपोत कार्यालय भक्तपुरबाट भएको उक्त निर्णय बदर गरी जो जे बुझ्नु पर्ने प्रमाण बुझी निवेदन माग दाबीका विवादित कि.नं. १५६ र १५९ का जग्गा कानूनबमोजिम निवेदकहरूको नाममा दर्ता हुने, नहुने सम्बन्धमा आवश्यक निर्णय गर्नु भनी मिसिल सुरू मालपोत कार्यालयमा पठाई दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने देखिँदैन। पुनरावेदन अदालत, पाटनले गरेको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी नेपाल सरकारको नाममा जग्गा दर्ता गर्ने गरी मालपोत कार्यालय भक्तपुरबाट भएको मिति २०५०/६/३ को निर्णय सदर कायम राखिपाउँ भन्नेसमेतको विपक्षीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मिसिल संलग्न आधार प्रमाणको विवेचना गरी सुरू मालपोत कार्यालय, भक्तपुरबाट मिति २०६८/९/१८ मा भएको निर्णय बदर गरी निवेदन मागबमोजिम विवादित कि.नं. १५६ र १५९ को जग्गा निवेदकहरूको नाममा दर्ता हुने नहुने सम्बन्धमा आवश्यक निर्णय गर्न मिसिल सुरू मालपोत कार्यालय, भक्तपुरमा पठाई दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९/११/२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुमभ्।

१७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०६३९, आगो लगाएको, *नेपाल सरकार वि. रूद्रबहादुर बजगाई*

प्रतिवादीलाई चौपायाको महलको १ र ११ नं. बमोजिमको कसुरमा समेत सजाय हुनु पर्ने भन्ने पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा यी प्रतिवादी रूद्रबहादुर बजगाईले जाहेरवालाको गोठमा जानीजानी गाई, भैसी मार्ने मनसायले आगो लगाएको भन्ने कुरा मिसिल संलग्न कुनै पनि प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादीले चुरोट खाई फालेको ठुटोबाट आगलागी हुन गएको अवस्था देखिन्छ । जाहेरवालाले अदालतसमक्ष उपस्थित भै बकपत्र गरेको पनि देखिएन । तसर्थ प्रतिवादीले जानी जानी मनसायपूर्वक जाहेरवालाको गोठमा रहेका गाईसमेत मार्ने उद्देश्यले आगो लगाएको भन्ने कुरा तथ्ययुक्त सबुद प्रमाणबाट पुष्टि हुन नआएको अवस्था चौपायाको महल अन्तरगतको कसुरमा सजाय गर्न न्यायोचित नहुने ठहराएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतले मिति २०६७।३।१८ मा प्रतिवादी रूद्रबहादुर बजगाईलाई आगो लगाउने महलको ५ नं. बमोजिम ४ वर्ष कैद हुने र चौपायाको महलअन्तर्गतको अभियोग दाबी नपुग्ने ठहर गरेको हदसम्मको फैसला सदर गरी बिगोको हकमा केही उल्टी गरी बिगो रू.३,६८,०००।- कायम भई उक्त बिगो जाहेरवालाले प्रतिवादीबाट भराई लिन पाउनेसमेत ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१।४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तारादत्त बडू

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम् ।

१८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RB-००७६, करारबमोजिम आदेश, *श्री शाल्पा छिरिङ जे.भि.को अख्तियारप्राप्त प्रतिनिधि भई आफ्नो हकमा समेत पुनरावेदन गर्ने रविन लामा लेखिएको रविन लामा तामाङसमेत वि. सज्जन लामासमेत*

मिति २०६८।११।९ को सम्झौतापत्रलाई खारेज गर्ने गरी विपक्षी निवेदक र यस साल्पा / छिरिङ जे.भि.बिच मिति २०७०।४।२१मा अर्को सम्झौता भएकाले अब मिति २०६८।११।९ को सम्झौताको कुनै अर्थ नै नरहेकाले पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।२०को आदेश उल्टी गरी विपक्षीको निवेदन खारेज गरिपाउँ भन्ने पुनरावेदक विपक्षीको जिकिर रहे पनि पुनरावेदन अदालत, पाटनले मिति २०७०।२।२० मा आदेश गर्नु अगाडिसम्म मिति २०६८।११।९ को सम्झौता पत्रलाई खारेज गर्ने गरी विपक्षी निवेदक र यी पुनरावेदक साल्पा / छिरिङ जे.भि.बिच कुनै सम्झौता भएको भनी पुनरावेदन अदालतमा यी पुनरावेदक / विपक्षीले कुनै जिकिर लिन सकेको पाइँदैन । अर्थात् पुनरावेदन अदालतले फैसला गर्दासम्म उल्लिखित मिति २०६८।११।९ को सम्झौता जीवित नै रहेको देखिएको छ । पुनरावेदन अदालत, पाटनले मिति २०७०।२।२० मा आदेश गरेपश्चात पुनरावेदक / विपक्षी र निवेदक / प्रत्यर्थीबिच मिति २०७०।४।२१ मा भएको भनिएको सम्झौताले मिति२०६८।११।९ को सम्झौता पत्रलाई खारेज गरेको भन्ने जिकिर पुनरावेदक / विपक्षीले यस अदालतको पुनरावेदनपत्रमा लिई सम्झौताको प्रतिलिपिसमेत पेस गरेको पाइए तापनि प्रस्तुत विवादको उठान मिति २०६८।११।९ को सम्झौतासँग सम्बन्धित रहेको र पछिल्लो पटक भएको भनिएको सम्झौतासँग सम्बन्धित पनि देखिएन । पछाडि भएको भनिएको सम्झौता यी पुनरावेदक र प्रत्यर्थीबिच भएको हो, होइन ? सो सम्झौताका सम्बन्धमा विपक्षी निवेदकको के भनाई रहेको छ भन्ने विषय प्रमाण बुझी निर्क्योल हुने विषयवस्तुका सन्र्दभमा प्रस्तुत निवेदनका रोहबाट निर्णय गर्न मिल्ने विषयवस्तु पनि नदेखिने ।

मिति २०६८।११।९ को सम्झौतापत्रको

दफा ३ मा "दोस्रो पक्षले निर्माण कार्यको बिचमै काम गर्न छाडेमा काम गरेको भुक्तानी पनि पाउने छैन" भन्ने उल्लेख छ भने दफा ४ मा "प्रथम पक्षले प्रत्येक रनिङ बिल प्राप्त हुनासाथ दोस्रो पक्षलाई भुक्तानी गर्नेछ" भन्ने स्पष्ट व्यवस्था रहेको देखिन्छ। उपरोक्तानुसार करार जीवित नै रहेको अवस्था मान्नु पर्ने हुँदा दफा ४ बमोजिम पेस भएको रनिङ बिलको भुक्तानी दोस्रो पक्षले पाउनुपर्ने देखियो। करार विधिवत भङ्ग नभएको अवस्थामा दुवै पक्षले करारको सम्मान गरी करारमा उल्लिखित कार्य सम्पन्न गर्ने दायित्व दुवै पक्षको हुने नै हुन्छ। तसर्थ करार विधिवत भङ्ग नभएको अवस्थामा दुवै पक्षले करारको सम्मान गरी करारमा उल्लिखित कार्य सम्पन्न गर्ने दायित्व हुने नै हुदा करारबमोजिम बाँकी काम सम्पन्न गर्न निवेदकलाई नरोक्नु नरोकाउनु भनी करार ऐन, २०५६ को दफा ८७(२) बमोजिम विपक्षीहरूको नाममा आदेश जारी हुने ठहराई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।२।२० मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ १७ गते रोज ५ शुभम्।

१९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०२१९, परमादेश, *काठमाडौं उपत्यका विकास प्राधिकरणका नायब विकास आयुक्त डा. भाइकाजी तिवारी वि. लक्ष्मी महर्जन (देवकोटा)*

रिट निवेदिकाको हक भोगको जग्गा ६ मिटर चौडाइको G.L.D. बाटोको लागि अधिग्रहण गरिएको भन्ने कुरा पुनरावेदक काठमाडौं उपत्यका नगर विकास प्राधिकरणको लिखित जवाफ एवम् काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको उक्त मिति २०६७।११।१ को पत्रबाट देखिन्छ। तर यी निवेदिकाले कानूनबमोजिम प्राप्त गर्नुपर्ने क्षतिपूर्तिबापतको मुआब्जा प्राप्त गरेको देखिँदैन। G.L.D. बाटोको लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा दिने दिलाउने दायित्व बहन गर्ने तत्कालीन काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको जिम्मेवारी हाल पुनरावेदक विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणको दायित्व अन्तर्गत सरेको अवस्थामा आफ्नो कार्यक्षेत्रभित्रको विषय नभएको भनी दायित्व बहन गर्नबाट यी विपक्षीले पन्छिन पाउने अवस्था देखिएन। तसर्थ निवेदकको के कति जग्गा बाटोमा परेको छ यकिन गरी उचित मुआब्जा दिन र दिलाउनका लागि विपक्षीमध्येको पुनरावेदक काठमाडौं उपत्यका विकास प्राधिकरण काठमाडौंको नाममा परमादेशको आदेश जारी हुने ठहराएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने देखिँदैन। निवेदकले G.L.D. बाटोमा परेको जग्गाको क्षतिपूर्ति माग गर्न मिल्ने होइन भन्नेसमेतको विपक्षीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मिसिल संलग्न आधार प्रमाणको विवेचना गरी निवेदकको नामको कि.नं. ३८८, २३० र २३२ को जग्गामध्ये के कति जग्गा बाटोमा परेको छ यकिन गरी उचित मुआब्जा दिन र दिलाउनको लागि विपक्षीमध्येको काठमाडौं उपत्यका विकास प्राधिकरण, काठमाडौंका नाममा परमादेशको आदेश जारी हुने ठहराएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।६।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-००४१, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. कृष्ण सिंह सुयल*

जाहेरवाला स्वयम्ले मिति २०६८।३।१० मा वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भै प्रतिवादीले आफूसँग घर व्यवहारको लागि केही रकम लिएको, आफूलाई आवश्यक परी माग्दा नतिरेकाले वैदेशिक रोजगारको कागज गराएको र हाल विपक्षीले आफूलाई बुझाउनुपर्ने सम्पूर्ण रकम बुझाइसकेकाले मुद्दा फिर्ता गरिपाउँ भनी निवेदन दिई सनाखतसमेत गरेको देखिन्छ । साथै उक्त निवेदनबाट जाहेरवाला र प्रतिवादीहरू पारिवारिक नाताका व्यक्ति भएको र दाजुभाइबिच घरायसी लेनदेनसम्म भएको भन्नेसमेत उल्लेख भएको देखिन्छ । यसबाट जाहेरवालाले सामान्य घरायसी लेनदेनको विषयलाई वैदेशिक रोजगारको विषय बनाई जबरजस्ती कागज गराएको भन्नेसमेत पुष्टि हुन आउने ।

साथै उक्त निवेदनमा जाहेरवालाले आफूले लिएको रकम स्पष्ट नखुलाएबाट समेत जाहेरवाला र प्रतिवादीबिचमा के कति रकम लेनदेन भएको हो भन्ने विषय यकिन भएको देखिँदैन । यसबाट समेत जाहेवालाले सामान्य लेनदेनको विषयलाई वैदेशिक रोजगारमा परिणत गरेको देखिन आउँछ । कागज गराई घरायसी लेनदेन गरेको भए लेनदेनको फिराद लिएर अदालतमा प्रवेश गर्नुपर्ने र कागज नगराई लेनदेन भएको भए मौखिक भाखाभित्र रकम नबुझाएमा जाहेरवालाले प्रतिवादीबाट लेनदेनको कागज गराउन सक्नुपर्नेमा त्यसो नगरी वैदेशिक रोजगारको कागज गराएको देखिन आयो । जाहेरवाला र प्रतिवादीबिच जे जति रकम लेनदेन भएको भएपनि सम्पूर्ण रकम फिर्ता पाइसकेको हुँदा मुद्दा फिर्ता पाउँ भनी जाहेरवाला स्वयम्ले निवेदन दिई सनाखतसमेत गरेको देखिँदा प्रतिवादीले सफाइ पाउने र जाहेरवालालाई रू. १०,०००।–जरिवाना हुने ठहराएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलामा अन्यथा गरिरहनुपर्ने नदेखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाइ पाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट बहस गर्न हुने विद्वान उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल असोज १४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-००८७, कर्तव्य ज्यान, *मस्तकिना खातुन वि. नेपाल सरकार*

आफूले जन्माएको बच्चा गायब गराउने उद्देश्यले फालेको अवस्थामा किराको टोकाइबाट बालकको मृत्यु भएको देखिन आएको अवस्थामा यी प्रतिवादीमा ज्यान मार्ने मनसाय रहेको स्पष्ट देखिन्छ । जीउँदो जन्मेको बच्चा फालेको कारण मृत्यु भएमा फाल्नेलाई ज्यानमारासरह सजाय गर्नुपर्ने व्यवस्था मुलुकी ऐन, ज्यानसम्बन्धीको १८ नं.मा रहेको देखिन्छ । प्रस्तुत वारदातमा यी प्रतिवादीले आफूले जन्माएको जीउँदो बच्चा फालेको तथ्य स्थापित भै फालेपछि किराको टोकाइबाट बच्चाको मृत्यु भएको देखिन्छ । यसबाट प्रस्तुत वारदात मनसायप्रेरित हत्या नै हो भन्ने कुरा स्थापित हुन आउने देखिन्छ । यस्तो अवस्थामा यी प्रतिवादी मस्तकिना खातुनलाई ज्यानसम्बन्धीको १ नं.को कसुरमा ऐ. १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराएको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।११।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

आफ्ना श्रीमान् विदेशमा रहेको अवस्थामा देवरसँग भएको यौन सम्पर्कको कारण बच्चा जन्मिन गै हुन गएको परिस्थिति, हाम्रो सामाजिक परिवेश, घटनाबाट प्रतिवादीमा पर्न गएको लोकलाज, यी प्रतिवादीको आर्थिक अवस्था कमजोर भएका कारण आफ्ना श्रीमान् विदेशमा कमाउन गएको अवस्था एवम् यी प्रतिवादीले आफ्ना ३ जना नाबालक छोरीहरूको पालनपोषण गर्नुपर्ने अवस्थासमेतलाई विचार गर्दा यी

प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा अ.बं. १८८ नं. बमोजिम ५ वर्षमात्र सजाय हुन उपयुक्त हुने भनी सुरूले व्यक्त गरेको राय सदर गरेको पुनरावेदन अदालतको राय युक्तियुक्त नै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम्।

३

**मा.न्या.दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०५४६, ०७१-RC-००४०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रमावती पासी, नेपाल सरकार वि. ललाउ नाउ भन्ने दिनेश यादव*

दिनेश यादवको अनुचित दवाब र धम्कीबाट थप अनिष्टको भयले गर्दा त्यस्तो अनिष्ट नहोस् भन्ने कारणबाहेक यी प्रतिवादी रमावतीले प्रस्तुत वारदात कुनै आपराधिक नियतले गरेको प्रमाण वादीले गुजार्न नसकेको हुँदा प्रतिवादी रमावती पासीले अभियोग दाबीबाट सफाइ पाउने ठहराएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नु नपर्ने।

प्रतिवादीले लिएको अन्यत्रावस्थाको जिकिर नपुग्ने सम्बन्धमा पुनरावेदन अदालत बुटवलले सम्बोधन गर्दै अलिबीको जिकिर लिनेले त्यसको प्रमाण पुर्‍याउनु पर्ने हुन्छ तर "प्र. दिनेश यादवले अलिबीको जिकिर लिएको भए पनि सो को समर्थनमा कुनै पनि साक्षी वा प्रमाण पेस गर्न सकेको पाइएन। प्रमाण पेस गर्नुको सट्टा निजले तारेख नै गुजारी बसेको देखियो। ...प्र. दिनेश यादवको जिकिरमा विश्वास गर्ने अवस्था रहेन" भनी उल्लेख गरेबमोजिम यी प्रतिवादीबाट अन्यत्रावस्थाको जिकिर प्रमाणित हुने प्रमाण गुज्रन नआएकाले यी प्रतिवादीको अलिबीको जिकिरसंग सहमत हुन नसकिने।

प्रस्तुत घटनाको सम्बन्धमा मृतक र यी प्रतिवादीबिच रोजगारदाता र कामदारबिचको वा मालिक वा सेवकबिचको सम्बन्धजन्य कठोर दायित्वको कुरालाई अस्वीकार गर्न सकिएला। तर त्यसरी अस्वीकार गर्ने हो भने पनि "प्र. दिनेश यादवको कसुर यतिमा मात्रै सीमित रहेको देखिँदैन। बेहोस अवस्थाका विनेशलाई मिलमा अलपत्र छाडी मध्यरातको सन्नाटामा निजलाई बोरामा हालेर पानी भएको खाल्डोमा फालेको र मृतकको मृत्यु भएको देखिंदा यसलाई मनसायप्रेरित हत्या मान्नु पर्ने अवस्था पनि छ। यो केवल omission मात्र नभएर त्योभन्दा गम्भीर प्रकृतिको culpable homicide तहकै कार्य भएको छ।" भन्ने निष्कर्षलाई अमान्य गर्नु निक्कै चुनौतीपूर्ण हुने।

जब यिनले मृतकलाई केही गरेकै थिएनन भने कैतडीको शरीरलाई बोरामा राखी मिलबाट हटाई पानीको खाल्डोमा राख्ने कामलगायतको घटना दबाउने काम गर्न यी प्रतिवादी किन अग्रसर भए बडो गूढ प्रश्न । हो यहीबाट अभियोगदाबीको ज्यानसम्बन्धीको १३ नं. को चरण प्रारम्भ हुन्छ। पहिलो चरण अर्थात् यिनको मौकाको बयानको शब्दमा "मिलमा कैतडी चिच्याएकाले र मिलमा आवाज आएकाले छिटोछिटो मिलमा आउँदा कैतडी मिलको पट्टामा परेको देखी तत्काल् मिल बन्द गरी दिएँ" सम्मको कार्य गरेको स्तुत्य छ। त्यसपछि तत्काल कैतडीको आमा आदि परिवारजनलाई घटनाको जानकारी गराएको भए यिनले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर गर्न सरकारी पक्षलाई धौधौ पर्थ्यो र सम्भवतः भवितव्य ठहराई प्रतिवादीलाई जम्मा २६ दिन कैद र रू. ५०० जरिवाना गरेको सुरू जिल्ला अदालतको फैसला सदर हुन सक्थ्यो। तर त्यसपछि यिनकै मौकाको बयानको शब्दमा "र कैतडीलाई पट्टाबाट बाहिर निकाली हेर्दा रगताम्य भएकाले त्यहीँ सुताई मिलको ढोका बन्द गरी सुर्ती नभएकाले सुर्ती लिन भनी चौराहा गए। आधा घण्टा पछि घरमा फर्की आई ...खाना मागी खाई केहिबेर सुते र राती ११.३० बजेको समयमा श्रीमतीलाई मैदान जान्छु भनी उठी आई निज कैतडी भन्ने विनेश पासीलाई बोरामा हाली लिई गई रायपुर गाविस वडा नं ५ सेमरा सडक खण्डको पूर्वतर्फ खाल्टोमा फालिदिई आई र हातखुट्टा धोई सुतेको हुँ" भनी स.ज. ७ मा

“र ...मरेको वा जीवित के थियो मैले हेक्का राखेन, बोलेका थिएनन्” भनी स.ज. ८ मा “मृतक लासलाई कोही कसैलाई जानकारी नदिई लगी छिपाए भने को कसको हो भन्ने कुरा थाहा हुँदैन र के कहाँ मृत्यु भएको भन्ने कुरा पनि थाहा हुँदैन र कसुरबाट उम्किन पाउँछु भनी लास लगी पानीमा फालेको हुँ। तेस्रो दिन पानी खाल्टोको सुक्दै गएपछि लास भेटियो र अब थाहा हुने भयो भन्ने डरले निज कैतडीको आमालाई लास मेरो छोराको हो भनी नभन्नु र प्रहरीलाई जानकारी नगराउनु भनी त्रसित पारेको हुँ, आखिर कैतडीको बुवा जोखन आएपछि सबै कुरा थाहा भयो” भनी सज १३ मा “निज कैतडी भन्ने विनेश पासी मिलको पट्टामा परेकाले म आफैँ आत्तिएर हतोत्साहित भएर निजलाई पट्टाबाट निकाली बाहिर राखी तत्काल सुर्ती खान मन लाग्यो, साथमा सुर्ती नभएकाले चौराहातर्फ गएको हुँ, उपचार गराउनेतर्फ मेरो ध्यान गएन यसमा मेरो गल्ती भयो” भन्नेसमेतको यिनको कार्यले गर्दा अब पहिलो चरण अर्थात् मृतक कैतडी मिलको पट्टामा परेको बारेमा मात्र सीमित भै विचार गर्नुको कुनै तुक नहुने।

अन्यथा प्रमाणित नभएसम्म कैतडीको हात मिलको पट्टामा बेरिएर काटिएको कारणबाट निजको मृत्यु भएको कुराको अनुमान गर्न मिल्ने देखिँदैन । प्रतिवादीको कार्यबाट नमरेको कुनै व्यक्ति तेस्रो पक्षको कार्यबाट मरेमा सो हत्याको दोषी तेस्रो पक्ष हुने भनी विद्वान् स्मिथ र होगानको माथि उल्लिखित मतमा असहमत हुनु पर्ने कारण नहुने।

पुनरावेदन अदालतले मुलुकी ऐन अबं को १८८ नं बमोजिम प्रतिवादी दिनेश यादवलाई १० वर्ष कैद हुने राय व्यक्त गरेको कुरा छ यसमा सो अदालतले "प्रतिवादी दिनेश यादवले कैतडी भन्ने विनेश पासीलाई मार्ने इबिलाग वा मनसाय राखेर वारदार घटाएको नभै आफ्नो मिलमा आफैँले काम लगाएको अवस्थामा मिलको पट्टामा च्यापिन पुगेको कारणबाट विनेश पासी गम्भीर घाइते भएको हुँदा त्यसबाट पैदा हुने स्वाभाविक कानूनी र सामाजिक दायित्वबाट उम्कने अभिप्रायले हत्याको कसुर गरेको देखिन्छ । पीडित कैतडीको मृत्यु मिलको पट्टाबाट बाहिर ल्याएपछि र बोरामा हाली खाल्डोमा हाल्दाको अवधिका बिचमा भएको मान्न सकिने पर्याप्त तार्किक आधारहरू माथि उल्लेख छन्।" भनी उल्लेख गरेको पाइन्छ । यसबाट यी प्रतिवादीको पछिल्लो कार्य कैतडी वा निजको परिवारसँग रिसइबीका कारण वा कुनै रकम कलमको माग गर्नको लागि वा कैतडीले प्रतिवादीको कुनै गोप्य कुरा थाहा पाएको सो कुरा प्रकाशमा आउला भन्नेलगायतको कारणबाट मनसाय प्रेरित वार्दात भएको नभै माथि उल्लेख भए जस्तो gross criminal negligence वा reckless indifference बाट भएको र यसको मूल कारण मिलको पट्टामा च्यापिएको कैतडीको अवस्था रहेको देखिन्छ । त्यसबेला प्रतिवादीको दिमागले काम गर्न सकेको देखिँदैन । यी हतप्रभ भएका छन् । यो मानिसको स्वभावजन्य कमजोरी हो । योबाहेक अरू कुरा वादीबाट पनि त आउन सकेको छैन । वादीले आफ्नो कुरा पनि नभन्ने र प्रतिवादीको कुरा पनि नपत्याउने यस्तो अवस्था आउन दिनु हुँदैन । अतः कैतडीको उक्त अवस्थाबाट किंकर्तव्यविमूढ भै प्रतिवादीबाट त्यसपछिका कार्यहरू भएका र ती कार्यहरू गर्दा निजले कैतडीको ज्यानै लिने प्रत्यक्ष direct वा घुमाउरो oblique नियत लिएको प्रमाण गुज्रन नआएको यस्तो अवस्थामा यिनलाई कमसेकम सजाय गर्दा पनि समाजमा सन्देश जाने, कानूनको निरोधात्मक सजाय कारगर हुने र प्रतिवादीले पनि कानूनको महत्त्व बुझ्ने सबै प्रतिफल प्राप्त हुने देखिन्छ । अतः प्रतिवादीलाई १० वर्ष कैद गर्ने भन्ने पुनरावेदन अदालतको रायसँग सहमत हुन सकिएन । प्रतिवादीलाई मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद हुने गरी प्रतिवादी दिनेश यादवको हकमा साधक सदर हुने ठहर्छ । प्रतिवादी रमावती पासीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको २५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन

सकिएन। प्रतिवादी रमावती पासीको हकमा पुनरावेदन अदालत, बुटवलको मिति २०६९।३।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम्।

४

**मा.न्या.दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-CR-०३९७, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. तिलबहादुर क्षेत्रीसमेत*

प्रतिवादीले अनुसन्धानको क्रममा जाहेरवाला ज्ञानेन्द्रकुमार उप्रेतीलाई बेलायत पठाउन भनी रकम लिएकामा सबै रकम फिर्ता गरिसकेको र जाहेरवाला यमबहादुर रानाभाटलाई आफूले नचिनेको हुँदा निजबाट रकम नलिएको, जाहेरवालाहरू खेमबहादुर गुरूङ र सुनिल तामाङबाट जनही रू. ३,८०,०००।- लिएको, जाहेरवाला मनोज महर्जनबाट रू. १०,००,०००।- सुनिल तामाङबाट रू. ७,६०,०००।- लिएको भनी बयान गरेको देखिन्छ भने अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको र जाहेरवाला ज्ञानेन्द्रकुमार उप्रेतीसँग वैदेशिक रोगजारीको लागि नभै सामान्य लेनदेनको क्रममा रकम लिई तिरिसकेको भनी बयान गरेको देखिन्छ। निजले अनुसन्धानको क्रममा जाहेरवाला ज्ञानेन्द्रकुमार उप्रेतीसँग वैदेशिक रोजगारीको लागि रकम लिई कागज गराएको भनी आंशिकरूपमा साबित भएको देखिन्छ। जाहेरवालामध्ये यमबहादुर रानाभाटबाट आफूले कुनै पनि रकम नलिएको, सुनिल तामाङको हकमा आफू डि.एन.बि. एसिया नामक कम्पनीको कर्मचारीको हैसियतले रकम बुझेकामा निजहरूको रकम कम्पनीले फिर्ता गरिसकेको, मनोज महर्जनसँग बुझेको रकम फिर्ता गरिसकेको र चन्द्र तामाङबाट आफूले नभै अफिसले पैसा बुझी लिएको भनी बयान गरेको देखिन्छ। जाहेरवाला ज्ञानेन्द्रकुमार उप्रेतीले आफूलाई बेलायत पठाउन रकम लिएको भनी यी प्रतिवादीउपर जाहेरी दिए पनि सो रकम प्रतिवादीले बुझेको भरपाई निजबाट पेस हुन सकेको देखिँदैन। साथै निज जाहेरवाला ज्ञानेन्द्रकुमार उप्रेतीले अनुसन्धानको क्रममा उजुरी फिर्ता पाउँ भनी निवेदन दिएको र जाहेरीको व्यहोरा अदालतमा बकपत्र गरी समर्थन गर्न नसकेको देखिन्छ। जाहेरवाला यमबहादुर रानाभाटले समेत आफूले कुवेत पठाउन रकम दिएको भनी जाहेरी दिए पनि सो रकम बुझेको सबुत पेस गर्न नसकेको र साथै अदालतमा बकपत्र गर्नसमेत उपस्थित हुन सकेको देखिएन। जाहेरवालाहरू सुनिल तामाङ र विष्णुमाया तामाङले समेत यी प्रतिवादीउपरको उजुरी फिर्ता लिएका र अदालतमा बकपत्रको लागि अनुपस्थित रहेको पाइयो। साथै जाहेरवाला चन्द्रप्रसाद लम्सालले अफगानिस्तान जान यी प्रतिवादीलाई रकम दिएको भने पनि निजले सो कुरा अदालतमा पुष्टि गर्न बकपत्र गर्न उपस्थति भएको देखिएन। यसरी प्रतिवादी तिलबहादुर क्षेत्रीउपर रकम लिएको भनी उजुरी दिने जाहेरवालाहरूमध्ये केही जाहेरवालाहरूले उजुरी नै फिर्ता लिई अदालतमा बकपत्र गर्न अनुपस्थित रहेका, अन्य जाहेरवालाहरूसमेत अदालतमा बकपत्र गर्न उपस्थित हुन नसकेका र प्रतिवादीउपरको अभियोगदाबी पुष्टि हुने भरपर्दो आधार वादी पक्षबाट पेस हुनसमेत नसकेको अवस्थामा प्रतिवादी तिलक भन्ने तिलबहादुर क्षेत्रीलाई अभियोग दाबीबाट सफाइ दिने ठहराएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलामा अन्यथा गर्नुपर्ने कार्यकारण नदेखिने।

अर्का प्रतिवादी विष्णु गुरूङको हकमा विचार गर्दा निजउपर सहप्रतिवादी तिलबहादुर क्षेत्रीले अनुसन्धानको क्रममा मिति २०६४।११।८ मा मनोज महर्जनसमेतको जाहेरीका सन्दर्भमा बयान गर्दा निज मनोज महर्जनलाई यु.के. पठाउन निजबाट रू. १०,००,०००।– रू. ४,००,०००।- विष्णु गुरूङलाई दिएको भनी उल्लेख गरेको आधारमा निज प्रतिवादीउपर अभियोगदाबी पेस भएको देखियो। निजउपर लागेको अभियोग अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको पाइँदैन। जाहेरवाला मनोज महर्जनले सोझै यी प्रतिवादीउपर नभै प्रतिवादी तिलबहादुर क्षेत्रीउपर

मात्र जाहेरी दिएकामा पछि सो उजुरी फिर्ता लिएको र अदालतमा बकपत्र गर्नसमेत उपस्थित नभएको देखियो । साथै प्रतिवादी तिलबहादुरले अदालतमा बयान गर्दा यी प्रतिवादीउपर पोल गरेको पनि देखिँदैन भने अनुसन्धानको क्रममा गरेको पोललाई भरपर्दो सबुद प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएको र मुख्य अभियुक्त तिलबहादुर क्षेत्रीले अभियोग दाबीबाट सफाइ पाएकोसमेत आधारमा यी प्रतिवादी विष्णु गुरूङले समेत अभियोग दाबीबाट सफाइ पाउने ठहराएको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसलामा अन्यथा गर्नुपर्ने कार्यकारण नदेखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल भदौ २ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०१७५, उत्प्रेषण / परमादेश, *सोमिन्त्रा देवी खत्वे वि. पुनरावेदन अदालत, राजविराज, सप्तरीसमेत*

विवादित सा.कि.नं. ३४३९ क्षे.फ. ०-०-६१/२ जग्गा मिति २०५७।२।१ मा र.नं. ७९१२ बाट विपक्षी ढेकरू खत्वेले आफ्नी श्रीमती निवेदिका सोमिन्त्रादेवीलाई हा.व. गरी दिएको देखिन्छ। यसरी पतिबाट हा.व. पाएको जग्गा स्त्री अंशधन हुने, यस्तो सम्पत्ति सगोलको नभै एकलौटी हुने र बन्डा नलाग्ने भन्ने निवेदिकातर्फको रिट निवेदन जिकिर रहेको देखिन्छ । साथै विपक्षी पति ढेकरू खत्वेले बराबर जाँडरक्सी खाई श्रीमती र छोराछोरीहरूलाई गालीगलौज र कुटपिट गर्दै आइरहेकाले निवेदिकाले पति ढेकरूबाट हा.व. पाएको उक्त जग्गा आफ्नो एकलौटी भै बन्डा नलाग्ने भन्ने रिट निवेदन जिकिर रहेको देखिन्छ । यी रिट निवेदिकाले पति ढेकरूउपर मिति २०६६।१।१ मा मानो छुट्टिएको व्यहोरा जनाई मिति २०६८।५।२१ मा सिराहा जिल्ला अदालतमा दे.दा.नं. ३२-०६८-०१९६९ नं. को अंश मुद्दा दायर गरेकामा सो मुद्दा मिति २०६९।२।२३ मा फैसला हुँदा ढेकरू खत्वेबाट मिति २०५७।२।१ मा र.नं. ७९१२ बाट हा.व. गरी सोमिन्त्रा देवी खत्वेलाई दिएको सा.कि.नं. ३४३९ क्षे.फ. ०-०-६१/२ जग्गा सो मुद्दाका प्रतिवादी ढेकरूले वादी सोमिन्त्रादेवीलाई हा.व. गरी दिको देखिन आएकाले बन्डा नलाग्ने र वादी प्रतिवादीका बिचमा बन्डा लाग्ने कुनै सम्पत्ति नदेखिँदा अंशबन्डा गर्नु नपर्ने भनी फैसला भएको देखिन्छ । यसरी सो सा.कि.नं. ३४३९ को जग्गा यी निवेदिकाको एकलौटी हकभोगमा रहेको र बन्डा नलाग्ने सम्पत्ति हो भन्ने कुरा सिराहा जिल्ला अदालतको मिति २०६९।२।२३ को फैसलाबाट समेत स्पष्ट देखिन आउँछ । यसबाट सो जग्गा २०५७ सालमा निवेदिकाले विपक्षी पति ढेकरूबाट हा.व. पाएको र मिति २०६९।२।२३ को सिराहा जिल्ला अदालतको फैसलाले समेत बन्डा नलाग्ने भनी ठहर भएको देखिन्छ । विपक्षी ढेकरूले विपक्षी दुर्गा कुमारी साहबाट मिति २०६६।६।१६ मा रू. १,६७,०००।- ऋणलिई कपाली तमसुक गरिदिएकामा विपक्षी दुर्गाकुमारी साहले २०६८ सालको दु.दे. नं. ३१०९ को लेनदेन मुद्दा दायर गरेकामा सो मुद्दा मिति २०६९।१।२१ मा वादी दाबी पुग्ने ठहरी फैसला भएको देखिन्छ । सो मुद्दाको क्रममा वादी दुर्गा कुमारीले प्रतिवादी ढेकरूको नाममा रहेको भनिएको सा.कि.नं. ३४३९ को जग्गा रोक्का राखेको र फैसला भएपछि फैसला कार्यान्वयनको क्रममा लिलामको कारवाही अगाडि बढ्ने क्रममा सिराहा जिल्ला अदालतबाट मिति २०७०।११।९ मा मिति २०६६।१।१ मा ढेकरू र सोमिन्त्राबिच मानो छुट्टिएको तथ्य स्थापित भइसकेको र ढेकरूले मानो छुट्टिएको मिति पश्चात् मिति २०६६।६।१६ मा लिई खाएको ऋण लिने कार्यमा श्रीमती सोमिन्त्रा देवीको संलग्नता नदेखिएको अवस्थामा उक्त ऋण तिर्ने बुझाउने दायित्व निवेदिका सोमिन्त्रा देवीमा रहेको मान्न नमिल्ने हुँदा निजको एकलौटी हकभोगको जग्गाको लिलाम कार्य स्थगित गरी रोक्का रहेको जग्गा फुकुवा गरिदिनु भनी भएको सुरू आदेश बदर गरी लेनदेन मुद्दाको बिगो भरिभराउतर्फको कारवाही अगाडि बढाउनु भनी पुनरावेदन अदालत,

राजविराजबाट मिति २०७१।३।१२ मा भएको आदेश प्राकृतिक न्यायको सिद्धान्तको आधारमा समेत मिलेको देखिएन। यसरी विवादित सा.कि.नं. ३४३९ को ०-०-६१/२ जग्गा यी निवेदिकाले मिति २०५७।२।१ मा नै आफ्ना श्रीमानबाट हा.व.बाट पाएको, निवेदिकाले मिति २०६८।५।२१ मा ढेकरू उपर दिएको अंश मुद्दा मिति २०६९।२।२३ मा फैसला हुँदा उक्त जग्गा निवेदिकाको एकलौटी भै बन्डा नलाग्ने ठहर भएको, यी निवेदिका सोमिन्त्रा देवी र विपक्षी ढेकरू खत्वेबिच मिति २०६६।१।१ मा मानो छुट्टिई सकेपछि मिति २०६६।६।१६ मा ढेकरूले विपक्षी दुर्गाकुमारी साहसँग लिएको ऋणको दायित्व यी निवेदिकामा नरहने हुँदा दुर्गाकुमारी साहसँग निवेदिकाको पति ढेकरूले लिएको लेनदेनको विषयमा चलेको लेनदेन मुद्दाको क्रममा रोक्का राखी फैसला कार्यान्वयनको क्रममा लिलाम गर्ने कार्य गराउने कार्य कानूनसम्मत नदेखिँदा निवेदन मागबमोजिम पुनरावेदन अदालत, राजविराजको मिति २०७१।३।१२ को आदेश उत्प्रेषणको आदेसद्वारा बदर हुने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल कात्तिक २० गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-०८९४, शेषपछिको बकसपत्र बदर, *ध्रुवकुमार मौर्यसमेत वि. राजकुमार मौर्यको हकमा अनुमति लिई विशाल मौर्यको संरक्षक भै गीता मौर्य*

स्व. लुटई मौर्यले मिति २०६४।१२।२४ मा आफ्ना नातिहरू तिर्थकुमार मौर्य समेतलाई आफ्नो नाउँको सम्पूर्ण सम्पत्ति अष्टलोह बकसपत्र गरिदिएको देखिन्छ । निज लुटई मौर्यले बकसपत्र गरिदिएको निजको नाउँको कि.नं. ४६९ को जग्गा निजले मोहीयानी हकबापत प्राप्त गरेको देखिएको छ। मोहियानी हकबापत प्राप्त सम्पत्ति निजी आर्जन भई बन्डा नलाग्ने हो कि भन्नलाई सो जग्गा निजका नाउँमा मोहीयानी अर्थात् भोग मात्र होइन स्वामित्व हस्तान्तरण भै आएको जग्गा भएको र यस्तो अवस्थामा जग्गाधनी र मोहीबिच जग्गा विभाजित भई मोहीका हैसियतले प्राप्त जग्गा सगोलका अंशियारबिच अंश बन्डाको १ र १८ नं. समेतबमोजिम बन्डा हुने गरी यसै सर्वोच्च अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भैसकेको (ने. का.प. २०६९, अङ्क ३, नि.नं. ८७८७) अवस्था छ । त्यस्तै गरी बाबुबाजेले आर्जन गरेको सम्पत्तिमा निजका छोराबुहारी नातिनातिनाको हकमा पैतृक मानिने अवस्था भएको र निज दाताले उक्त जग्गा घर व्यवहार चलाउन बिक्री वितरण गरेकोसमेत नभई शेषपछिको बकसपत्र गरी दिएको देखिएको हुँदा प्रस्तुत परिप्रेक्ष्यमा एउटा छोराका छोराहरू अर्थात् नातिहरूलाई मात्र आफ्नो नाउँको जग्गा शेषपछिको बकसपत्र गरिदिएको कार्यलाई कानूनसम्मत मान्न सकिने अवस्था नभएकाले उक्त कि.नं. ४६९ को जग्गामा अन्य अंशियारको समेत अंश भाग रहेको देखिएको तथा राजकुमार मौर्यका हकमा फिराद खारेज भई कि.नं. ४६९ को जग्गासमेतमा अंश भाग लाग्ने गरी भएको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला सदर हुने गरी आजै यसै इजलासबाट लगाउको ०६९-CI-०८९५ को अंश मुद्दामा समेत फैसला भएको हुँदा अष्टलोह बकसपत्र गरिदिएको सो कि.नं. ४६९ को जग्गामा जम्मा ४ अंशियार कायम गरी ४ भागको १ भाग बकसपत्र सदर कायम रहने र बाँकी ३ खण्डको १ खण्डमध्ये ३ भाग गरी सो ३ भागबाट गिता मौर्य र विशाल मौर्यले पाउने २ भाग जग्गाको बकसपत्र बदर हुने अवस्थाकै रहेको देखिएकाले सोबमोजिम वादीहरू गिता मौर्य र विशाल मौर्यको हकको २ खण्डको शेष पछिको बकसपत्र बदर गर्ने गरी पुनरावेदन अदालत, नेपालगञ्जबाट भएको मिति २०६९।२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल असोज २२ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-०८९५, अंश, *तारादेवी मौर्यसमेत वि. राजकुमार मौर्यसमेत*

मोहियानी हकबापत प्राप्त सम्पत्ति निजी आर्जन भई बन्डा नलाग्ने हो कि भन्नलाई सो जग्गा निजका नाउँमा मोहीयानी अर्थात् भोग मात्र होइन स्वामित्व हस्तान्तरण भै आएको जग्गा भएको र यस्तो अवस्थामा जग्गाधनी र मोहीबिच जग्गा विभाजित भई मोहीका हैसियतले प्राप्त जग्गा सगोलका अंशियारबिच अंश बन्डाको १ र १८ नं. समेतबमोजिम बन्डा हुने गरी यसै सर्वोच्च अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भैसकेको (ने.का.प. २०६९ अङ्क ३ नि.नं. ८७८७) अवस्था छ । त्यस्तै गरी बाबुबाजेले आर्जन गरेको सम्पत्ति निजका छोराबुहारी नातिनातिनाको हकमा पैतृक मानिने अवस्था भएकाले प्रस्तुत परिप्रेक्ष्यमा एउटा छोराका छोराहरू अर्थात् नातिहरूलाई मात्र आफ्नो नाउँको जग्गा शेषपछिको बकसपत्र गरिदिएको कार्यलाई कानूनसम्मत मान्न सकिने अवस्था नरहेको र कि.नं. ४६९ को जग्गामा जम्मा ४ अंशियार कायम गरी ४ भागको १ भाग बकसपत्र सदर कायम रहने र बाँकी ३ खण्डको १ खण्डमध्ये ३ भाग गरी सो ३ भागबाट गिता मौर्य र विशाल मौर्यको हकको २ भाग जग्गाको बकसपत्र बदर हुने गरी लगाउको ०६९-CI-८९४ को शेषपछिको बकसपत्र बदर मुद्दामा आजै यसै इजलासबाट फैसलासमेत भएको हुदा उक्त कि.नं. ४६९ को जग्गामा सबै अंशियारलाई अंश बन्डा लाग्ने नै अवस्थाको देखिन आउने।

प्रमाण ऐन, २०३१ को दफा ६ मा एकाघरसँगका अंशियारमध्ये जुनसुकै अंशियारको नाउँमा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ भन्ने कानूनी व्यवस्था रहेको र त्यसैको पृष्ठभूमिमा यस अदालतबाट सगोलको अंशियारमा जसको नाउँमा रहेको सम्पत्ति भए पनि अन्यथा प्रमाणित नभएसम्म सगोलकै मान्नु पर्ने प्रमाण ऐन, २०३१ को दफा ६(क) ले प्रष्ट गरेकामा अन्यथा प्रमाणित गर्नुपर्ने कर्तव्य प्रतिवादीको हुने (ने.का.प. २०५४, नि.नं. ६३०३, अङ्क १) भनी सिद्धान्तसमेत प्रतिपादित भएको पाइन्छ । प्रस्तुत अवस्थामा प्रतिवादीहरूले निजी आर्जनको भनेका घर जग्गाहरू निजी आर्जन हो भन्ने ठोस सबुत पेस गरी अन्यथा प्रमाणित गर्न सकेको अवस्था नदेखिएको हुँदा उक्त कि.नं. ४०७ र १५२६ को घर जग्गाहरू समेतलाई सगोलकै मान्नु पर्ने भएकाले पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नहुने।

अतः अदालतबाट दण्ड जरिवाना लागेका नन्कु भन्ने राजकुमार मौर्यको हकमा लागेको दण्ड जरिवाना असुल नहुँदै अ.ब. ८३ नं. बमोजिम अनुमति लिई दायर भएको फिराद खारेज हुने गरी तथा कि.नं. ४६९ को जग्गाबाट ४ भाग मध्ये १ भागको बकसपत्र सदर कायम राखी बाँकी ३ भागमध्ये १ भागबाट २ भाग गिता देवी र विशालकुमार मौर्यले अंश पाउने तथा अन्य सम्पत्तिबाट समेत ३ भागमध्ये १ भागबाट २ खण्ड गितादेवी र विशालकुमारले अंश पाउने गरी तथा ऋणको सम्बन्धमा साहूको नालेस परी ठहरेबमोजिम हुने गरी सुरूको फैसला केही उल्टी गरी भएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९।२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल असोज २२ गते रोज ६ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०७७४, लेनदेन, *रूद्रप्रसाद मानन्धर वि. काठमाडौं महानगरपालिका वडा नं. २९ ठमेलस्थित एसियन पेन्टस (नेपाल) प्रा. लि.*

फिरादको सम्पूर्ण तथ्यबाट व्यापारिक कारोबारबापत पाउने रकम प्राप्तिको लागि कानूनले तोकेको हदम्यादभित्रै दायर भएको तर कानूनको उल्लेखनमा तलमाथि परेको हुँदा यसमा विवन्धन नलाग्ने भनी पुनरावेदन अदालत, पाटनले न्यायको रोहमा बोलेको र न्याय प्रदान गरेकोलाई बेमनासिब भन्न मिल्दैन । अदालतहरू भनेको न्याय प्रदान गर्न बनेका निकाय हुन् । एउटाको सामान्य भूल वा अज्ञानताको फाइदा अर्को पक्षले नाजायजरूपमा लिन नमिल्ने ।

प्रस्तुत मुद्दामा उक्त लेनदेन व्यवहारको महलको ४० नं. छुट्नु र २ नं. उल्लेख हुनुलाई नालेसको प्राण नै छुटेको रूपमा हेर्दा वादीले पाउने जायज रकम पाउन नसक्ने तथा प्रतिवादीले नाजायज तवरबाट वादीको रकम पच गर्ने परिणाम आउने हुँदा अन्यायको पक्षपोषण हुने गरी कठोर र यान्त्रिक हुनु स्वच्छ न्यायको अवधारणा अनुकूल हुँदैन । न्याय निश्चित हुनुपर्छ तर परिस्थिति र समय आदि कुरालाई विचार गरी न्यायले आफूलाई लचिलो पनि बनाउनु पर्ने ।

प्रस्तुत मुद्दा धेरै पुरानो भैसकेको र सुरू अदालतले सान्दर्भिक प्रमाणहरू बुझ्ने काम गरिसकेको हुँदा प्रस्तुत मुद्दामा अरू थप प्रमाण बुझ्नु पर्ने भए सो बुझी फैसला गर्नको लागि पुनरावेदन अदालत, पाटनलाई कुनै बाधा अवरोध देखिँदैन । ढिलो गरी न्याय दिनुलाई सफल न्याय पद्धतिले अस्वीकार गर्दछ । अतः प्रस्तुत विवादमा पुनरावेदन अदालत, पाटन आफैँले फैसला गर्न कुनै बाधा नरहेको र प्रस्तुत मुद्दामा न्याय प्रशासन ऐन, २०४८ को दफा १४ को खण्ड (घ) को अवस्थासमेत नरहेकाले यसमा पुनरावेदन अदालतले नै यावत विषयवस्तुमा प्रवेश गरी ठहर निर्णय गर्नुपर्नेमा सुरू जिल्ला अदालतमा निर्णय गर्नको लागि पठाउने ठहराई मिति २०६६।४।३२ मा गरेको फैसला नमिलेकाले उल्टी हुन्छ । अब न्याय प्रशासन ऐन, २०४८ को दफा १४ को खण्ड (ख) र (ग) बमोजिम जे जो बुझ्नु पर्छ बुझी कानूनबमोजिम ठहर फैसला गर्नु भनी उपस्थित पक्षलाई तारेख तोकी प्रस्तुत मिसिल निर्णयार्थ पुनरावेदन अदालत, पाटनमा पठाई दिने ।

इजलास अधिकृत : इन्द्रकुमार खड्का

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल असोज ५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०८३८, दर्ता फारी, *बिमला राणा वि. प्रदिपविक्रम राणा*

प्रस्तुत मुद्दामा त्यसप्रकार वादीले कुनै संरचनाको हकबाट आफूबाहेक हुने गरी कुनै लिखत गरेको अवस्था छैन । यसमा को कसले कति खर्च गर्‍यो दौडधूप गर्‍यो भन्ने कुराको सामान्यतया कुनै अर्थ नरहने ।

जहाँसम्म उल्लिखित कि.नं. ७१०, ७१३, ७३६ र ७३९ जग्गा कित्ताकाट गर्दा काम लाग्दैन भन्ने प्रतिवाद जिकिर छ सो आधारमा दर्ता छुट्याउन नमिल्ने भनी यी पक्षविपक्षका बिचमा कुनै लिखत भएको पाइँदैन । यसमा रोकपोक नरमगरम मिलाई दुवै पक्षलाई पायक पर्ने गरी कित्ताकाट गर्नुपर्ने हुन्छ । कित्तैपिच्छे कित्ताकाट गर्ने वा दुवैलाई अनुकूल हुने गरी कित्ताकाट गर्ने कुरा कित्ताकाट गर्दा विचार हुने कुरा हो । पुनरावेदन अदालतले त्यस सम्बन्धमा विस्तृत विवेचना गरी नरम गरम मिलाई दर्ता फारी दा.खा. दर्ता गराई लिन पाउने ठहराएको फैसलाबाट प्रतिवादीलाई कुनै प्रतिकूल असर पुगेको भन्ने ठाउँ छैन । त्यसमा पनि आजको पेसीमा उपस्थित भै पुनरावेदिकाले तत्सम्बन्धमा मनासिब जिकिर लिई प्रमाणसमेत पेस गरी पुनरावेदन अदालतको फैसलालाई चुनौति गर्नुपर्नेमा निज वा निजको कानून व्यवसायी दुवै अनुपस्थित रहनु भएको अवस्था छ । अतः विवेचित आधार कारणसमेतबाट वादी दाबीबमोजिम कित्ताकाट हुने ठहराएको पुनरावेदन अदालत, पाटनको मिति

२०६६।२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : इन्द्रकुमार खड्का

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल असोज ५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०२६१, निषेधाज्ञा / परमादेश, *आनन्दीलाल मुखिया वि. जिल्ला विकास समितिको कार्यालय, सप्तरी*

निवेदकको पुनरावेदन पत्रमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१७ मा जिल्ला विकास समितिलगायतका विपक्षीलाई माछा मार्नका लागि ठेक्का दिने अधिकार नरहेको भन्नेसम्मको जिकिर रहेको र जानकारी पाउनु पर्ने सम्बन्धमा कुनै पुनरावेदन जिकिर नरहेकाले विपक्षीले ठेक्का लगाएको कानूनसम्मत भए नभएको भन्नेसम्मको कुरामा निर्णय दिनुपर्ने सम्बन्धमा विचार गर्दा माछा मार्नेसमेतको कुरामा जिल्ला विकास समितिले ठेक्का लगाउने गरी स्पष्ट व्यवस्था रहेकाले माछा मार्ने विषयमा जिल्ला विकास समितिले ठेक्का लगाउन सक्दैन भन्ने निवेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । सोबाहेक पुनरावेदकको अरू पुनरावेदन जिकिर नरहेकाले निवेदकको निवेदन खारेज गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।७।२७ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०२६२, उत्प्रेषण / परमादेश, *नेपाल मलाह संघका केन्द्रीय अध्यक्ष आनन्दीलाल मुखिया वि. जिल्ला विकास समितिको कार्यालय, सप्तरी*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१७ मा माछा मार्नेसमेतको कुरामा जिल्ला विकास समितिले ठेक्का लगाउने गरी स्पष्ट व्यवस्था रहेको पाइन्छ । निवेदन दाबीको पोखरीमा निवेदकको हक के कसरी पुगेको छ यसलाई निवेदकले स्पष्ट गर्न सक्नुभएको पाइँदैन । व्यक्ति विशेषको हक नपुग्ने पोखरीमा निजले सामान्यतया उजुर गर्न मिल्दैन । यसमा नेपाल सरकार वा सम्बन्धित गाविस तथा जिविसकै सरोकार हुन्छ । निजहरूबाट कुनै बेहिसाब भएमा त्यसमा शुद्धीकरणको लागि निवेदकले ध्यानाकर्षण आदि गराउन नपाउने होइन । त्यस किसिमको कुनै बेहिसाब वा भ्रष्टाचार भएको पुनरावेदन जिकिर देखिँदैन । कानूनले नै अधिकार दिएको माछा मार्ने विषयमा जिल्ला विकास समितिले ठेक्का लगाउन सक्दैन भन्ने निवेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । पुनरावेदकको निवेदन खारेज गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।४।२८ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०२६३, निषेधाज्ञा / परमादेश, *आनन्दीलाल मुखिया वि. श्री बाबा वंशखण्डी सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष किसन साहुसमेत*

कुनै पनि विषयमा निवेदन दिन उजुर गर्न हकदैया हुनै पर्छ । विवादित दहमा निवेदकको हक पुग्ने कानूनबमोजिमको लिखत प्रमाण निवेदकबाट प्रस्तुत हुन सकेको पाइँदैन । २०६४ सालमा माछाको भूरा छाडेको र ती ठूला भै माछा मार्न खोज्दा विपक्षीहरूबाट अवरोध हुने आशङ्का उत्पन्न भएको भन्ने निवेदन जिकिरलाई विपक्षीहरूले अस्वीकार गर्नुभएको देखिन्छ । यसप्रकारको तथ्यगत विषयको निरोपण रिट निवेदनबाट गर्नु उपयुक्त हुँदैन । यसमा निवेदकले विपक्षीहरू उपर प्रमाण देखाई कानूनबमोजिम लुटपिट

आदिमा उपचार लिने बाटो निवेदकलाई रहे भएकै छ । अतः हकदैयाको अभावमा पुनरावेदकको निवेदन खारेज गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।१०।१५ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०७६५, परमादेश, *जनकपुर अञ्चल अस्पताल विकास समिति, जनकपुरसमेत वि. डा.रामचरित्र साह*

काम गर्ने कर्मचारीले आफूले पाउनु पर्ने कानून र सम्झौताबमोजिमको रकम माग गरेको सो गलत वा झुट्टा भएमा सोही कुरा खुलाई निजलाई तत्सम्बन्धमा जानकारी दिनु विपक्षीको कर्तव्य र यस्तो जानकारी पाउने निवेदकको हक हुन्छ । प्रस्तुत विषयमा विपक्षीले निवेदकको मागलाई सम्बोधन गरी उचित निर्णय नगरेकाले सो गर्नु भन्नेसम्मको पुनरावेदन अदालत, जनकपुरबाट भएको आदेशबाट कानूनको शासनको सम्मान भएको र यसबाट पुनरावेदकलाई कुनै असर परेको भन्न मिल्दैन । पुनरावेदन अदालत, जनकपुरले गरेको परमादेशको आदेश कानूनसङ्गत रहेकाले सो सदर हुन्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०१४३, जबरजस्ती करणी, *नेपाल सरकार वि. नरबहादुर हमाल*

प्रतिवादीले अपराधलाई पूर्णरूपमा स्वीकार गरी अधिकारप्राप्त अधिकारीसमक्ष साबिती बयान दिएको देखियो । घरको माथिल्लो तलामा प्रतिवादीले मेरो देवरको छोरी श्रीकुमारीलाई जबरजस्ती करणी गरेको देखेको हुँ भनी शर्मा रानाले अनुसन्धान अधिकारीसमक्ष गरेको कागजलाई अदालतमा आई बकपत्र गरी पुष्टि गरेकोसमेत देखियो । पीडित श्रीकुमारीले ठूलीआमाको घरमा बसेको अवस्थामा प्रतिवादीले जबरजस्ती तानी बाथरूममा लगी अनुचित करणी गरेको हारगुहार गर्दा ठूलीआमा शर्मा राना आउँदा प्रतिवादी भागेका हुन् भनी कागज गरेकामा सो कुरालाई अदालतमा आई पीडितले समर्थन हुने गरी बकपत्र गरेको देखियो । वस्तुस्थित मुचुल्काका मानिस तुल्सबहादुर राना, चुनमाया गुरूङले यी प्रतिवादीले जबरजस्ती करणी गरेको भनी प्रहरीमा कागज गरेकामा सो कुरालाई पुष्ट्याइँ हुने गरी सुरू अदालतमा बकपत्रसमेत गरेको देखिन्छ । जिल्ला अस्पताल स्याङजाको परीक्षण प्रतिवेदनअनुसार लेबियाको माइनोराको दाहिने पट्टी सानो चोट भएको भन्ने र योनीभित्रको झिल्ली फाटेको छ भन्ने देखिन्छ । घटना स्थलबाट काँचका दुई टुक्रा चुरा बरामद भएको पाइन्छ । यी प्रतिवादीले पीडित श्रीकुमारीलाई जबरजस्ती करणी नगरेको भए किटानी जाहेरी र सो जाहेरीलाई अदालतमा आई समर्थन हुने गरी पीडितका बाबुले बकपत्र गर्नु कुनै कारण देखिँदैन । सो हुँदा यी प्रतिवादीले श्रीकुमारीलाई जबरजस्ती करणी गरेको भन्ने तथ्य प्रमाणित हुन पुगेको छ । साथै पुनरावेदन अदालतले अभियोग दाबीबमोजिम जबरजस्ती करणीको वारदात कायम हुने ठहऱ्याएको फैसलामा प्रतिवादीले चित्त बुझाई बसेको देखिँदा सो वारदात भएको तथ्यमा शङ्का गर्नुपर्ने नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा ६(ग) मा "कुनै अदालत वा सरकारी कार्यालयमा कानूनले राख्नु पर्ने स्याहा, स्रेस्ता वा कागजपत्रमा उल्लेख गरिएको कुराहरू सही रूपमा उल्लेख गरिएका हुन् भनी अदालतले अनुमान गर्नेछ" भन्ने र दफा १३(१) मा "राष्ट्रसेवकले आफ्नो ओहदाको कर्तव्य पालनको

सिलसिलामा र कुनै व्यक्तिले कानूनद्वारा तोकिएको आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै सार्वजनिक लिखतमा उल्लेख गरेका कुराहरू प्रमाणमा लिनुहुन्छ" भनी उल्लेख भएबमोजिम चिकित्सकबाट जाँच परीक्षण गर्दा प्राप्त प्रतिवेदन यी प्रतिवादी विरूद्ध आफैँमा प्रमाण लाग्ने अवस्था देखिन्छ। साथै यी प्रतिवादीले मौकामा गरेको बयानको जवाफ ७ मा "लठ्यौरी (अपाङ्ग) भएकीले केही गर्न सकिनन्" भनी निजको अवस्थाको चित्रणसमेत गरेबाट प्रतिवादी लठ्यौरी भएको भन्ने तथ्यमा प्रतिवादीले समेत स्वीकार गरेको अवस्था छ। त्यसबाहेक मौकाको जाहेरी र शर्मा रानाको कागज तथा बकपत्रबाट समेत पीडित सुस्त मनस्थितिकी व्यक्ति नै रहेकी देखिन्छ । सो नभै पीडित स्वस्थ सद्दे रहेकी भए १६ वर्ष पूरा भएकी यी पीडितले आफैँ कागज र बकपत्र गर्नुपर्ने हुन्थ्यो । मौकाको कागज र अदालतको बकपत्रसमेतको दुवै अवस्थामा यिनले सक्षमतापूर्वक आफ्नो कुरा भन्न नसक्ने भएरै सो गर्दा गराउँदा यिनको संरक्षक रोहवरमा बसेको देखिन्छ । उक्त प्रमाणहरूबाट यी पीडित सुस्त मनस्थितिकी रहेकी भन्ने कुरा पुष्टि हुन आउने।

पीडित श्रीकुमारी अशक्त र अपाङ्ग व्यक्ति रहेको र त्यस्तो व्यक्तिलाई प्रतिवादीले जबरजस्ती करणी गरेको देखिँदा मुलुकी ऐन, जबरजस्ती करणी महलको ३क नं. बमोजिम प्रतिवादी नरबहादुर हमाललाई थप कैद वर्ष ५ गरेको सुरू फैसला मिलेकामा सो उल्टी गरेको पुनरावेदन अदालत, पोखराको फैसला नमिलेको हुँदा पुनरावेदन अदालत, पोखराको मिति २०६६।९।१२ को फैसला केही उल्टी हुने र सुरू स्याङ्जा जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०३५०, जबरजस्ती करणी, *देवबहादुर घले वि. नेपाल सरकार*

आफूहरूलाई फसाउने नियतले वा कुनै रिसइबीको कारणले पीडितले आफूसमेत लाञ्छित हुने गरी प्रतिवादीहरू उपर झुठ्ठा दोषारोपण गरेकी हुन् भनी यी प्रतिवादीहरूले अदालतको बयानमा कुनै जिकिर लिन सकेको देखिँदैन। यस अदालतमा गरेको पुनरावेदनपत्रमा समेत पुनरावेदकहरूले पीडितले झुठ्ठा दोषारोपण गर्नुपर्ने सम्बन्धमा ठोस जिकिर लिन र तत्सम्बन्धी प्रमाण गुजार्न सकेको देखिँदैन। यस अवस्थामा पुनरावेदक प्रतिवादीहरूको अदालतसमक्षको कोरा इन्कारी बयानको कुनै प्रामाणिक महत्त्व नरहने।

पीडित साबालक देखिएकी भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर देखिन्छ । तर सो कारणबाट प्रस्तुत मुद्दाको वारदात असत्य हुन सक्ने अवस्था हुँदैन । उमेरसम्बन्धी कुरा तलमाथि परेको कुरा सजायसम्बन्धी कुरा भएकाले त्यो कुरा आफैँमा प्रतिवादीहरूको सफाइको आधार हुन सक्तैन । सोबाहेक प्रतिवादीहरू विरूद्धको उपरोक्त मिसिल प्रमाणलाई प्रतिवादीहरूले अन्यथा सिद्ध गर्न नसकेको समेतबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादीहरू सानु घले भन्ने देवबहादुर घले र तिलक भन्ने रामबहादुर घलेले पीडित "चौतारा A" लाई सामूहिकरूपमा पालैपालो जबरजस्ती करणी गरेको हुँदा सिन्धुपाल्चोक जिल्ला अदालतले यी प्रतिवादीहरूलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. तथा ३क नं. बमोजिमको कसुरमा प्रतिवादीहरू सानु घले भन्ने देवबहादुर घले र तिलक भन्ने राजु घलेलाई ऐ. महलको ३(४) नं. बमोजिम ५ वर्ष कैद र निजहरूले सामूहिकरूपमा जबरजस्ती करणी गरेको हुँदा ऐजनको ३क नं. बमोजिम ५ वर्ष थप कैद गरी ऐजनको १० नं. बमोजिम पीडित "चौतारा A" लाई प्रतिवादीहरूबाट जनही रू.१०,०००।- दस हजार क्षतिपूर्तिसमेत दिलाई दिने ठहराएको सिन्धुपाल्चोक जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन

अदालत, पाटनको मिति २०६८।११।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

यसमा विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ को दफा ३ बमोजिमको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्नेमा प्रस्तुत मुद्दामा पीडित पक्षको परिचय गोप्य राख्ने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल कात्तिक १७ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०३६६, जबरजस्ती करणी, *मोहमद सहिद अन्सारी वि. रामकुमार (परिवर्तित नाम) को जाहेरीले नेपाल सरकार*

पीडितको स्वास्थ्य परीक्षणबाट According to mother, she noticed her daughter crying and noticed blood… over her dress… with whitish discharge over the clothes and upper thigh…

… Bleeding and pain at the perineal area following sexual assault. Bleeding fresh minimal in amount. Patient gives history of penetration clothes changed mother gives history of blood stained underclothes and whitish discharge at the inner thigh.

पुनः Small abrasion of ०.१x०.२cm in the posterior fourchette, labia minora hyperemic समेतको पीडितको यौनाङ्गको लक्षण देखिन्छ।

पीडितको कट्टु परीक्षण हुँदा human semen was detected भन्नेसमेतको परीक्षण प्रतिवेदन प्राप्त भै मिसिल संलग्न रहेको।

प्रमाणहरूको समुचित खण्डन गर्ने दायित्व पुनरावेदक प्रतिवादीकै हुन्छ। तर पुनरावेदक प्रतिवादीले आफू विरूद्धका उल्लिखित प्रमाणहरूको समुचित खण्डन गर्न सकेको देखिँदैन अपितु वारदातको दिन समय र स्थानमा पीडित खेल्दै प्रतिवादीको कोठामा आएकी त्यसपछि कोठाको ढोका बन्द रहेको र पीडित १० मिनेट जति खाटमा खेलेर निजको आमाले नाम लिएर बोलाएपछि गएकीसमेतको तथ्यलाई स्वीकार गरेको देखिन्छ। वारदातको दिन समयमा पीडित र प्रतिवादी सँगसाथमा हुनु र लगत्तै अभियोगदाबीको घटना प्रकाशमा आउनु तथा पीडितको fourchette मा रहेको घाउको बारेमा प्रतिवादीले सन्तोषजनक कारण खुलाउन नसक्नु समेतका तथ्यले वारदातको सत्यताको पुष्टि गरेको निष्कर्ष आउने देखिन्छ। प्रतिवादीकहाँ आउनु अघिदेखि नै पीडितको त्यस किसिमको घाउ रहेको भए निज प्रतिवादीको कोठामा सहजरूपमा आउन र १० मिनेटसम्म प्रतिवादीको भनाईअनुसार खेली बस्ने र आमाले बोलाएपछि जाने अवस्था उत्पन्न हुन नसक्ने।

उल्लिखित प्रमाणहरूबाट प्रतिवादी विरूद्धको अभियोगदाबी शङ्कारहित प्रमाणबाट प्रमाणित भएको हुँदा प्रतिवादी लाल खान भन्ने मोहमद सहिद अन्सारीले पीडित चित्रकला चौधरीलाई जबरजस्ती करणीको कसुर गरेको ठहराई प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. को कसुरमा उक्त महलको ३(१) नं. बमोजिम १० वर्ष कैद र उक्त महलको १० नं. बमोजिम रू. ५०,०००।- (पचास हजार) क्षतिपूर्तिसमेत दिलाई भराई दिने ठहराएको ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१०।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल कात्तिक १७ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-०२९०, अंश, *रामसुरत अहिरको मृत्यु भै मुद्दा सकार गर्ने छोराहरू*

*रामवहाल यादव, मनवहाल यादव र विजयबहादुर यादव वि. कोमल अहिर*

वरिष्ठ वैज्ञानिक अधिकृतले कोमल यादव र रामसुरत अहिरको डि.एन.ए. प्रोफाइल तुलना गर्दा कोमल यादव र रामसुरत अहिर एउटै जैविक पितृत्वका वंशजका हुन् भनी उल्लेख गरेको पाइयो । यी वादी र प्रतिवादीहरू एउटै पुस्ता भित्रका भएको र सो तथ्यलाई वादीका साक्षीले गरेको बकपत्रबाट पुष्टि भैरहेको देखियो । प्रतिवादी रामसुरतले अंशबन्डा भैसकेको भनी भन्न नसकी कहिले म जोखुको एक मात्र छोरा हुँ भनी कहिले रामसेवकसँग मैले अंश पाएको हो हामी दुई दाजुभाइ हौं भनी अंशबन्डाको कागज गरेको लगाउको जालसाजी मुद्दाबाट देखियो । यसरी प्रतिवादीले फरकफरक व्यहोरा उल्लेख गरी आएकाले निजले सफा हात लिई अदालतमा प्रतिउत्तर जिकिर लिई प्रवेश गरेको देखिएन । यसको साथै प्रतिवादी रामसुरतबाहेकका अन्य प्रतिवादीहरूको कथनसमेतको आधारमा वादी प्रतिवादीहरूबिचमा अंशबन्डा भएको अन्य कुनै प्रमाणबाट पुष्टि हुन नआएको स्थितिमा मुलुकी ऐन, अंशबन्डाको १ नं. ले यो नम्बर प्रारम्भ भएपछि अंशबन्डा गर्दा यस महलका अन्य नम्वरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जीयजीयैको अंश गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रतिवादी रामसुरत अहिरले पेस गरेको तायदाती फाँटवारीमा उल्लेख गरेका जग्गाहरूको सम्बन्धमा निजी आर्जनको हो भन्ने भरपर्दो प्रमाणको अभावमा प्रतिवादीहरूबाट पेस हुन आएको तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण सम्पत्ति बन्डा लाग्ने नै देखिने।

वादी प्रतिवादीहरू अंशियार कायम हुन आई वादी प्रतिवादीबिच अंशबन्डा नभएको पुष्टि हुन आएकाले सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला केही उल्टी भई वादी कोमल यादवले प्रतिवादी रामसुरत अहिरको नाम दर्ताको तायदाती फाटवारीमा उल्लिखित सम्पत्तिबाट फिराद दाबीबमोजिम मूल ५ अंशियार भएकामा सम्पूर्ण सम्पत्तिलाई ५ भाग लगाई वादीले ५ भागको १ भाग अंश छुट्याई लिन पाउने र ऋणको हकमा साहुको नालेस परेको बखत कानूनबमोजिम हुने ठहराई पुनरावेदन अदालत, बुटवलले मिति २०६९।९।८ मा गरेको फैसलामा कानूनी र प्रतिपादित नजिरको स्पष्ट कुनै त्रुटि भएको नपाइदा सदर हुने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०७२ साल भदौ २५ गते रोज ६ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०३८४, सवारी ज्यान, *राजेन्द्र बस्ताकोटीको जाहेरीले नेपाल सरकार वि. मिकमार दोङ तामाङसमेत*

सवारी चालक अनुमति प्राप्त नगरेको व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको आफैँमा जोखिमी र लापरवाहीपूर्ण कार्य हो । साथै त्यसरी सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारी साधनबाट ठक्कर लागी, किचि वा अन्य कुनै दुर्घटना भएर मानिसको ज्यान गएमा सो कार्यलाई स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणाम स्वरूप भएको मान्नु पर्ने देखिन्छ । छुट्टाछुट्टै आकार र प्रकृतिका सवारी साधन प्रकृति र आकारको आधारमा एक श्रेणीको सवारी चालक अनुमतिपत्र लिई अर्को प्रकृति र आकारको सवारी चलाउन पाउने गरी ऐन र नियमले छुटसमेत नदिएको अवस्थामा यी प्रतिवादीले आफूसँग सवारी चलाउने इजाजतपत्र नै नभएको मिनीबस चलाई दुर्घटना भै मानिसको मृत्युसमेत भएको देखिँदा अनुमतिपत्र नभएको सवारी हाक्ने क्रिया स्वयम्मा लापरवाहीयुक्त कार्य भएकाले

त्यस्तोमा माथि उल्लिखित सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) आकर्षित नभै ऐ. ऐनको १६१(२) आकर्षित हुने हुँदा पुनरावेदन अदालत, हेटौंडाको फैसला उल्टी भै प्रतिवादी सागर भन्ने मिकमार दोङ तामाङले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ र १६१(२) को कसुर गरेको ठहर्छ। सो ठहर्नाले प्रतिवादी सागर भन्ने मिकमार दोङ तामाङलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम कैद वर्ष २ (दुई) र एउटा वर्गको सवारी साधन चलाउने अनुमतिपत्र लिई अर्को वर्गको सवारी साधन चलाउने गरेको कार्य गरेको देखिँदा ऐ. ऐनको दफा १६१(४) बमोजिम रू. २,०००।- (दुई हजार) जरिवानासमेत हुने।

कुनै व्यक्तिलाई सवारी चलाउन दिनुपूर्व सो व्यक्तिसँग सम्बन्धित सवारी चलाउने अनुमति पत्र छ छैन हेरी अनुमतिपत्र भएमा मात्र सवारी चलाउन दिनुपर्ने दायित्व सवारी धनीको हुन्छ । आफ्नो दायित्वबाट सवारी धनि कुनै पनि बहानामा पन्छिन मिल्दैन यसर्थ सवारी धनीले चालक प्रतिवादीसँग मिनिबस चलाउने अनुमतिपत्र छ छैन भन्ने यकिन ख्याल नगरी चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी हाँक्न दिएकामा सो सवारी दुर्घटना ग्रस्त भै मानिस मरेको देखिँदा माथि उल्लिखित सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४६ मा भएको व्यवस्थाविपरीतको कार्य गरेको देखिँदा प्रतिवादी शेष जाहिरलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४६ को बर्खिलाप गरेकामा १६१ (५) बमोजिमको कसुर गरेको ठहर गर्नपर्नेमा निज प्रतिवादीलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला उल्टी भै प्रतिवादी शेष जाहिरलाई सोही ऐनको दफा १६१(५) बमोजिम १५ दिन (पन्ध्र) कैद हुने।

इजलास अधिकृत : गजेन्द्रबहादुर सिंह

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असार १० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-१३९२, कर्तव्य ज्यान, *किशोर के.सी. वि. जयराम गुरूङको जाहेरीले नेपाल सरकार*

कानूनी प्रावधान हेर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न सक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन सक्ने मानिस साक्षी हुन सक्ने नै देखिन्छ । अमित गुरूङ बालक भए पनि निज आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने र युक्ति युक्त जवाफ दिन नसक्ने हुन भन्ने कुराको प्रमाण प्रतिवादी पक्षले दिन सकेको नपाइएकाले प्रस्तुत वारदातमा नाबालक अमित गुरूङले गरेको बकपत्रलाई अन्यथा मान्न मिल्ने नभै प्रमाणमा लिन मिल्नेनै देखियो । तसर्थ वारदातको प्रकृतिको अवस्था, विशेषज्ञको वकपत्र, प्रत्यक्षदर्शिले मौकामा व्यक्त गरेको कुरासमेतबाट प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविति बयानबाट पुष्टाई भएकाले निज प्रतिवादी किशोर के.सि.ले २०६६।५।२७ गते मृतक अभिषेक गुरूङलाई कुटपिट गरी निज मृतककै सर्टको बाहुलाले झुण्ड्याई मारेकाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. विपरीत बमोजिमको कसुर अपराध गरेकामा ऐ. को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर्‍याई सजाय गरेको पुनरावेदन अदालत, पाटनको फैसलामा कुनै कानूनी त्रुटि नदेखिने।

प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने हुँदा मुलुकी ऐन, अ.वं. १८८ नं. बमोजिम कैद वर्ष १० (दश) गर्ने गरेको सुरू जिल्ला अदालतको रायसहितको फैसलालाई पुनरावेदन अदालत, पाटनले रायसम्म नमिलेको भनि मुलुकी ऐन, ज्यानसम्बन्धी महलको, १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएकामा प्रस्तुत मुद्दामा अ.बं. १८८ नं. को प्रयोग हुन सक्ने हो वा होइन त्यसतर्फ विचार गर्दा प्रतिवादीको उमेर पनि १८ वर्षको भै कलिलो केटो भएकामा विवाद छैन।

यिनको पूर्व आचरण हेर्दा कुनै कसुर अपराधमा संलग्न नदेखिएको साथै यी प्रतिवादीको मृतक नाबालकलाई मार्ने मनसाय (Mens-rea) पनि नभएको, प्रतिवादीले आफ्नै घरमा भाडामा बस्ने सामान्य जीवन निर्वाह गर्ने व्यक्तिहरूसँग कुनै पूर्व रिसइबी लिनुपर्ने कारण भएको नदेखिएको, घटना घटाउने पूर्वयोजना पनि नभएको, प्रतिवादीले मृतक नाबालकले सिक्का चोरेको कारणले सम्झाई बुझाई गाली गर्दा उल्टो प्रतिवादीसँग मृतक नाबालक मुख लागी चर्को बोलेको कारणले एक्कासी रिस थाम्न नसकी आवेशमा आएर निजलाई सामान्य सवक सिकाउने हेतुले एक झापड हान्दा बेहोस भएको कारणले मर्छ जस्तो लागी डराई अपराधबाट बच्न अभिषेक गुरूङलाई निजकै कोठाभित्र लगि निजकै सर्टको बाहुलाले बाँधि झ्यालको रेलिङ्गमा झुण्डाई कर्तव्य गरी मारेकामा कानूनबमोजिम सजाय गर्दा चर्को पर्ने हुँदा १२ (बाह्र) वर्ष कैद हुँदासमेत कानूनको उद्देश्य पुरा हुने देखिँदा प्रतिवादी किशोर के.सि.लाई १२ (बाह्र) वर्ष कैद हुने ।

इजलास अधिकृत : गजेन्द्रबहादुर सिंह

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल भदौ १७ गते रोज ५ शुभम् ।

## इजलास नं. ८

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-११७३, उत्प्रेषण / परमादेश, *गगन ठकुरीसमेत वि. काठमाडौं महानगरपालिका, बागदरबार सुन्धारा, काठमाडौंसमेत*

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४७ ले नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ, शुल्कको न्यूनतम तथा अधिकतम दर अनुसूची १९ मा उल्लेख गरी प्रकरण नं. १ देखि ४ सम्म प्रष्ट व्यवस्था गरेको कानूनी व्यवस्थाहरूले समेत गर्दा प्रत्यर्थी काठमाडौं महानगरपालिकाले पार्किङ शुल्क प्रयोजनको लागि आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र कुनै निश्चितक्षेत्र, उपक्षेत्रहरू तोकी कानूनबमोजिमको शुल्क उठाउन पाउने नै देखिने ।

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४७ ले नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ शुल्कको न्यूनतम् तथा अधिकतम दर अनुसूची-१९ मा उल्लेख भएबमोजिम हुने छ भनी व्यवस्था भएकामा अनुसूची १९ ले प्रकरण १ देखि ३ सम्म विभिन्न खालका चार पाङ्ग्रे सवारी साधनको प्रकार अनुसार दर रेट तोकेकोमा प्रकरण नं. ४ ले १, २ र ३ मा उल्लिखित सवारी साधनबाहेक अन्य सवारी साधनहरूको लागि नगरपालिकाले व्यवस्था गरेको क्षेत्रहरूमा पार्किङको समयको आधारमा बढीमा दश (१०) रूपैयाँसम्म पार्किङ शुल्क लगाउन सक्ने छ भन्ने प्रष्ट व्यवस्था भएकामा मिति २०६९।११।७ को सूचना नं. ३७/२०६९/०७० को सूचना र सोसँग सम्बन्धित प्रकाशित अन्य सूचनाहरू कानूनबमोजिम प्रकाशित भएको मान्न मिल्ने अवस्था नदेखिने ।

नेपालको अन्तरिम संविधानमा भएको स्थानीय निकायको व्यवस्थासम्बन्धी अवधारणा, स्थानीय स्वायत्त शासन ऐन, नियमावलीमा भएको प्रावधान, नागरिक अधिकार ऐन, उपभोक्ता संरक्षण ऐनलगायतका कानूनमा भएको व्यवस्थानुसार प्रत्यर्थी नगरपालिकाले आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र कानूनबमोजिमको उल्लिखित कर, दस्तुर, असुल्न पाउने व्यवस्थालाई यस अदालतले अन्यथा भन्न मिल्दैन । कानूनमा प्रष्ट उल्लिखित दर, रेट कायम गरेको कुराहरूलाई उल्लङ्घन हुने गरी प्रत्यर्थीले गरेको कुनै व्यवस्थालाई यस अदालतले न्यायिक निरोपणको विषयको रूपमा लिनुपर्ने हुँदा प्रत्यर्थी महानगरपालिकाले मिति २०६९।११।७ को सूचना नं. ३७/०६९/०७० को सूचना र सोसँग सम्बन्धित सम्पूर्ण बोलपत्रसम्बन्धी कार्य स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४७ को अनुसूची

१९ को प्रकरण नं. ४ विपरीत देखिएकाले उक्त कुरा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब प्रत्यर्थी महानगरपालिकाले आफ्नो प्रादेशिक क्षेत्रभित्र सवारी साधन पार्किङ शुल्क मिनाहा हुने मिति २०७०।८।४ को निर्णयलाई निरन्तरता दिनसक्ने आर्थिक सामर्थ्य छ भनेमाबाहेक अब उप्रान्त २ पाङ्ग्रे सवारी साधनको हकमा पुनः बोलपत्र आव्हान गर्नुपर्ने भएमा साबिककै पार्किङ समयको आधारमा स्थानिय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४७ को अनुसूचि १९ को प्रकरण नं. ४ मा उल्लिखित शुल्क मात्र पार्किङ शुल्क लिन पाउने गरी व्यवस्था गर्नु गराउनु भनि प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : गजेन्द्रबहादुर सिंह

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री गोपाल पराजुली,** ०७२-WO-०१४३, उत्प्रेषण / परमादेश, *राष्ट्रिय एकता मञ्चको अध्यक्ष काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१६ ढुङ्डेधारा, बाबुछिरी मार्ग बस्ने विजेन्द्रलाल जोशी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

राज्यको सिमाना विवादित हो, होइन ? राज्यको सिमाना मिचियो, मिचिएन ? मिचिएको भए सोको समाधान के, कसरी गर्ने भन्ने विषय राज्यको स्वभाविकरूपमा चासो र सरोकार रहेको महत्वपूर्ण विषयमा राज्यले कुटनितिक तवरबाट समेत सोको निराकरण गर्न सक्नेसमेत विषयवस्तु हो । यस्तो अन्तर्राष्ट्रिय सम्बन्ध र अन्तर्राष्ट्रिय कानूनको विषयसमेत सन्निहित हुन आउने विषयमा ऐतिहासिक तथ्यको अनुसन्धानसमेत गर्नुपर्ने तथा तथ्यका आधारमा निरूपण गरी यकिन गर्नुपर्ने जस्ता विषयलाई अहिले नै संविधानमा यहाँदेखि यहाँसम्म उत्तर, दक्षिण, पूर्व र पश्चिम तोकी सिमा निर्धारण हुनुपर्दछ भनि अपरिपक्क व्यहोराको निवेदन दिएको देखियो । निवेदकले दाबी लिएको प्रस्तावित संविधानको मस्यौदाको प्रावधान संविधान निर्माण प्रक्रियासँग सम्बन्धित राजनैतिक प्रकृतिको विषयवस्तु देखिन्छ । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(३) अनुसार यस अदालतमा दायर हुने रिट निवेदनमा संवैधानिक र कानूनी प्रश्न समावेश हुनुपर्ने स्पष्ट व्यवस्था छ तर प्रस्तुत निवेदनमा निवेदकले उठाएको संविधानमा के कस्ता प्रावधान संविधानमा राख्ने नराख्ने भन्ने विषय संविधान सभाले निरूपण गर्ने राजनैतिक प्रकृतिको समेत विवाद देखिएकाले त्यस्ता राजनैतिक प्रकृतिका विवादमा अदालतले हस्तक्षेप गरी निर्णय गर्न मिल्दैन । यसका अतिरिक्त रिट निवेदनमा उठाइएका विषयवस्तुमा नेपालको भूभाग भारतीय सेना समेतको कब्जामा भै उनीहरूको ब्यारेक रही रहेको भन्ने जस्ता शब्दहरू रीटमा परेको देखिएको र राष्ट्रको सीमा, अखण्डता र सुरक्षा जस्ता विषयमा विपक्षीहरूको स्वभाविक सरोकार, चासो र संवेदनशील कर्तव्यभित्र पर्ने देखिएकाले त्यसतर्फ सजग र सक्षम छन् भन्ने अपेक्षा यस अदालतले लिएको हुँदा मागबमोजिम रिट जारी हुन सक्ने अवस्थाको विधमानता नदेखिएकाले निवेदनको मागबमोजिम अहिले नै संविधानमा यो यस्तो व्यहोरा राख्नु भनि कुनै आदेश जारी गर्न अत्यावश्यक नदेखिएकाले निवेदकको निवेदन खारेज हुने ।

इति संवत् २०७२ साल भदौ १५ गते रोज ३ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-WO-०३७५, उत्प्रेषण, *नेपाल पर्वतारोहण संघका तर्फबाट अ.प्रा. रामसुधन उप्रेती वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

यसमा अन्तरिम आदेश जारी गर्ने माग भएको सन्दर्भमा छलफलको लागि मिति २०७२।८।२९ को तारेख तोकी दुवै पक्षलाई जानकारी दिनु र सो मितिसम्म नेपाल सरकारको मिति २०७२।६।२२ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१(१) को प्रतिबन्धात्मक खण्ड (१) बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल मङ्सिर २२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-WO-०३९५, उत्प्रेषण, *नेत्रबहादुर कटुवाल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा निवेदकलाई मिति २०७०।१२।१२ को निर्णयानुसार स्वास्थ्य सेवा समूह हे.ई. को सहायक पाँचौ तहबाट सोही सेवाको अधिकृत छैठौं पदमा स्तरवृद्धि गरिएको भन्ने निवेदनसाथ संलग्न स्वास्थ्य सेवा विभागको मिति २०७०।१२।१३ को पत्रबाट देखिएकामा विभागको मिति २०७२।७।२९ को पत्रबाट निवेदकको नाम फरक पारी सि.अ.हे.व. (पदनामा) पाँचौ उल्लेख गरी सरूवा गरेको देखिँदा प्रथम दृष्टिमा नै सो कार्य कारण अनुरूपको नभै निवेदकलाई अपुरणीय क्षति पुग्ने देखिँदा सुविधा र सन्तुलनको दृष्टिले प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म स्वास्थ्य सेवा विभागको मिति २०७२।७।२९ को पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल मङ्सिर २४ गते रोज ५ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**